सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ असोज २०८०, आइतबार (1 Oct 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

फर्किए प्रधानमन्त्री

पोखरा विमानस्थलमा उडान र नक्साबारे सकारात्मक छलफल भएको प्रधानमन्त्री प्रचण्डको भनाइ



चीन भ्रमण सकेर शनिबार स्वदेश फर्किएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा । तस्बिर : रासस

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो चीन भ्रमण द्विपक्षीय सम्बन्ध विस्तारमा केन्द्रित रहेको र पूर्ण रूपमा सफल भएको बताएका छन् । चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार स्वदेश फर्केका प्रधानमन्त्री प्रचण्डले चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग भएका छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको बताए ।

'चीन भ्रमण सफल भएको छ । भ्रमणले दुई देशबीचको आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु,' प्रधानमन्त्री प्रचण्डले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा भने, 'राष्ट्रपति सी जिनपिङसँग अत्यन्त हार्दिक र सौहार्दपूर्ण वातावरणमा भएको द्विपक्षीय वार्तामा दुवै देशमा विद्यमान अवसर र सम्भावनाको भरपुर सदुपयोग गर्दै आपसी सम्बन्ध थप दरिलो बनाउनबारे छलफल भएको छ ।'

प्रधानमन्त्री प्रचण्डले भेटवार्ताहरूमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सीधा हवाई उडान गर्ने विषयमा कुराकानी भएको बताएका छन् । राष्ट्रपति सी जिनपिङ र स्टेट काउन्सिलका प्रधानमन्त्री ली छियाङबीचको भेटमा यसबारे सकारात्मक छलफल भएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्डले सिचुआन प्रान्तका अधिकारीसँग पनि पोखरा विमानस्थलमा उडान भर्नेबारे छलफल गरेको जानकारी दिए । नेपाल-चीनबीच जनस्तरको सम्बन्ध प्रगाढ बनाउन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडान गर्ने र दुई देशको उड्डयन निकायहरूबीच सहकार्य गर्न प्रोत्साहन गर्ने विषयमा छलफल भएको

» पृष्ठ ११ मा क्रमशः

भान्सामा मूल्यवृद्धिको 'आगो'

चाडबाडका वेला नागरिकलाई सहुलियत दिनुपर्नेमा सरकारले खाना पकाउने ग्यासको मूल्य एक महिनामै ४५० रुपैयाँले बढाएर २,११० पुऱ्याएको छ, जब कि आयल निगमले स्वचालित प्रणाली लागू गरेयता तीन महिनामै एक अर्ब ८९ करोड नाफा उठाएको छ

अन्तर्राष्ट्रिय बजारभाउ देखाएर व्यापारीले जस्तो मूल्य बढाउनु ठीक होइन

● **ज्योति बानियाँ**, अध्यक्ष, उपभोक्ता हित संरक्षण मञ्च



खाना पकाउने एलपी ग्याससहित अन्य पेट्रोलियमको मूल्य निरन्तर वृद्धि हुनु ज्यादती नै भयो । यति चाँडो र यति ठूलो अन्तरले ग्यासको मूल्य त बढाउनुपर्ने नै थिएन । हामी नेपालीको मुख्य चाडपर्व भनेको दसैँ, तिहार र छठ हो । यस्तो वेलामा सरकार र मातहतका निकायले राहत प्याकेज ल्याउनुपर्नेमा उल्टै उपभोक्ता प्रतिकूल हुने गरी आयल निगमले नै मूल्य बढाउनु जायज होइन । ग्यासको मूल्य बढाउन व्यापारीले पनि लबिङ गरेका छन् । अन्तर्राष्ट्रिय बजार भाउलाई देखाएर व्यापारीले जस्तो मूल्य बढाउनु ठीक होइन । अन्तर्राष्ट्रिय बजारलाई देखाएर दसैँको मुखमा मूल्य बढाउने सरकार र व्यापारीबीच भेद नै छुट्याउन सकिएन । सरकार र व्यापारीले गर्ने कारोबारको प्रकृति उस्तै देखियो ।

स्वचालित प्रणालीका कारण मूल्य बढाउन बाध्य भयौं

● **उमेशप्रसाद थानी**, कार्यकारी निर्देशक, नेपाल आयल निगम लिमिटेड



अन्तर्राष्ट्रिय बजार भाउअनुसार नेपालमा मूल्य समायोजन गर्नुपर्छ भनेर उपभोक्ताको तीव्र दबाब थियो । त्यसैले आयल निगमले ३१ असारदेखि निरन्तर अन्तर्राष्ट्रिय भाउअनुसार मूल्य समायोजन गर्दै आएको छ । अहिले पनि मूल्य बढेर आएका कारण नेपाली बजारमा समायोजन गर्नुको विकल्प नभएको हो । स्वचालित मूल्य प्रणाली लागू गरेपछि सोहीअनुसार अगाडि बढ्न निगम पनि बाध्य छ ।

अजित अधिकारी/नयाँ पत्रिका

आर्थिक मन्दीसँगै महँगीले रन्थनिएका नागरिकलाई चाडका वेला सहुलियत प्याकेज ल्याउनुपर्ने सरकारले खाना पकाउने ग्यासको मूल्य एक महिनामै चार सय ५० रुपैयाँले बढाएको छ । नेपाल आयल निगमले १४ भदौमा प्रतिसिलिन्डर दुई सय ३५ रुपैयाँले वृद्धि गरेकोमा शनिबार पुनः दुई सय १५ बढाएर ग्यासको मूल्य महिनामै एक हजार ६ सय ६० बाट दुई हजार एक सय १० रुपैयाँ पुऱ्याएको हो ।

ग्याससँगै डिजेल, पेट्रोल र मट्टीतेलको मूल्य पनि बढेको छ । पेट्रोल प्रतिलिटर दुई रुपैयाँ तथा डिजेल र मट्टीतेल ६-६ रुपैयाँले बढेको छ । अघिल्लोपटक

» पृष्ठ ११ मा क्रमशः



डिजेल-मट्टीतेलमा ६ र पेट्रोलमा २ रुपैयाँ बढ्यो

ग्याससँगै डिजेल, पेट्रोल र मट्टीतेलको पनि बढेको छ । शनिबार पेट्रोल प्रतिलिटर दुई रुपैयाँ तथा डिजेल र मट्टीतेल ६-६ रुपैयाँले बढेको छ । अघिल्लोपटक २९ भदौमा पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँ तथा डिजेल र मट्टीतेलको तीन-तीन रुपैयाँले बढेको थियो । अब काठमाडौंमा पेट्रोल १८५ तथा डिजेल र मट्टीतेल समान १७९ रुपैयाँ प्रतिलिटर पुगेको छ । त्यस्तै, आन्तरिक हवाई इन्धन प्रतिलिटर ८ रुपैयाँले बढेर १४४ रुपैयाँ तथा बाह्य हवाई इन्धन प्रतिकिलोलिटर १.०९५ डलर पुगेको छ ।

■ आफ्ना नागरिकलाई राहत दिन भारतले एक महिनाअघि मात्रै सिलिन्डरमा घटाएको थियो २०० भारु

ग्यासको मूल्यवृद्धिले नेपालका उपभोक्ता मारमा पर्दा छिमेकी भारतमा प्रतिसिलिन्डर दुई सय भारु अर्थात् तीन सय २० नेपाली रुपैयाँले घटेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको केन्द्रीय सरकारको मन्त्रिपरिषद् बैठकले १२ भदौबाट लागू हुने गरी घरायसी प्रयोजनको १४.२ केजीको सिलिन्डरको मूल्य दुई सय भारुले घटाएको हो । राजधानी दिल्लीमा ग्यासको मूल्य प्रतिसिलिन्डर नौ सय तीन भारु अर्थात् एक हजार चार सय ४४ नेपाली रुपैयाँ छ ।

इंडियनऑयल

भारतीय सरकारको यो निर्णयले भारतका ३३ करोडभन्दा बढी ग्यास प्रयोगकर्ताले लाभ लिएका छन् । गरिब जनताका लागि २०१६ देखि सञ्चालित 'उजाला योजना'अन्तर्गतका उपभोक्तालाई त अझ प्रतिसिलिन्डर चार सय भारु सस्तो छ ।

उपभोक्तालाई खाना पकाउने ग्यासमा राहत दिने गरी मूल्य घटाउँदा केन्द्र सरकारले ७६ अर्ब भारु नोक्सान खेपेको छ । भारतका तेल कम्पनीहरूले व्यावसायिक प्रयोजनका लागि खपत हुँदै आएको १९ केजी तौलको ग्यासमा समेत प्रतिसिलिन्डर १७५.५ भारु मूल्य घटाएका छन् । उनीहरूले १ सेप्टेम्बरबाट लागू गर्दै मूल्य घटाएपछि दिल्लीमा व्यावसायिक प्रयोजनको ग्यास सिलिन्डर १५ सय २२ रुपैयाँ ५० पैसा भारु कायम भएको छ ।

भारतमा जनतालाई महँगीबाट राहत दिन सरकारले ग्यासको मूल्य कटौतीको घोषणा गर्दा नेपालमा भने महँगीको मार थोपरिएको छ । सरकारकै स्वामित्वको आयल निगमले ग्यासको मूल्य एक महिनामै चार सय ५० रुपैयाँ प्रतिसिलिन्डर बढाएर चाडबाडको मुखमा आर्थिक भार थपिदिएको छ । सरकार नागरिकप्रति अभिभावकत्व निर्वाह गर्दै राहत दिनबाट चुकेको छ ।

रास्वपाको कोशीमा मध्यावधि केन्द्रित रणनीति



राजनीतिक दस्ताबेज निर्माणका लागि जनआवाज सुन्ने कार्यक्रमको प्रथम चरणमा कोशी प्राथमिकतामा

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



■ सरकार र चिकित्सकबीच ६ बुँदे सहमति

कुटपिट गर्नेलाई कम्तीमा तीन वर्ष जेल सजायको व्यवस्था गर्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका



चिकित्सकहरूको आन्दोलन फिर्ता भएको छ । शनिबार सहमति भएपछि आन्दोलनका कार्यक्रम फिर्ता लिएका हुन् । शनिबार उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा सरकार र चिकित्सकबीच ६ बुँदे सहमति भएपछि आन्दोलनका कार्यक्रम फिर्ता भएका हुन् ।

सुरक्षित कार्यस्थल तथा कुटपिटमा संलग्नलाई कारबाहीको माग राख्दै चिकित्सकहरू दुई सातादेखि सडकमा उत्रिएका थिए । उनीहरूका माग सम्बोधनका लागि 'स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति' गठन गरेर दबाबमूलक कार्यक्रम गरिएको थियो ।

छलफलमा गृहमन्त्री श्रेष्ठ, संघर्ष समितिका तर्फबाट शेषराज घिमिरे, स्वास्थ्य मन्त्रालयका निमित्त सचिव डा. दीपेन्द्ररमण सिंहलगायतको उपस्थिति थियो । चिकित्सकहरूले राखेका माग एक-एक सम्बोधन हुने भएपछि मात्रै सहमति जुटेको निमित्त सचिव सिंहले जानकारी दिए । उनका अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा आक्रमण तथा कुटपिट गर्नेलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, ०६६ पहिलो संशोधन ०७९ बमोजिम कारबाही चलाउने सहमति भएको छ । यसबाहेक

» पृष्ठ ११ मा क्रमशः

हम्सेदुम्से सहकारीले दूधको ४७ लाख नदिँदा मारमा गाईपालक किसान

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- ३ ओमशान्ति टोलका चेतन विष्टले तीन वर्षअघि ६० लाख लगानी गरेर गाई फार्म खोले । साउदी अरबबाट घर फर्किएर चेतनले बैंकबाट ऋण लिएर गाईपालन सुरु गरेका थिए ।

दमक- ३ मै रहेको हम्सेदुम्से दुग्ध उत्पादन तथा संकलन सहकारीले दूध किनिदिने भएपछि हौसिएर गाईपालन गरेका उनी अहिले भने थाकेका छन् । तर, उनी गाईपालन छाडेर फेरि बिदेसिने योजनामा पुगेका छन् । 'गाई पाल्यो, दूधको पैसा नै उठ्दैन,' विष्टले भने, 'हम्सेदुम्से सहकारीले जेठदेखि पैसा नै दिन छाड्यो, दूधको आठ लाख लिन बाँकी छ ।' १६ वटा गाई पालेका विष्ट हम्सेदुम्से सहकारीलाई दैनिक दुई सय लिटरसम्म दूध दिँदै आएका थिएँ । 'पैसा नभएपछि गाईलाई चापट, पराल र दाना खुवाउन

» पृष्ठ ११ मा क्रमशः



दमक- ३ मा रहेको हम्सेदुम्से दुग्ध उत्पादन तथा संकलन सहकारी संस्थाको दूध संकलन केन्द्र

■ हम्सेदुम्से सहकारीले दूधको पैसा किन तिरेन ?

हम्सेदुम्सेले सहकारीका सदस्य कृषकबाट संकलन गरेको दूध गत जेठसम्म निजी संस्थालाई दिँदै आएको थियो । तर, निजी संस्थाले दूध लिन छाडेपछि अहिले दुग्ध विकास संस्थानलाई दिन थालेको छ । विगतमा किसानबाट दैनिक १८ सय लिटर दूध संकलन हुँदै आएकामा अहिले दैनिक सात-आठ सय लिटर मात्र दूध संकलन भइरहेको सहकारीका अध्यक्ष गेहनाथ पोखरेलले बताए । दुग्ध विकास संस्थाले पैसा नियमित नदिएपछि किसानलाई भुक्तानी गर्न नसकिएको उनको दाबी छ । 'संस्थानले अहिलेसम्म १८ लाख पैसा दिएको छ । करिब ५० लाख उठेको छैन,' उनले भने, 'हामीले किसानको पनि ४६-४७ लाख बक्यौता भुक्तानी गर्न बाँकी छ । वैकल्पिक व्यवस्था गर्ने निर्णय गरेका छौं । केही दिनदेखि वित्तीय संस्थाबाट ऋण तथा सापटी मागेर किसानको भुक्तानी गर्छौं ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

KING KOIL® PREMIUM GLOBAL MATTRESS BRAND Presents
FURNEX NEPAL
A MEGA EVENT SINCE 2012
FURNITURE & FURNISHING EXPO 2023
IN ASSOCIATION WITH Prestige CARPET
Official Partner : VOBON® WORLD CLASS OFFICE & FIBER CHAIR
Welcome To The FURNITURE & FURNISHING EXPO 2023
More Than 100
Model & Colors of Office & Premium Fiber Chairs
- Premium Office Chairs - Workstation Chairs - Visitor Chairs - Fiber Chairs & Table
- Lounge Chairs - 3 Seater Airport Sofa - Educational Chairs - Conference Room Chairs - Bar Chairs - Baby Chairs - Recliner Sofa
Marketed By Kedia Organisation
Stall No. H - 46, H - 47
ASOJ 10th - 14th | SEP 27th - OCT 1st, 2023, Bhrikutimandap, Kathmandu

भेइकल वासिङ सेन्टर चर्चा चल्यो, सञ्चालन भएन

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौंका सहरमा पानी पर्दा हिलो र धाम लाग्दा धुलोको असर देखिन्छ। महानगरपालिकाले धुलो उडाउन करिब एक दर्जन ब्रुमर सञ्चालन गरे पनि हिलो र धुलोको असर कम भएको छैन।

मुख्य सडकहरू कालोपत्रे तथा ढलान हुनुको बाबजुद महानगर प्रवेश गर्ने सवारीसाधनको टायरमा हिलो तथा धुलो टाँसिएर आउँदा सडक हिलाम्य र धुलाम्य हुने गरेको निष्कर्ष महानगर र ट्राफिक प्रहरीको छ। यसलाई कम गर्न ६ वर्षपहिले महानगरले 'भेइकल वासिङ सेन्टर'को योजना नै अघि बढाएको थियो।

त्यतिवेला यसले खुबै चर्चा पायो। तत्कालीन समयका नवनिर्वाचित मेयर विद्यासुन्दर शाक्यले ०७४/७५ को नीति तथा कार्यक्रममा उक्त योजनालाई नै समेटे। उपत्यका भित्रिने सवारीसाधनले हिलो र धुलो त्याउँदा महानगर नै प्रदूषित भएको भन्दै महानगरपालिकाले यो योजना अघि सारेको थियो। जडीबुटी, बल्खु, थानकोट र माछापोखरी क्षेत्रमा 'भेइकल वासिङ' राख्न दुई करोड बजेट नै विनियोजन गरेको थियो। तर, बढी चर्चा कमाए पनि यो योजना महानगरकै कारण अघि बढ्न सकेन। वार्षिक कार्यक्रममै समेटेर बजेट विनियोजन गरे पनि छिमेकी नगरपालिकाको दोष देखाउँदै महानगरले चारवटा नाकामा वासिङ सेन्टर खोलेन। 'त्यति वेला हामीले भेइकल वासिङ सेन्टरलाई निकै प्राथमिकतामा राखेका हौं, तर जहाँ-जहाँ वासिङ मेसिन राख्ने भनिएको हो, त्यो ठाउँ महानगरभित्र परेन,' काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले भने, 'वार्षिक कार्यक्रममै समेटिए पनि त्यसले पूर्णता पाउन सकेन।' उनका अनुसार त्यतिबेला कलंकीमा राख्न खोज्दा त्यो क्षेत्र चन्द्रागिरि नगरपालिकाभित्र परेकाले कठिन भयो। त्यस्तै, जडीबुटी क्षेत्र मध्यपुरथिमि नगरपालिका, बल्खु क्षेत्र कीर्तिपुर नगरपालिका र माछापोखरी क्षेत्र ककनी गाउँपालिका क्षेत्रमा परेकाले उनीहरूसँग समन्वय गर्न कठिन भएको थियो। जहाँबाट महानरपालिका सुरु हुन्छ, ती स्थानमा राख्दा सडक साँघुरो हुने र प्रभावकारी नहुने भएकाले भेइकल वासिङ सेन्टर योजना असफल भएको प्रवक्ता मानन्धरले स्विकारे। 'त्यतिवेला हामीले थानकोट, माछापोखरी, बल्खु र जडीबुटी क्षेत्रमा यो मेसिन राख्न खोजेका हौं, तर त्यस क्षेत्रका नगरपालिकासँग समन्वय हुन सकेन,' प्रवक्ता मानन्धरले थपे, 'बाइरोडको धुलो र हिलो महानगरमा प्रवेश गर्न नदिने योजना असफल हुनुको मुख्य कारण यही हो।' उनले त्यसपछिका वर्षहरूमा महानगरले यो योजनालाई नीति तथा कार्यक्रम र बजेटमा नसमेटेको बताए।

छिमेकी स्थानीय तहले समन्वय गर्न नमानेपछि योजना अलपत्र पऱ्यो



■ **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगरपालिका

त्यतिवला वार्षिक नीति तथा कार्यक्रममै हामीले महानगरपालिका प्रवेश गर्ने नाकाहरूमा भेइकल वासिङ सेन्टर राख्ने योजना समेटेका थियौं। तर, सफल हुन सकेन। आसपासका स्थानीय तहले समन्वय गर्न नमानेपछि योजना अलपत्र परेको हो। चार नाकाबाट सवारीसाधन धोएर सहर छिर्न सक्ने हिसाबले त्यो योजना ल्याएका थियौं। बाइरोडको माटो महानगरभित्र आउन नदिने मुख्य लक्ष्य थियो। तर, पूरा हुन सकेन।

गाडी धुने सेन्टरहरू भएको भए उपत्यकामा धुलोधुवाँ कम हुने थियो



■ **राजेन्द्रप्रसाद भट्ट**, प्रवक्ता, उपत्यका ट्राफिक प्रहरी कार्यालय

त्यतिवेला यो मेसिन राख्नेबारे खुबै चर्चा चलेको थियो। तर, सफल हुन सकेन। यसरी गाडी धुने सेन्टरहरू भएको भए उपत्यकामा धुलोधुवाँ कम हुने थियो। ट्राफिक प्रहरी आफैंले यस्तो मेसिन खरिद गर्न सक्दैन। हामीले समन्वय मात्रै गर्न सक्छौं।

त्यतिवेला उपत्यका ट्राफिक प्रहरी कार्यालयसँग महानगरले समन्वय गरेर भेइकल वासिङ सेन्टर राख्ने योजना बनाएको थियो। तर, महानगरपालिकाले नै योजनालाई अघि नबढाएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी राजेन्द्रप्रसाद भट्टले बताए। 'त्यतिवेला यो मेसिन राख्नेबारे खुबै चर्चा चलेको थियो, तर सफल हुन सकेन,' उनले भने, 'यसरी गाडी धुने सेन्टरहरू भएको भए उपत्यकामा धुलोधुवाँ र प्रदूषण पनि कम हुने थियो।' उनले ट्राफिक प्रहरी आफैंले यस्तो मेसिन खरिद गर्न नसक्ने बताए।

त्यतिवेला राख्ने योजना बनाइएको मेसिनले एकै पटक १० देखि १५ वटासम्म गाडी धुन सक्ने अनुमान गरिएको थियो। महानगरले सो मेसिन भारतबाट खरिद गर्ने योजना बनाएको थियो। तर, राख्ने ठाउँ नै नभएको र आसपासका नगरपालिकालाई दोष देखाउँदै महानगर यो योजनाबाट पछि हटेको थियो।

मुटुबारे जनचेतना जगाउन मध्यपुर थिमिमा सम्पदा पदयात्रा

भक्तपुर/ 'मुटुको प्रयोग गर्नुहोस्, मुटुका बारेमा थाहा पाउनुहोस्' भन्ने नाराका साथ मध्यपुर थिमिमा शनिबार तीन घन्टा लामो सम्पदा पदयात्रा (हेरिटेज वाक-२०२३) आयोजना गरिएको छ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री पुकार महर्जनले थिमि शंखधर चोकमा रहेको शंखधर साख्वाको सालिकमा माल्यार्पण गर्दै हेरिटेज वाकको उद्घाटन गरे। उनले आर्थतन्त्रको मेरुदण्ड बलियो बनाउने आधार पर्यटन भएकाले यहाँका ऐतिहासिक एवं पुरातात्त्विक सम्पदा अवलोकनका लागि पर्यटकको संख्या बढाउने वातावरण बनाउनुपर्ने बताए।

लायन्स क्लब अफ भक्तपुर बालकोट, लायन्स क्लब अफ भक्तपुर मेरिगोल्ड, लायन्स क्लब अफ भक्तपुर चाँगुनारायण, लायन्स क्लब अफ भक्तपुर प्रिन्सिपल र लायन्स क्लब अफ भक्तपुर नीलकण्ठेश्वरले संयुक्त रूपमा मानव मुटु बचाउने सन्देश प्रवाह गर्ने मुख्य उद्देश्यसहित सम्पदा पदयात्रा आयोजना गरेको लायन्स इन्टरनेसनल डिस्ट्रक ३२५ एच एमडी ३२५ चिफ चार्टर प्रिसिडेन्ट एमजेएफको संयोजक एवं कार्यक्रम संयोजक उद्धव सिलवालले बताए।

सम्पदा पदयात्रा शंखधर चोकबाट सुरु भई बालकुमारी मन्दिर, दुई पोखरी, भुलाँखेल, पाटी बिहार, सिद्धिकाली मन्दिर, सिद्धिगणेश मन्दिर, नगदेश, बुद्धबिहार नगदेश, नीलकण्ठेश्वर, टिगनी, नीलवाराही, बोडे, कमलपोखरी हुँदै बोडेको कुमारी मन्दिरपरिसरमा पुगेर विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी सम्पन्न भएको थियो। कार्यक्रम आयोजक समितिको प्रकाशन तथा प्रचारप्रसार उपसमितिका संयोजक तीर्थराज भट्टले पदयात्राका क्रममा सम्पदा अवलोकनसँगै सम्बन्धित सम्पदाविद्बाट यात्रामा सहभागीलाई प्रत्येक सम्पदास्थलमै सम्पदाको महत्त्वबारे जानकारी गराएको बताए। कार्यक्रममा सांस्कृतिक झाँकी, नृत्य प्रस्तुत गरिएको र मुटु रोगबाट बच्ने एवं बचाउनेबारे जनचेतना प्रवाह गरिएको थियो। लायन्स क्लबका डिस्ट्रिक्ट गभर्नर लायन शम्भु थापाले १५ जिल्लामा ४८ हजार लायन्सका सदस्य रहेको र नेपालका लायनहरूकै सहयोगबाट संकलित रकम समाजसेवामा खर्च भइरहेको बताए।

समाजमा मुटु रोगी बढेको र किशोर तथा युवा वर्गमा पनि हृदयाघातका बिरामी अत्यधिक बढेकाले मुटु रोगबारे सचेतना दिन र ओझेलमा रहेको मध्यपुरथिमिको सम्पदालाई विश्वमाझ उजागर गर्न सम्पदा पदयात्रा गरिएको संयोजक सिलवालले बताए। पदयात्रामा मन्त्री महर्जनसँगै बागमती प्रदेश सभा सदस्यद्वय शकुन्तला श्रेष्ठ, धनेश्वरी श्रेष्ठ, प्रदेश सभाका पूर्वराज्यमन्त्री रजनी जोन्छे, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, पूर्वप्रमुख मदनकृष्ण श्रेष्ठलगायतका जनप्रतिनिधि, मेरिगोल्ड स्कुल, चाणक्य कलेजका विद्यार्थी, लायन्स क्लबका पदाधिकारी एवं लायनहरूको सहभागिता थियो।

प्रमिला गिरीको एकल चित्रकला प्रदर्शनी सुरु

काठमाडौं/ कलाकार प्रमिला गिरीको एकल चित्रकला प्रदर्शनी सुरु भएको छ। बबरमहलस्थित नेपाल कला परिषद्मा सुरु भएको चित्रकला प्रदर्शनीमा विशेषतः संस्कृति, सम्पदा र प्रकृतिको मानवीय मूल्य दर्साइएको छ। कलाकार गिरीको चित्रकलाले तत्कालीन र वर्तमान कलाको अवस्थालाई उजागर गरेको छ।

चित्रकला प्रदर्शनीको उद्घाटन गर्दै नेपाल कला परिषद्का अध्यक्ष सागरशमशेर जबराले कलाकार गिरीको मूर्त-अमूर्त कला र संस्कृतिका जीवन्त भाव दर्साउने चित्रकलाले सामाजिक चेतना र तत्कालीन परिवेशलाई चित्रित गरेको बताए। उनले नेपाली कला, संस्कृति र सम्पदाको संरक्षण प्रवर्द्धनमा सरकार, राजनीतिक दल एवं सामाजिक क्षेत्रको पनि उत्तिकै दायित्व भएको उल्लेख गरे।

विगत पाँच दशकभन्दा लामो समयदेखि चित्रकला र मूर्तिकलाको सिर्जनामा सक्रिय गिरीले कला-संस्कृति नभई देश समृद्ध नहुने बताइन्। संसारका विभिन्न भूभागमा फुर्दाको अनुभव र अनुभूतिलाई चित्रकलाका माध्यमबाट उतारेको उने बताइन्। चित्रकलामार्फत समाजमा स्थायी शान्ति कायम गर्न र अध्यात्मभाव दर्साउन खोजिएको गिरीले बताइन्। आगामी कात्तिक ४ गतेसम्म चल्ने प्रदर्शनीमा ७० भन्दा बढी चित्रकला छन्।

Lumbini Province Government
Ministry of Water Supply, Rural and Urban Development
Urban Development & Building Office,
Nepalgunj, Banke

Invitation for Bids

IFB No.UDBO/BANKE/WORK/080-081

Date of publication: 2080/06/14

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

S. N.	Contract Identification No.	Brief description of the Works	T.Estimated Amount (with Vat & Contg.)	Bid document price (NRs.)	Bid Security Amount (NRs.)
1	UDBO/BANKE/NCB/WORK/ PCCROAD.ANIL/080-081/01	Construction of PCC Road at Nepalgunj-10 Dr.Anil House To Kanahiya Tandan house, Banke	2999284.04	3000	75000
2.	UDBO/BANKE/ NCB/WORK/DRAIN. NAHARCHOWK/080-081/02	Construction of R.C.C. Drain and Upgradation of Road at Janaki-4 Nahar Chowk to West and South, Banke	2999961.88	3000	75000
3.	UDBO/BANKE/NCB/WORK/ PULCHOWK.DRAIN/080-081/03	Construction of R.C.C. Drain at Kahjura-2 Pulchok North-South, Banke	2999851.54	3000	75000
4.	UDBO/BANKE/ NCB/WORK/DRAIN. KRISHNANAGAR/080-081/04	Construction of R.C.C. Drain at Kohalpur-2, Krishna Ma.Vi. From Upper Krishnanagar Mahesh Acharya's house to Bardahawa road. Banke	4999563.35	3000	125000
5.	UDBO/BANKE/NCB/WORK/ DARIN.LOKNAGAR/080-081/05	Construction of R.C.C. Drain at Kohalpur-11 Loknagar, Banke	2499900.33	3000	63000
6.	UDBO/BANKE/NCB/WORK/ DRAIN.LAHURE/080-081/06	Construction of R.C.C Drain and Pcc Road at Kohalpur-11 Lahure Tol, Banke	2999928.13	3000	75000
7.	UDBO/BANKE/ NCB/WORK/ROAD. NARAINAPUR/080-081/07	Construction of Premix Road at Narainapur-4, Banke	8999391.77	3000	250000
8.	UDBO/BANKE/ NCB/WORK/DRAIN. GANDHARVA/080-081/08	Construction of Brick Masonry Drain at Badhaiyatal-4 Gandharva basti, Bardiya	2999533.79	3000	75000
9.	UDBO/BANKE/NCB/WORK/ ROAD.BAKOTIYA/080-081/09	Construction of Premix Widening Works at Badhaiyatal-7 Bakotiya, Bardiya	3999778.64	3000	100000
10	UDBO/BANKE/NCB/WORK/ DRAIN.KAKAURA/080-081/10	Construction of R.C.C. Drain at Bansgadhi-8 Kakaura Lakshmana, Bardiya	4999584.65	3000	125000
11	UDBO/BANKE/NCB/ WORK/RCCDRAIN. ASHPHALT/080-081/11	Construction of Rcc Drain and Asphalt Widening Works at Madhuwan-6, Bardiya	9998822.29	3000	250000
12.	UDBO/BANKE/NCB/ WORK/ASHPHALT. KUSUMBA/080-081/12	Construction of Asphalt Widening Works at Madhuwan-8 Kusumba Bazar, Bardiya	9998738.32	3000	250000
13.	UDBO/BANKE/NCB/ WORK/ASHPHALT. BOXCULVERT/080-081/13	Construction of Box Culvert and Asphalt Widening Works at Madhuwan-9, Bardiya	9998884.46	3000	250000
14.	UDBO/BANKE/NCB/WORK/ DRAIN.RAJAPUR/080-081/14	Construction of R.C.C. Drain at Rajapur Tharu gaun, Bardiya	9999575.44	3000	250000
15.	UDBO/BANKE/SQ/WORK/ DRAIN.BAGIYA/080-081/01	Construction of R.C.C. Drain at Kohalpur-11 Bagiya school to duduwa khola, Banke	1499829.40	1000	38000

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp*on or before 12:00 Noon on **2080/07/14**. For more detail information download the Bidding Document.

Acting Office Chief

Lisankhu Pakhar Rural Municipality
Office of Rural Municipal Executive
Attarpur, Sindhupalchok
Bagamati Province, Nepal

Invitation for Electronic Bid

First Date of Publication: 2080/06/14 (1st Oct 2023)

1. ***Lisankhu Pakhar Rural Municipality*** invites bids from Nepalese eligible bidders for the **Construction of the works in the table below,** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality,Attarpur, Sindhupalchok, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at **Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchok**, at **13:00 HRs on 2080/07/02 (19th Oct 2023).**
4. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e., 2080/10/16 (30th Jan 2024)).**

S. No.	Contract Identification No.	Description of work	Bid Security Amount (NRs)	Last date & Time of Submission	Last date & Time of Opening	Estimated Amount with vat & PS (NRs)
1.	LPRM/W/WS/ NCB/080/81-08	Construction and upgrading of 18 Kilo Gravity Water Supply scheme (Source to RVT), Lisankhu Pakhar RM-05	3,02,000 (In words: Three Lakh and Two Thousand Rupees only)	2080/07/16 (2nd Nov 2023) 12:00 HRs	2080/07/16 (2nd Nov 2023) 14:00 HRs	1,20,48,662.29 (In words: One Crore Twenty Lakh Forty-Eight Thousand Six Hundred Sixty-Two Rupees and Twenty-Nine Paisa Only)

Chief Administrative Officer

शनिबार उपत्यकामा

ज्याठा : काठमाडौं मनपा-२७, ज्याठा चोकबाट स्रोत नखुलेको १० लाख रुपैयाँसहित भारत मोतीहारीका ललितपुर सानेपा बस्ने ४० वर्षीय रूपेश गुप्तालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ। बा.९१प ९९५८ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा उक्त रकम प्रहरीले बरामद गरेको हो। गुप्ताले स्कुटर चलाइरहेका थिए। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

माछापोखरी : काठमाडौं- १६ माछापोखरीस्थित माधव घिमिरेको होलिगार्डेन स्कुलपरिसरभित्र रहेको एकतले युपिभिसी ट्रस्टमा शुक्रबार राति आगलागी हुँदा ट्रस्टभित्रको स्टोर रुममा रहेका विभिन्न खेलकुदका सामान जलेर करिब २५ लाख रुपैयाँबराबरको धनमाल नष्ट भएको छ।

रास्वपा कोशीमा केन्द्रित : मध्यावधि निर्वाचनलक्षित रणनीति

पार्टीको राजनीतिक दस्ताबेज निर्माणका लागि जनआवाज सुन्ने कार्यक्रमको प्रथम चरणमा कोशी प्राथमिकतामा, छनोट भएका १९ जिल्लामध्ये पाँचवटा कोशीका



■ मुकुल ढकाल
महामन्त्री, रास्वपा

हामी यसअघि प्रदेश निर्वाचनमा सहभागी नभएका दल हौं । खर्चिलो प्रदेश संरचनाप्रति हाम्रो असहमति हो । निर्वाचन भएको अवस्थामा के गर्ने र कसरी जाने भन्ने विषयमा जनताका सुझाव लिन पनि कोशीमा अभियान बढाएका हौं ।

अनिल यादव/नयाँ पत्रिका

प्रदेश सभाको जटिल अंकगणितका कारण सम्भावित मध्यावधि चुनाव मध्यनजर गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी कोशीमा केन्द्रित भएको छ । पछिल्लो दुई महिनामा रास्वपाले कोशीमा आमसभा, संगठन विस्तार, जनस्तरमा भेटघाट र सुझाव लिने काम सकाएको छ ।

गत मंसिरको निर्वाचनमा प्रदेशतर्फ उम्मेदवारी नदिएको रावस्पा यदि कोशीमा मध्यावधिको अवस्था आए चुनाव लड्छ वा लड्दैन भन्ने अनिश्चितता कायमै छ । यही अनिश्चिताका बीच उसले जनमत बुझ्ने र निर्वाचन लड्न सक्ने सम्भावनालाई नजर राख्दै संगठन निर्माणमा पार्टी गतिविधि केन्द्रित गरेको छ ।

पार्टीको राजनीतिक दस्ताबेज निर्माणका लागि उसले पछिल्लोपटक गरेको जनआवाज सुन्ने कार्यक्रमको प्रथम चरणमा पनि कोशी प्रदेशलाई जोड दिएको छ । प्रथम चरणमा तोकिएका देशभरका १९ जिल्लामध्ये पाँचवटा कोशीका थिए । ३ देखि ७ असोजसम्म प्रथम चरणमा भएको कार्यक्रममा रास्वपा सांसदहरू गणेश पराजुली ओखलढुंगा, हरि ढकाल सोलुखुम्बु र नेताहरू विपिनकुमार आचार्य संखुवासभा, क्रान्तिशिखा धिताल खोटाङ र शंकर श्रेष्ठ इलाम पुगेका थिए ।

रास्वपा महामन्त्री एवं प्रवक्ता मुकुल ढकाल सम्भावित मध्यावधि चुनाव ख्याल गर्दै आफूहरूले कोशीमा विशेष अभियान चलाएको बताउँछन् । कोशीमा मध्यावधि हुने सम्भावना बढेको निष्कर्षसहित रास्वपाले जनतामाझ चहलपहल बढाएको नेताहरूको भनाइ छ ।

जनस्तरबाटै यदि मध्यावधि भए निर्वाचनमा सहभागी हुने/नहुने टुंगो लगाउन गतिविधि बढाइएको महामन्त्री ढकाल बताउँछन् । 'हामी यसअघि प्रदेश निर्वाचनमा सहभागी नभएका दल हौं । खर्चिलो प्रदेश संरचनाप्रति हाम्रो असहमति हो । निर्वाचन भएको अवस्थामा के गर्ने र कसरी जाने भन्ने विषयमा जनताका सुझाव लिन पनि कोशीमा अभियान बढाएका हौं,' उनले भने ।

महामन्त्री ढकालले यस्तै सुझाव लिने उद्देश्यले जनआवाज सुन्ने कार्यक्रममा कोशीका पाँच जिल्ला राखिएको बताए । 'झापा, मोरङ, सुनसरीलगायत जिल्लामा भने यसअघि नै आमसभा र छलफल भइरहेका कारण राखेनौं ।' उनले कोहीमा सभापति रवि लामिछानेसहित सांसद र केन्द्रीय सदस्यको टिम दौडिरहेको सुनाए । पछिल्लो डेढ-दुई महिनायता त्यहाँको संसदीय अंकगणित, प्रदेश नामाकरण र पहिचानको मुद्दाका कारण कोशीमा विशेष नजर राखिएको उनको भनाइ छ ।

रास्वपाले कोशीमा चुनावकेन्द्रित अभियान साउनबाटै सुरु गरेको देखिन्छ । ५ साउनमा सभापति लामिछाने, महामन्त्री ढकाल, सांसदहरू स्वर्णिम वाग्ले र अशोक चौधरीको टोली विराटनगरमा त्यहाँको उद्योगी संघ र व्यापारी संघले आयोजना गरेको छुट्टाछुट्टै छलफलमा सहभागी भएका थिए । लगत्तै, त्यही दिन बेलबारीमा आमसभा गरेको थियो । त्यसको भोलिपल्ट सोही टोली सुनसरीको इटहरीमा भेला गर्न पुगेको थियो । यही समयमा दुवै जिल्लामा पार्टीको कार्यकर्ता प्रशिक्षणसमेत आयोजना गरिएको थियो ।

त्यसपछि ३२ साउनमा सभापति लामिछानेको संयोजकत्वमा महामन्त्री ढकाल, सांसदहरू निशा डाँगी, रमेश प्रसाई, मनीष झा र सन्तोष परियार सम्मिलित टोली जनसभाका लागि इलाम पुगेको थियो । फिक्कलमा आमसभा सकेर झापा झरेको टोलीले झापाका पाँचवटै निर्वाचन क्षेत्रमा आमसभा र जनस्तरमा भेटघाट गरेको थियो ।

१ र २ भाद्रमा एमाले अध्यक्ष केपी ओली गृह जिल्ला



ओखलढुंगामा जनगुनासो सुन्दै रास्वपाका नेता ।

झापामा समय दिएको टोलीले झापा १ नम्बर निर्वाचन क्षेत्रको मेचीनगर, २ नम्बरको बिर्तामोड, ३ नम्बरको कचनकवल र गोलधाप, ४ नम्बरको झापा नगरपालिका र शिवसताक्षी र ५ नम्बरको दमक र गौरादहमा आमसभा गरेको थियो । त्यस्तै, २० र २१ भदौमा लामिछानेसहित तोसिमा कार्की, डिपी अर्याल, रमेश प्रसाईको टोलीले ताप्लेजुङको फुङलिङमा पुगेर आमसभा गरेका थिए ।

सोही क्रममा लामिछानेसहितको टोलीले पाथीभरा मन्दिर दर्शन गर्दै स्थानीयसँग संवाद गर्न भ्याएका थिए । 'हामी कोशीका जनतासँग प्रदेश सरकारबारे बुझिरहेका छौं,' महामन्त्री ढकालले भने, 'हामी प्रदेश निर्वाचनमा जाँदा ठीक कि बेठीक, सुझाव लिइरहेका छौं । त्यहाँको पहिचानको मुद्दा र प्रदेश नामाकरणलाई लिएर भएको विवादमा जनताको मत बुझिरहेका छौं ।'

सर्वोच्च अदालतको परमादेशबाट प्रदेश सभामा ठूलो दल एमालेका प्रदेश संसदीय दलका नेता हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भएका छन् । तर, अहिलेसम्म उनले विश्वासको मत पाउने अंकगणित बनिसकेको छैन । धारा १६८ (३) अनुसार प्रदेश सभामा सबैभन्दा ठूलो दलका नेताका रूपमा २२ भदौमा मुख्यमन्त्री नियुक्त कार्कीले २२ असोजभित्र विश्वासको मत लिनुपर्छ ।

९३ सदस्यीय कोशी प्रदेश सभामा विश्वासको मतका लागि ४७ सांसद आवश्यक पर्छन्, तर एमालेसँग ४० सांसद मात्रै छन् । उता सत्तारूढ दलमा कांग्रेसका २ ९, नेकपा (माओवादी केन्द्र)का १३, नेकपा (एकीकृत समाजवादी) का चार र जनता समाजवादी पार्टी (जसपा) का एक सांसद छन् । आफूलाई तटस्थ बताउँदै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग ६ सांसद छन् ।

१६८ (३) अनुसारको सरकारले विश्वासको मत हासिल गर्न नसके प्रदेश प्रमुखले संविधानको धारा १६८ (५) अनुसार नयाँ सरकार गठनका आह्वान गर्न सक्छन् । यसअनुसार प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भए प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

त्यसरी नियुक्त भएका मुख्यमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत पाएनन् भने संविधानको धारा १६८ (७) अनुसार मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्न पाउनेछन् ।

अदालतको आदेशअनुसार बन्ने कार्की नेतृत्वको सरकार विस्थापित गर्न सक्ने अंकगणित हालको सत्तापक्षसँग छ । त्यसका लागि उपसभामुखले संसद्मा विश्वासको मतको परीक्षण गराउनुपर्ने हुन्छ । सभामुख बाबुराम गौतमले राजीनामा दिइसकेको अवस्थामा कांग्रेस-माओवादी-एकीकृत समाजवादी-जसपा गठबन्धनसँग ४७ मत छ । जसमध्ये कांग्रेसका २ ९, माओवादीका १३, एकीकृत समाजवादीका चार र जसपाको एक मत छ ।

■ सकियो पहिलो चरणको जनआवाज सुन्ने कार्यक्रम

रास्वपाको जनआवाज सुन्ने पहिलो चरणको कार्यक्रम सकिएको छ । ३ देखि ७ असोजसम्म १९ जिल्लामा पुगेर केन्द्रीय नेताले जनताका कुरा सुनेका छन् । महामन्त्री ढकालले प्रथम चरणको कार्यक्रममा जनताको उत्साहपूर्ण सहभागिता भएको बताए । 'गाउँगाउँबाट साथीहरू फर्किने क्रम जारी छ । कोही फर्किँदै छन्, कोही फर्किइसके,' उनले भने, 'तर, सबैतिर जनसहभागिता उत्साहपूर्ण भएको रिपोर्टिङ छ । हामी दस्ताबेज निर्माणका लागि मात्रै होइन, अरू वेला पनि गाउँ पसिरहनुपर्छ भन्ने सन्देश दिएको छ ।' कालिकोटमा रास्कोट अस्पताल बनाएका ढकाल आफूले कर्मथलो मान्दै आएको सोही गाउँमा पुगेका थिए ।

ढकालका अनुसार सम्बन्धित गाउँबाट आएका सुझावका आधारमा अर्को चरणको कार्यक्रम तय हुनेछ । कोशीमा सम्भावित मध्यावधि चुनावलाई हेरेर मंसिरसम्ममा दस्ताबेज तयार पारिसक्ने लक्ष्य छ,' ढकालले भने ।

गाउँ पसेका सबै नेताहरू रास्वपाको दस्ताबेज निर्माणमा सक्रिय छन् । उनीहरू सबैले तोकिएको गाउँमा पुगेर शासन प्रणाली, संघीयता, समाजवादलगायतका मुद्दामा जनताको राय लिएका छन् । प्रथम चरणको कार्यक्रममा उपसभापति डोलप्रसाद अर्याल पर्सा, महामन्त्री मुकुल ढकाल कालिकोट, सहमहामन्त्री कवीन्द्र बुर्लाकोटी कञ्चनपुर जनआवाज सुन्न गएका थिए । त्यस्तै, स्वर्णिम वाग्ले तनहुँ, विराजभक्त श्रेष्ठ बैतडी, सुमना श्रेष्ठ टीकापुर (कैलाली), शिशिर खनाल रसुवा, मनीष झा पर्वत, गणेश पराजुली ओखलढुंगा, रमेश प्रसाईं सुर्खेत, सन्तोष परियार कपिलवस्तु, विपिनकुमार आचार्य संखुवासभा, तोसिमा कार्की डोटी, हरि ढकाल सोलुखुम्बु, कमल सुवेदी गौर (रौतहट), गणेश कार्की सिन्धुपाल्चोक, क्रान्तिशिखा धिताल खोटाङ र शंकर श्रेष्ठ इलाम पुगेका थिए ।

ढकालका अनुसार राजनीतिक घटनाका हिसाबले महत्वपूर्ण जिल्ला, सबै प्रदेश र हिमाल, पहाड एवं तराई सबै भेग समेटेर जिल्ला छनोट भएका थिए । नेपाली राजनीतिक इतिहासमा परिवर्तनको घन्टी नै रोल्पाले बजाएका कारण यसलाई प्राथमिकतामा राखेर छनोट गरिएको तथा त्यहाँ सभापति लामिछाने आफैं गएको महामन्त्री ढकालको भनाइ छ । थरूहट आन्दोलन र रेशम चौधरी प्रकरणका कारण कैलाली रोजिएको हो । त्यस्तै, मधेश आन्दोलनका कारण चर्चामा रहेको गौर घटनालाई मध्यनजर गर्दै रौतहट छनोट गरिएको थियो । त्यस्तै, मधेशमा संविधान अपूर्ण भएको भन्दै योसँग असहमति र मतभेद राख्दै आन्दोलन गरेको जिल्ला भएका कारण पर्सा छनोटमा परेको थियो । सुवासचन्द्र नेम्वाङको निधनपछि उपनिर्वाचनलाई मध्यनजर गर्दै इलाम र सीमा मुद्दालाई ख्याल गरेर कञ्चनपुर रोजिएको थियो ।

दोलखा सुन तस्करीमा ठूलै गिरोह संलग्न रहेको प्रहरी निष्कर्ष



टेकराज थामी/नयाँ पत्रिका

दोलखाको उत्तरी नाका फलेकबाट भएको सुन तस्करीमा ठूलै गिरोह संलग्न रहेको देखिएपछि अनुसन्धानमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को विशेषज्ञ टोली खटिएको छ । जिल्ला प्रहरी कार्यालय दोलखाले बुधबार र शनिबार गरी सात किलो सुन बरामद गरेको थियो । प्रहरीले दुवैपटकको सुन बिगु गाउँपालिका- १ का २८ वर्षीय केशर तामाङको डेराबाट बरामद गरेको हो । उनले तस्करीको सुन लुकाउन छुट्टाछुट्टै दुईवटा डेरा भाडामा लिएका थिए । प्रहरीले सुरुमा घटनालाई सामान्य रूपमा लिएको थियो । तर, पक्राउ परेका अभियुक्तबाट नयाँ तथ्य खुलेको मात्र नभई थप सुनसमेत बरामद भएपछि घटना गम्भीर रहेको निष्कर्षमा प्रहरी पुगेको हो । सोहीकारण घटनाको अनुसन्धान गर्न सिआइबीको विशेषज्ञ टोली दोलखा पुगेको हो ।

सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारीले दोलखामा बरामद सुनको अनुसन्धान गर्न सिआइबीको टोली दोलखा पुगेको जानकारी दिए । 'दोलखामा एउटै समूहबाट तस्करी गरिएको सात किलो सुन बरामद भयो । घटनामा केही अभियुक्त पक्राउ परेका छन् । उनीहरूको पृष्ठभूमि हेर्दा जति सामान्य देखिएको छ, घटना त्यसोभन्दा निकै गम्भीर हुन सक्ने हाम्रो बुझाइ हो । त्यसैले अनुसन्धानमा सिआइबीको टोली खटिएको हो,' उनले भने ।

प्रहरीले घटनामा संलग्न रहेको अभियोगमा केशरसहित विगु गाउँपालिका- १ का १८ वर्षीय पेम्बा तामाङ, ५५ वर्षीय नुर्बुछिरिङ शेर्पा, ३० वर्षीया सुनमाला तामाङ, २० वर्षीय माधव मगर र राज तामाङलाई पक्राउ गरेको छ । उनीहरू सबै तिब्बत-लामाबगर सीमाक्षेत्रका स्थानीय हुन् । उनीहरूको पृष्ठभूमि सामान्य देखिए पनि तस्कर गर्न लगाउने गिरोह संगठित र ठूलो रहेको प्रहरीको निष्कर्ष छ ।

गिरोहले विगतमा पनि सोही नाका हुँदै पटक-पटक सुन तस्करी गर्ने गरेको दोलखा प्रहरी प्रमुख डिएसपी दीपक खड्काले बताए । 'पक्राउ परेका सबै सीमाक्षेत्रका स्थानीय हुन् । उनीहरूको पृष्ठभूमि सामान्य नै देखिन्छ । तर, तस्करीका लागि प्रयोग गरिएको 'ट्रेन्ड' विश्लेषण गर्दा घटनामा ठूलै गिरोह संलग्न रहेको देखिन्छ । यिनीहरूले

■ विमानस्थल र रसुवामा थप तीन किलो सुन बरामद

प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र रसुवा नाकाबाट थप तीन किलो सुन बरामद गरेको छ । विमानस्थलमा प्रहरीले फिलिपिनी नागरिक ३० वर्षीया अर्विकन अरोन्स मनलडबाट अर्धठोस अवस्थाको २.७२० किलो सुन बरामद गरेको छ । उनी फ्लाई दुबईको उडानबाट काठमाडौं आएकी थिइन् । दुबईबाट नेपाल आएकी उनले सुन गुप्तांगभित्र लुकाएर ल्याएकी थिइन् । विमानस्थलमा उत्रिएकी उनको गतिविधि शंकास्पद देखिएपछि प्रहरीले निगरानी गरेको थियो । सोहीक्रममा उनलाई प्रहरीले नियन्त्रणमा लिएर खानतलासी लिएको थियो । विमानस्थलस्थित एक्स रे मेसिनमा लगेर चेकजाँच गर्दा गुप्तांगमा लुकाई राखिएको सुन बरामद भएको थियो । उनीविरुद्ध थप अनुसन्धान भइरहेको प्रहरी वृत्त गौशालाले जनाएको छ । त्यस्तै, सिआइबीको टोलीले रसुवा नाकाबाट एक किलो सुन बरामद गरेको छ । रसुवाबाट सुन भित्रिरहेको सूचनापछि सिआइबीको टोली नाका पुगेको थियो । चेकजाँच गर्ने क्रममा सिआइबीले एक किलो सुन बरामद गरेको हो । यस सम्बन्धमा अनुसन्धान भइरहेको सिआइबीले जानकारी दिएको छ ।

यसअघि पनि पटक-पटक सुन ल्याएको देखिन्छ । त्यसो हुँदा अनुसन्धान गम्भीर ढंगले नै भइरहेको छ,' उनले भने ।

प्रहरी स्रोतका अनुसार गिरोहले थप चार किलो सुन पनि सोही नाकाबाट तस्करी गरी नेपाल भित्र्याएको छ । उक्त सुन भने अझै फेला परेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भ्रमणपछि चीनले गत ७ असोजबाट एक साताका लागि रोडजिया र कोल्दु नाका खुला गरेको थियो । रोडजिया नाकाबाट चीनको फलाक पुग्न सकिन्छ । नाका खुलेलगत्तै चीनले लामाबगर क्षेत्रका स्थानीयलाई फलेकसम्म जानआउन खुला गरेको थियो । त्यसैको फाइदा उठाउँदै गिरोहले तस्करीमा लामाबगरको स्थानीयलाई प्रयोग गरेको प्रहरीको भनाइ छ । हवाईमार्गबाट हुने सुन तस्करीमा पछिल्लोपटक कडाइ भएपछि सोही गिरोह

सबै घटनाको अन्तर्सम्बन्ध केलाइरहेका छौं

■ एआइजी किरण बज्राचार्य, निर्देशक, सिआइबी



सुन तस्करीका पछिल्ला पाँचैवटा घटनालाई हामीले सूक्ष्म रूपले अनुसन्धान गरिरहेका छौं । दोलखामा बरामद सुनको अनुसन्धानमा पनि हामी खटिएका छौं । शनिबार रसुवामा हाम्रै टोलीले करिब एक किलो सुन बरामद गरेको छ । विमानस्थलमा पनि फेरि सुन बरामद भएको हो । यी घटनामा फरक-फरक समूह पनि हुन सक्छन् । कतिपयमा अन्तर्सम्बन्ध पनि हुन सक्छ । त्यसलाई हामीले केलाइरहेका छौं । यसरी बारम्बार सुन तस्करी हुनु भने पक्कै चिन्ताको विषय हो । तस्करी गर्ने अनेक गिरोहलाई कानुनी दायरामा ल्याउने बाटोमा हामी छौं ।

गिरोहले यसअघि पनि सुन ल्याएको देखिन्छ

■ डिएसपी दीपक खड्का
प्रमुख, जिल्ला प्रहरी कार्यालय, दोलखा



पक्राउ परेका सबै सीमाक्षेत्रका स्थानीय हुन् । उनीहरूको पृष्ठभूमि सामान्य नै देखिन्छ । तर, तस्करीका लागि प्रयोग गरिएको 'ट्रेन्ड' विश्लेषण गर्दा घटनामा ठूलै गिरोह संलग्न रहेको देखिन्छ । यिनीहरूले यसअघि पनि पटक-पटक सुन ल्याएको देखिन्छ । त्यसो हुँदा अनुसन्धान गम्भीर ढंगले नै भइरहेको छ ।

स्थलमार्गतर्फ लागेको हुन सक्ने प्रहरीको अनुमान छ ।

'पछिल्लोपटक हवाईमार्गबाट हुने सुन तस्करीमा कडाइ भएको छ । त्यही गिरोह स्थलमार्गतर्फ लागेको हुन सक्छ । विमानस्थलबाट हुने सुन तस्करीको गिरोह र फलेकबाट भएको सुन तस्करीको गिरोहबीचको 'नेक्सस' खोज्ने काम भइरहेको छ । विवरण अनुसन्धानपछि खुल्दै जालान्,' सिआइबी प्रवक्ता अधिकारीले भने ।

प्रहरीका अनुसार बरामद सात किलो सुन पेम्बाले नेपाल भित्र्याएका हुन् । उनलाई चिनियाँ नागरिकले काठमाडौं लैजान भन्दै सुन दिएका थिए । पेम्बाले सुन केशरलाई दिएका थिए । केशरले छुट्टाछुट्टै दुईवटा डेरामा लुकाई राखेका थिए । उक्त सुन लिन काठमाडौंबाट नुर्बुछिरिङ र उनकी श्रीमती सुनमाला चरिकोट पुगेका थिए । उनीहरू पेम्बाका दिदीभिनाजु हुन् । उनीहरूबाट बरामद सुनको बजार मूल्य ६ करोड ३२ लाख १३ हजार रुपैयाँ पर्छ ।

राजस्व अनुसन्धान विभागले गत २ साउनमा मात्रै हङकङबाट तस्कर गरी ल्याइएको ६०.७१६ किलो सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद गरेको थियो । अनुसन्धानका क्रममा सो गिरोहले दुई महिनाको अवधिमा विमानस्थलबाट मात्रै ३६२.७७८ किलो सुन तस्करी गरेको खुलेको थियो । घटना सम्बन्धमा अहिले जिल्ला अदालत काठमाडौंमा थुनछेक बहस चलिरहेको छ । घटनामा २ ९ जनालाई प्रतिवादी बनाइएको छ । उनीहरूविरुद्ध तीन अर्ब ५० करोड ३० लाख ९१ हजार नौ सय ७५ रुपैयाँ बिगोदाबी गरिएको छ ।

संक्षेप

तनहुँमा २५ सय १२ लाई डेंगु, व्यासमा मात्रै २२ सय १८



तनहुँ/ तनहुँमा डेंगु संक्रमितको संख्या बढ्दै गएपछि टोलटोलमा सचेतनामूलक कार्यक्रम सुरु गरिएको छ । पछिल्लो समय व्यास नगरपालिकाको विभिन्न वडाहरूमा डेंगुको महामारी फैलँदै गएपछि चिकित्सकसहितको टोली घरघरमा पुगेर डेंगुबाट बच्ने उपायबारे जानकारी गराएको हो । शनिबारसम्म तनहुँमा दुई हजार पाँच सय १२ जना डेंगु पजिटिभका बिरामी छन् । तीमध्ये व्यास नगरपालिकामा मात्रै दुई हजार दुई सय १८ जना छन् । तनहुँमा असारयता चारजनाको डेंगुबाट मृत्यु भइसकेको छ ।

गण्डकी प्रदेशबाट खटिएका चिकित्सक र दमौली अस्पतालका डाक्टरहरू बजार क्षेत्रका स्थानीयको घरघरमा पुगेर सचेतना कार्यक्रम गरेका हुन् । केही दिन अगाडि काठमाडौंबाट आएका चिकित्सकको टोलीले जिल्लाका स्वास्थ्यकर्मीहरूलाई डेंगुबाट कसरी बच्ने, लामखुटेको लार्भा कस्ता ठाउँमा उत्पादन हुन्छ त्यस्ता ठाउँहरूको पहिचान गर्ने, सरसफाइमा ध्यान दिनेलगायतका विषयमा जानकारी गराएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताए । उनका अनुसार चिकित्सकसहितको टोलीले डेंगु रोगको महामारी कसरी फैलियो, यसको न्यूनीकरण कसरी गर्न सकिन्छ तथा बिरामी भएर आराम गरेकाहरूको घरमै पुगेर अवस्था बुझेका थिए । उनीहरूले स्वास्थ्यकर्मीहरूलाई दुई दिनसम्म अभिमुखीकरण कार्यक्रमसमेत गरेका थिए । यस क्षेत्रको वस्तुस्थिति बुझेर उनीहरू काठमाडौ फर्किएका छन् । 'गण्डकी प्रदेशबाट आएका चिकित्सकको टोली भने आइतबार फर्किनेछन्,' उनले भने ।

दिनदिनै डेंगु संक्रमित बढ्दै गएपछि विद्यालयहरूमा पनि सचेतना कार्यक्रम गरिएको छ । बालबालिकालाई डेंगबारे जानकारी गराएपछि उनीहरूले घरपरिवार र टोल छिमेकलाई पनि जानकारी गराउन सक्छन् । सबैभन्दा सूचना प्रवाह गर्ने भरपर्दो माध्यम विद्यार्थी हुन्, त्यसैले बालबालिकालाई पनि विद्यालयमै जनचेतनामूलक सन्देशका लागि जानकारी गराएको व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले बताए ।

बाढीले टाटा सुमो बगायो, तीन यात्रु बेपत्ता

पर्वत/ शनिबार साँझ पर्वतको कुश्मा नगरपालिका- ८ चुवास्थित समादी खोलामा आएको बाढीले टाटा सुमो बगाएको छ । गाडीमा सवार तीनजना यात्रु बाढीमा बेपत्ता भएका छन् । बागलुङबाट पोखरातर्फ जाँदै गरेको ग.१ज ६२१३ नम्बरको टाटा सुमो बगाएको हो । गाडीचालक सकुशल छन् भने सवार तीनजना बेपत्ता भएका छन् । सुरक्षा अधिकारीका अनुसार गाडीको दुईवटा टायर र केही टुक्रा फेला परेको छ । बेलुका अबेरसम्म तीनजना यात्रुको अवस्था अज्ञात छ ।

राति ८:४५ बजे घटनास्थलदेखि अन्दाजी २.५ किलोमिटर टाढा मोदी र समादी खोलाको संगमस्थलमा गाडीको अगाडिको दुईवटा टायरसहित छरिएर रहेको केही भाग लेदो माटोले पुरिएको अवस्थामा फेला परेको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए । बेपत्ताहरूको खोज तथा उद्धारका लागि नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बल नेपाल नम्बर २५ चण्डिका गण पर्वतबाट डिएसपीको कमान्डमा ४६ जनाको फौज परिचालन भएको छ ।

दुई बालकको मृत्युपछि वीरेन्द्रनगर अशान्त

सुर्खेत/ कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर शनिबार दिनभर अशान्त भएको छ । सवारी दुर्घटनामा एक बालकको मृत्यु र होस्टेलमा रहेका बालक होस्टेलमै झुन्डिएको अवस्थामा फेला परेपछि वीरेन्द्रनगर अशान्त बनेको हो । दैलेख आठबीस नगरपालिकाको खिड् कीज्युला स्थायी घर भएका पाँच वर्षीय टुकदर्शन गिरीको मोटरसाइकलले ठक्कर दिँदा उनको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले जानकारी दिएको छ । दुर्घटनामा गम्भीर घाइते गिरीको उपचारको क्रममा कर्णाली कियर अस्पतालमा मृत्यु भएको थियो ।

दुर्घटनालगत्तै मोटरसाइकलचालक फरार भएका थिए । आफन्तले ठक्कर दिने मोटरसाइकल खोजेर चालकलाई पक्राउ गर्नुपर्ने माग राख्दै रत्न राजमार्गअन्तर्गत जुम्लारोड सडक अवरुद्ध गरेर टायर बालेका थिए । सडक अवरुद्ध गर्न थालेपछि र बसपार्क कर्मचारीबीच झडप भएको थियो । यस्तै, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- ६ घन्टाघरनजिक रहेको उषा बालवाटिका सेकेन्डरी स्कुलको होस्टेलमा आठ वर्षीय बालक शंकास्पद अवस्थामा मृत भेटिएका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार मृत भेटिएका बालक दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिका- १ का सलाम पुलामी मगर हुन् । कक्षा २ मा अध्ययनरत उनी मृत फेला परेपछि आक्रोसित भिडले घटनाको छानबिन गर्नुपर्ने भन्दै प्रदर्शन गरेका थिए । भिडलाई साम्य पार्न प्रहरीले अश्रुग्यासमेत प्रहार गरेको थियो । प्रहरीले स्कुल सञ्चालक समितिलाई नियन्त्रणमा लिएको छ ।

खुर्पा प्रहार गरी वृद्धाको हत्या

धादिङ/ नेत्रावती डबजोङ गाउँपालिका-४ हल्दारेमा खुर्पा प्रहारबाट एक वृद्धाको हत्या भएको छ । ७२ वर्षीया सुकमाया गुरुङमाथि खुर्पा प्रहार गरी सोही ठाउँका ३६ वर्षीय मंगल गुरुङले हत्या गरेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए । मृतक सुकमाया र हत्या आरोपमा पक्राउ परेका गुरुङ गाउँले हुन् । पहिलेदेखिको पारिवारिक रिसइवीका कारण हत्या भएको खुलेको छ । 'पहिल्येदेखिको रिसइवी र बाख्राले बाली खाएको रिसमा खुर्पा प्रहार गरी हत्या गरेका हुन् । अपशब्द बोल्ने र सधैं हेप्ने भएकाले सहने नसकेर हत्या गरेको उनले स्वीकार गरेका छन्,' सपी मिश्रले भने ।

सुकमाया आफ्नै घर नजिक सडकमा शरीरका विभिन्न भागमा क्षतविक्षत गरी काटिएको अवस्थामा मृत फेला परेको उनले बताए । खुर्पा प्रहार गर्ने गुरुङलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा मंगलको संलग्नता रहेको खुल्न आएपछि उनलाई पक्राउ गरेको र घटनाको थप अनुसन्धान भइरहेको उनले बताए ।

सरकारी कार्यालयले नै भत्काएनन् मापदण्डविपरीतका संरचना

धनगढीमा **तेजराज भट्ट**

सरकारी कार्यालयहरूले बजार क्षेत्रमा मापदण्डविपरीत बनाइएका संरचना भत्काउन अटेरी गरेका छन् । धनगढी मुख्य बजार क्षेत्रमा सडकको क्षेत्राधिकारदेखि ६ मिटरभित्र बनाइएका पर्खाललगायतका संरचना सरकारी निकायले नभत्काएका हुन् ।

सडकको क्षेत्राधिकार पर्ने ३० मिटरदेखि दायाँबायाँ ६ मिटरभित्र बनाइएका संरचना हटाउन उपमहानगरपालिकाले सरकारी कार्यालयहरूलाई पटकपटक पत्राचार गरे पनि अधिकांश कार्यालयले संरचना नहटाएको उपमहानगरले जनाएको छ । ट्राफिक चोक चौराहादेखि कैलाली पुलसम्म क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत सडक निर्माणको काम भइरहेको छ । कैलाली पुलदेखि क्याम्पस रोडसम्म प्रदेश सरकारको सहयोगमा सडक विस्तार गरिँदै छ । सडक फराकिलो बनाउन यो खण्डमा सडकको क्षेत्राधिकारभित्र परेका दर्जनौं निजी र सरकारी निकायका संरचना भत्काइएका छन् ।

सडक विस्तारका क्रममा कैलाली पुलदेखि क्याम्पस चोकसम्म सडकको क्षेत्राधिकार पर्ने ३० मिटरभित्रका संरचना हटाइएका हो । उपमहानगरले सडक विस्तार अभियान थालेपछि स्थानीयले आफ्ना संरचना आफैँले भत्काएका थिए । थप ६ मिटरभित्र संरचना बनाउन नपाइने व्यवस्था भए पनि त्यसरी बनाइएका संरचना सरकारी निकायले नहटाएका उपमहानगरको नापी शाखा प्रमुख भुवनबहादुर शाहीले बताए । 'उपमहानगरबाट दुईदेखि तीनपटकसम्म पत्राचार गरिसकेका छौँ, तर धेरैजसो कार्यालयले 'सेटब्याक'भित्रका संरचना हटाएका छैनन्,' उनले भने, 'सेटब्याक एरियामा पर्ने सरकारी जमिन पार्किङ, विश्रामस्थल वा अन्य प्रयोजनमा उपयोग गर्न सकिन्छ ।' गत वर्ष भदौमै पहिलोपटक पत्राचार गरेर सरकारी निकायलाई संरचना हटाउन आग्रह गरिएको र त्यसपछि पनि पटक-पटक पत्राचार गरिएको उनले जानकारी दिए । कैलाली पुलदेखि क्याम्पसचोकसम्म ३० मिटर क्षेत्राधिकार खाली गरेर २७ मिटरभित्र सडक चौडा गर्ने काम भइरहेको उनले जानकारी दिए । ट्राफिक चौराहादेखि कैलाली पुलसम्म पनि सडकको क्षेत्राधिकार ३० मिटर नै भए पनि २४ मिटरभित्र सडक निर्माणको काम भइरहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सडक डिभिजन कार्यालय, डिभिजन वन, जिल्ला प्रहरी कार्यालय, सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, साल्ट ट्रेडिङलगायत कार्यालयका मापदण्डविपरीत रहेका पर्खाल र अन्य संरचना नहटाएका उपमहानगरले जनाएको छ । त्यस्तै, वाणिज्य कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, संघीय आयोजना कार्यान्वयन एकाइलाई पनि संरचना हटाउन उपमहानगरले गत वर्ष नै पत्राचार गरेको थियो ।

एकीकृत समाजवादीको मेची–महाकाली जागरण अभियान आजदेखि

१० वर्षमा बेरोजगारी उन्मूलन गर्ने एजेन्डा


नयाँ पत्रिका

मुलुक रूपान्तरणका एजेन्डा राष्ट्रलाई सुनाउन र आमजनताका सुझाव लिन एकीकृत समाजवादीले मेचीदेखि महाकालीसम्म रोजगारी, समृद्धि र सुशासनको नाराका साथ समाजवादी जागरण अभियान आइतबारबाट सुरु गर्दै छ । झापाको काँकडभिट्टाबाट एकीकृत समाजवादीका शीर्ष नेताहरूले अभियानको सुरुवात गर्दै छन् । अभियान २८ असोजमा समापन गरिनेछ ।

आगामी १० वर्षमा श्रम गर्नसक्ने सबै नेपालीलाई कसरी रोजगारी दिएर समृद्धि र समाजवादको पहिलो आधार तयार पार्न सकिन्छ भन्ने एजेन्डा अभियानको क्रममा सुनाउने महासचिव घनश्याम भुसालले जानकारी दिए । 'उत्पादक पुँजी तथा रोजगारीको विकास नगरी हाम्रो जस्ता कुनै पनि मुलुकले गरिबी उन्मूलन गर्न र समृद्धि हासिल गर्न सक्दैन भन्ने कुरा इतिहास सिद्ध तथ्य हो । यसै तथ्यलाई आत्मसात गरेर आगामी १० वर्षमा श्रम गर्नसक्ने सबै नेपालीलाई कसरी रोजगारी दिन सकिन्छ र समृद्धि र समाजवादको पहिलो आधार तयार गर्न सकिन्छ भन्नेबारेमा हाम्रा सोचहरू राष्ट्रलाई सुनाउने छौं । आमजनताबाट सुझाव पनि लिने छौं,' उनले भने ।

कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सुशासन र विदेश नीतिबारे एकीकृत समाजवादीले जनतालाई जागरण गराउने भएको छ । बाँझो र वन नभएको वन क्षेत्रमा फलफूल र जडिबुटीको खेतीलाई योजनाबद्ध रूपले विकास गर्दा कृषिमा आश्रित ५१ प्रतिशत जनताको बेरोजगारी, अर्ध/अल्पबेरोजगारी समाधान हुने, मुलुक कृषि उत्पादनमा आत्मनिर्भर हुने र देशभरि कृषिमा आधारित उद्योगका लागि बलियो आधार तयार हुने एकीकृत समाजवादीको निचोड छ ।

कृषि बीउ, पानी, मल, बिजुली आदिमा पर्याप्त अनुदान, सस्तो कृषि ऋण, सबैलाई प्राविधिक सेवा, प्रभावकारी बिमा, कृषकलाई केही बचत हुने गरी समर्थन मूल्य तोक्ने र उत्पादित बालीवस्तु बिक्रीको व्यवस्था गर्नुपर्ने एकीकृत समाजवादीको माग छ । खाद्यान्न, फलफूल, मासु, काठ, रेशा, जडिबुटी, सिमेन्टलगायत नेपाली कच्चा पदार्थमा आधारित उद्योगहरूको संरक्षणका लागि आवश्यक करलगायत वित्तीय सुविधा दिनुपर्ने, साना र घरेलु उद्योगहरूलाई विशेष संरक्षण दिनुपर्ने एकीकृत समाजवादीको एजेन्डा छ । हरेक लगानीलाई रोजगारी र उत्पादनसँग जोड्ने, विप्रेषण र गैरआवासीय नेपालीको पुँजीलाई राष्ट्रिय पुँजी निर्माणको महत्त्वपूर्ण स्रोतका रूपमा परिचालित गर्दै तीनखम्बे अर्थतन्त्रलाई बलियो बनाउने र औद्योगिक रोजगारी सिर्जना गर्दै १० वर्षमा औद्योगीकरणको पहिलो चरण पूरा गर्न गरिने एकीकृत समाजवादीको मान्यता छ ।



■ **घनश्याम भुसाल**
महासचिव, एकीकृत समाजवादी

उत्पादक पुँजी तथा रोजगारीको विकास नगरी हाम्रोजस्तो कुनै पनि मुलुकले गरिबी उन्मूलन गर्न र समृद्धि हासिल गर्न सक्दैन भन्ने कुरा इतिहास सिद्ध तथ्य हो । यसै तथ्यलाई आत्मसात् गरेर आगामी १० वर्षमा श्रम गर्न सक्ने सबै नेपालीलाई कसरी रोजगारी दिन सकिन्छ र समृद्धि र समाजवादको पहिलो आधार ~~तयार गर्न सकिन्छ भन्ने~~बारेमा हाम्रा सोच राष्ट्रलाई सुनाउनेछौं । आमजनताबाट सुझाव पनि लिनेछौं ।

राजनीतिक र नीतिगत स्थिरताका साथ विकास गर्ने वातावरणमा आगामी १० वर्षमा बर्सेनि कम्तीमा ४० लाख पर्यटक ल्याउन सकिने र करिब तीन लाख रोजगारी भएको पर्यटन क्षेत्रमा १० लाखभन्दा बढ रोजगारी पुऱ्याउन सकिने एकीकृत समाजवादीको निष्कर्ष छ । सडक तथा हवाई यातायात, सेवाको गुणस्तर, पर्यटकीय क्षेत्रको संरक्षण र सौन्दर्यीकरण, भन्सार तथा भिसामा सहजीकरणमा राज्यले ध्यान दिँदा पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानी धेरै बढ्ने विश्वास लिएको छ ।

योजनाबद्ध पूर्वाधार विकासले लामो समयसम्म रोजगारी सिर्जना गरिरहने एकीकृत समाजवादीले औंल्याएको छ । 'कृषि उत्पादन, उद्योग तथा व्यापार, पर्यटन तथा शिक्षा र स्वास्थ्यलगायत सेवाका क्षेत्रहरूको विकासका लागि यातायात, ऊर्जा, सिँचाइ, खानेपानी, टेलिफोन तथा इन्टरनेटजस्ता पूर्वाधारमा राज्यले नै लगानी गर्नुपर्छ । त्यस्तो लगानीले रोजगारी र राष्ट्रिय आयमा गुणात्मक योगदान गर्छ,' एकीकृत समाजवादीले भनेको छ ।

शिक्षा व्यवस्थालाई मुलुकको समृद्धि र समाजवादको ध्येय अनुकूल बनाइने प्रतिबद्धता एकीकृत समाजवादीको छ । 'अहिले राज्यको क्षमतालाई हेर्दा सबै नागरिकलाई निःशुल्क र गुणस्तरीय शिक्षाको प्रबन्ध हुन नसके पनि सार्वजनिक शिक्षाको जिम्मा राज्यले लिनै पर्छ । त्यसका लागि आगामी १० वर्षमा आधारभूत तहदेखि उच्च तहसम्मको सार्वजनिक शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाएर गुणस्तरका हिसाबले निजी र सार्वजनिक शिक्षाको भिन्नता अन्त्य गरिने छ,' एकीकृत समाजवादीले भनेको छ '१२ कक्षादेखि प्राविधिक शिक्षाको विशेष व्यवस्था गरेर विद्यार्थीहरूलाई उत्पादन र सेवाका क्षेत्रमा मर्यादित रोजगारीका साथ बाँच्न सक्ने बनाइनेछ । शिक्षामा डिजिटल प्रविधिलाई जोड दिँदै भविष्यमा डिजिटल उत्पादनलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सकिने गरी विकास गरिनेछ । उच्च तहको शिक्षालाई अनुसन्धानमा आधारित बनाइनेछ । यसरी नेपालको शिक्षा व्यवस्थालाई मुलुकको समृद्धि र समाजवादको ध्येयअनुकूल बनाइनेछ ।'

प्रधानमन्त्रीको ध्यानाकर्षण



एकीकृत समाजवादीले आर्थिक क्षेत्रका समस्याले जनतालाई निराश बनाउँदै गएको भन्दै मुलुकको प्रगतिशील रूपान्तरणमा आवश्यक पहलकदमी दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गराएको छ । आयात घटेको, देशबाट वर्षेनि युवा तथा दक्ष जनशक्तिको पलायन भइरहेको, पुँजीगत खर्च घटेको, बैंकमा लगानीयोग्य पुँजी पर्याप्त भएर पनि ब्याजदर बढी हुँदा लगानीसमेत अस्वाभाविक रूपमा घट्दै गएकोतर्फ एकीकृत समाजवादीले ध्यानाकर्षण गराउको छ ।

रोजगारी गुम्दै गएको, चाडपर्वको मौका पारेर कालाबजारीहरूले मनपरी गर्न थालेको एकीकृत समाजवादीले औंल्याएको छ । 'उद्योग व्यवसाय आमरूपमा धराशायी भएका छन् । उद्यमीहरूमा व्यापक निराशा देखिन्छ । रोजगारी गुम्दै गएको छ, महँगी बढ्दै छ जसले गर्दा श्रमजीवी, मजदुर तथा गरीबहरूको जीवन झन् कष्टकर हुँदै छ । उद्योग व्यवसाय बन्द हुँदै छन्, तर बैंकको किस्ता र ब्याज तिर्न नसक्दा व्यवसायीहरूमा निराशा थपिँदै छ । चाडपर्वको मौका पारेर कालाबजारीहरूले मनपरी गर्न थालेका छन्,' ध्यानाकर्षण पत्रमा भनिएको छ । अहिलेको संकटको गम्भीरताप्रति ध्यान दिँदै आवश्यक आर्थिक, वित्तीय तथा मौद्रिक कदम चाल्न सरकारको ध्यानाकर्षण गरिएको उपाध्यक्ष प्रमेश हमालले जानकारी दिए ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०६/१४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७८/१०/०३ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **घण्टाघर शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनी, ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०४४/०४/१ मा दर्ता नं. २६७९/०४४/४५ अन्तर्गत दर्ता भएको **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ।**
ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३२, काठमाडौं ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण :

१. श्री तोफ्ले शेर्पाको नाति, श्री तेन्जीङ्ग शेर्पाको छोरा, रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र. नं. ७३४/२९५ (जारी मितिः २०३८/०४/२५, स्थान काठमाडौं) भएका **श्री तेण्डी शेर्पा ।**
२. श्री आङ दोर्जे शेर्पाकी छोरी, श्री तेन्जीङ्ग शेर्पाकी बुहारी, श्री तेण्डी शेर्पाकी श्रीमती, रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. २८०/०४४ (जारी मितिः २०४४/१२/२३, स्थान काठमाडौं) भएकी **श्रीमती आङ डोल्मा शेर्पा ।**
३. श्री तेन्जीङ्ग शेर्पाको नाति, श्री तेण्डी शेर्पाको छोरा, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ५६९४/१४५५ (जारी मितिः २०५७/१२/३१, स्थान काठमाडौं) भएका **श्री निमा शेर्पा ।**
४. श्री पासाङ्ग शेर्पाको नाति, श्री लाक्पा शेर्पाको छोरा, रामेछाप जिल्ला, चुचुरे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र. नं. ४२७१२ (जारी मितिः २०५६/०२/०३, स्थान रामेछाप) भएका **श्री मिङ्मा शेर्पा ।**
५. श्री तेन्जीङ्ग शेर्पाकी छोरी, श्री आङ्गकिपा शेर्पाकी पत्नी, रामेछाप जिल्ला, ठोसे गा. वि.स. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ४५२/४४४ (जारी मितिः २०३८/०५/०९, स्थान काठमाडौं) भएकी **श्रीमती किन्जी शेर्पा ।**
६. श्री तेन्जीङ्ग शेर्पाकी छोरी, श्री तोफ्ले शेर्पाको बुहारी, श्री पालजोर शेर्पाकी पत्नी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. २७८ (जारी मितिः २०४४/१२/२३, स्थान काठमाडौं) भएकी **श्रीमती याङजी डोमा शेर्पा ।**
७. श्री गेल्जी शेर्पाकी छोरी, श्री दोर्जे शेर्पाकी पत्नी, दोलखा जिल्ला, जिरी गा.वि.स. वडा नं. १० स्थायी घर, ना.प्र.नं. २६०७/११७७७ (जारी मितिः २०४७/०४/३१, स्थान दोलखा) भएकी **श्रीमती झाङमु शेर्पिनी ।**
८. मान बहादुर शेर्पाको नाती, श्री मन बहादुर शेर्पाको छोरा, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ७२११ (जारी मितिः २०३४/०५/२१, स्थान रुपन्देही) भएका **श्री पालजर शेर्पा ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला, हाँसपोसा वडा नं. ८ मा अवस्थित कि.नं. क्रमशः ६७५, ६७२, ६६३ क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१६-८.५-० र ०-४-४.५-० विगहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्री तेण्डी शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. १० मा अवस्थित कि.नं. १६७ र २ क्षेत्रफल ०-४-१-२ र ०-२-२-१ विगहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्री तेण्डी शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. १० मा अवस्थित कि.नं. ६ क्षेत्रफल ०-८-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्रीमती आङ डोल्मा शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. १० मा अवस्थित कि.नं. १३८ र १३९ क्षेत्रफल ०-६-१-२ र ०-७-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. रामेछाप जिल्ला, ठोसे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्रीमती आङ डोल्मा शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. १० मा अवस्थित कि.नं. ३ क्षेत्रफल ०-८-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
६. रामेछाप जिल्ला, चुचुरे गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्री मिङ्मा शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, नंयापाटी न.पा., वडा नं. १ मा अवस्थित कि.नं. ४५० र ४५२ क्षेत्रफल ०-८-२-० ०-१५-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
७. काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १० बस्ने, **श्रीमती याङजी डोमा शेर्पा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. १० मा अवस्थित कि.नं. क्रमशः ३६४, ५५० र ३६५ क्षेत्रफल क्रमशः ०-०-३-३, ०-३-०-१ र ०-४-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

धितोमा रहेको सवारी साधनहरुको विवरण :

१. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. १३ च. ३९९१ भएको Ford Ranger 3.2
२. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. १५ च. २७४४ भएको Mahindra Bolero DC.
३. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. १५ च. ३५४३ भएको Mahindra Bolero DC.
४. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. २ क. ३१५२ भएको Hyundai Exavator.
५. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. ४ ख. ७२९५ भएको TATA Tipper.
६. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. ४ ख. ६९७२ भएको TATA Tipper.
७. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. २ क. ८६६४ भएको KOMATSU EXAVATOR .
८. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९० भएको BHARAT BENZ Tipper.
९. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९१ भएको BHARAT BENZ Tipper.
१०. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९२ भएको BHARAT BENZ Tipper.
११. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९३ भएको BHARAT BENZ Tipper.
१२. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९४ भएको BHARAT BENZ Tipper.
१३. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना. १ क. ७८९५ भएको BHARAT BENZ Tipper.
१४. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. २ क. ७७६० भएको HAMM ROLLER.
१५. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. २ क. ८९३१ भएको HAMM SOIL COMPACTOR.
१६. ऋणी **श्री दि कन्चनजङ्घा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा. २ क. ७००६ भएको SAKAI ROLLER.

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार** वा **घण्टाघर शाखा, काठमाडौं**मा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मितिः २०८०/०६/२८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार** वा **घण्टाघर शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०६/२९ गते ३:०० बजे बैंकको **घण्टाघर शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सोमा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार** वा **घण्टाघर शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

एमाले कर्णाली अधिवेशन

नेतृत्वका लागि आज मतदान

सुर्खेत/ एमाले कर्णाली प्रदेश नेतृत्वका लागि आइतबार मतदान हुने भएको छ । आकांक्षी धेरै भएकाले सर्वसम्मत प्रयास असफल भएको छ । शनिबार अपराह्न ४ बजे नामावली सार्वजनिक भएकालवे आइतबार मतदान हुने एमाले प्रदेश निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कर्णाली प्रदेशको अध्यक्षमा राजबहादुर शाही, मीनबहादुर शाही, गुलावजंग शाह, प्रेमबहादुर सिंह र प्रकाश रोकायाले उम्मेदवारी दिएका थिए । राजबहादुर र प्रेमबहादुरले उम्मेदवारी झिकेका कारण शाही, शाह र रोकायाबीच प्रतिस्पर्धा हुने भएको छ ।



उपाध्यक्षमा दानिसंह परियार, टेकराज पछाई र लालबहादुर महताराको उम्मेदवारी परेको छ । सचिवमा रुद्रबहादुर शाही र ध्रुवबहादुर शाहीबीच प्रतिस्पर्धा हुनेछ । उपसचिव समावेशीमा मेनका पछाई र पद्मा खड्काको उम्मेदवारी परेको छ । उपसचिव खुल्लामा नारायणकुमार शाह, रवीन्द्रराज शर्मा, रमेशकुमार शाही, बखतबहादुर भण्डारी, कमल शाही, धिरेन्द्रराज गिरी, तेजकुमार विकको उम्मेदवारी परेको छ । लेखा आयोगको अध्यक्षमा जितबहादुर मल्ल, दीर्घराज न्यौपाने र सुरज थापाको उम्मेदवारी परेको निर्वाचन प्रमुख निर्वाचन अधिकृत मातृकाप्रसाद खनालले बताए ।


कर्जा भुक्तान गर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०/०६/१४)

यस वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट धितो सुरक्षण तथा सामूहिक जमानीमा आधारित बिना धितो कर्जा लिएका सदस्यहरुले वित्तीय संस्थासँग कर्जा लिदाँ शर्तनामामा उल्लेख गरे अनुसार मासिक रुपमा सावाँ ब्याज बुझाउनु पर्नेमा उक्त लिखतको शर्तनामा उल्लंघन गरी नियमित किस्ता भुक्तान नगरेको र पटक-पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा समेत कर्जा तिर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा संस्थाको कर्जा नीति, २०७९ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र हालसम्म तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज र हर्जना समेत सम्बन्धित शाखा कार्यालयमा आई एकमुष्ठ बुझाउनु होला अन्यथा प्रचलित ऐन तथा कानुन बमोजिम असुलीका लागि थप प्रक्रिया अवलम्बन गरिने, राष्ट्रियस्तरको पत्र-पत्रिकामा तीन पुस्ते नाम खुलाई सूचना प्रकाशित गरिने, धितो भए सुरक्षणमा रहेको धितो लिलामीको प्रक्रिया शुरु गरिने, ऋण असुली न्यायाधीकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानुन बमोजिमको कारवाही गरी यस वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाईं ऋणी तथा जमानीकर्ताको नाम कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाइने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, उल्लेखित कानुनी प्रक्रिया अवलम्बन गरिदाँ सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवालाको मान तथा प्रतिष्ठामा कुनै असर परेमा यस संस्था जवाफदेही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

Kisan Laghubitta Bittiya Sanstha Ltd.
किसान लघुवित्त वित्तिय संस्था लि.
(D Class Financial Institution Licensed by Nepal Rastra Bank)
Head Office Lamkichuha-4, Kailali
Corporate Office Budhanilkantha-8, Kathmandu

दलित संघको अध्यक्षमा विश्वकर्मा



काठमाडौं/ कांग्रेस भ्रातृसंस्था दलित संघको अध्यक्षमा लोकबहादुर विश्वकर्मा मनोनीत भएका छन् । कांग्रेस सभापति शेरबहादुर देउवाले शनिबार विश्वकर्मालाई मनोनीत गरेका हुन् ।

कम्पनीको नाम परिवर्तन भएको सूचना

मिति २०८०/५/२५ मा दियो फुडल्याण्ड एण्ड रेष्टुरेण्ट प्रा.लि. दर्ता नं. १८६५१० को नाम परिवर्तन भई **दियो महल प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

‘परदेशी २’ बाग्लुङमा प्रिमियर

गायक प्रकाश सपूतको डेब्यु चलचित्र ‘परदेशी २’ बाग्लुङमा प्रिमियर गरिएको छ। निर्देशक नारायण रायमाझी, कलाकारहरू प्रकाश र केकी अधिकारीसहितको उपस्थितिमा चलचित्रको प्रथम प्रदर्शनी गरियो। आफूले अभिनय गरेको पहिलो चलचित्र गृहजिल्लामा प्रदर्शन गर्न पाउँदा निकै खुसी लागेको सपूतले बताए।





शान्तिश्री परियारको ‘माया हो’ सार्वजनिक

शान्तिश्री परियार र समीर आचार्यको ‘माया हो’ बोलको गीत सार्वजनिक भएको छ। गीतमा आचार्यकै संगीत र राम अविरल विष्टको शब्द छ। सुरेन्द्र मल्ल ठकुरीको निर्देशनमा बनेको भिडियोमा पुष्कर दाहाल र विमला खुजुम लिम्बूको अभिनय छ। धनकुटामा छायांकन गरिएको यस गीतको भिडियोमा देवदोर्जे लामाको छायांकन छ।

गर्भावस्थामा मानसिक समस्या
समाधानका उपाय



विपुला श्रेष्ठ
मनोविज्ञ, होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर

महिलाका लागि गर्भावस्था अत्यन्त महत्वपूर्ण हुन्छ। विवाहपछि गर्भ रहँदा प्रायः महिला उत्साहित र खुसी हुन्छन्। तर, गर्भावस्थामा उनीहरू विभिन्न प्रकारका तनावबाट समेत गुज्रेका हुन्छन्। यस्तो वेलामा हर्मोन परिवर्तन हुने हुँदा महिलामा सबैभन्दा बढी मानसिक समस्या देखिन्छ। मानसिक समस्याले गर्दा कतिपय महिला आत्महत्या गर्ने अवस्थासम्म पुग्ने जोखिमसमेत रहन्छ। यो अवस्था निकै संवेदनशील पनि हुन्छ। त्यसैले यस्तो अवस्थामा महिलाले आफ्नो स्वास्थ्यमा विशेष सावधानी अपनाउन जरुरी हुन्छ। सामान्यतया मानिसहरूले गर्भावस्थामा महिलामा डिप्रेसन हुनुको पहिलो कारण उनीहरूमा विकसित हुने हर्मोनलाई लिने गर्छन्। तर, यससँगै जीवन जिउने शैली र आफू आमा बन्दै छु भन्नेमा डर, उत्सुकता, उदासीनता, निराशा, तनावजस्ता कुराले पनि भूमिका खेलिरहेको हुन्छ। त्यस्तै, महिलामा बच्चा जन्माएपछि पोस्टपार्टम डिप्रेसन पनि देखा पर्ने गरेको पाइएको छ।

■ कारण

- कसैको जीवनसाथी गैरजिम्मेवार पनि हुन सक्छन्। उनीहरू असहयोगी वा अपमान गर्ने खालको भएमा गर्भावस्थामा यस्तो समस्या देखा पर्ने गर्छ।
- समाजको उचित सहयता र सहयोग नभएको अर्थात् विभिन्न शारीरिक रोगबाट ग्रसित भएका महिलामा पनि यस्तो समस्या हुने सम्भावना हुन्छ।
- विनायोजना गर्भ रहेमा आमामा मानसिक समस्या देखिन सक्छ।
- ि मानिसलाई उसको आर्थिक अवस्थाले पनि ठूलो भूमिका निर्वाह गर्छ। अर्को, आर्थिक रूपमा सक्षम नभई गर्भ रहेको अवस्थामा यस्तो समस्या देखा पर्न सक्छ।
- परिवारका कोही सदस्यलाई डिप्रेसन भएमा पनि यस्तो समस्या देखिन्छ।
- बाँझोपनको उपचार गराएको अवस्थामा वा पहिलो गर्भ तुहिएमा वा विभिन्न तनावयुक्त घटनाका कारण पनि मानसिक समस्या हुन्छ।
- पेटभित्र रहेको शिशुको अवस्था जटिल भएमा पनि यस्तो समस्या देखिन्छ।
- महिलाहिंसा वा मानसिक आघात पार्ने घटना घटेको अवस्थामा पनि उनीहरू मानसिक समस्याबाट ग्रसित हुन सक्छन्।



■ लक्षण

- धेरै थकित हुने, जिउ भारी भइरहने, दिक्क लागिरहने र सधैं उदास रहने।
- कहिलेकाहीं आफ्नो पेटमा गर्भ नै नरहेको भए हुन्थ्यो भन्नेजस्ता भावना मनमा खेल्ने।
- खाने शैलीमा परिवर्तन हुनु, खानाप्रति रुचि हराउँदै जाने।
- मुड स्थिर नहुने, अकस्मात् मुड परिवर्तन भइरहने।
- दिमागमा नकारात्मक सोच मात्र आइरहने।
- निद्रामा असन्तुलन हुनु, निद्रा निकै बढी वा निकै कम लाग्ने।
- दुःखी भइरहनु, आफूलाई नै आफ्नो वशमा राख्न नसक्ने।
- निर्णय लिन अप्ठ्यारो हुनु, बच्चाको जन्मपछि हेरविचारमा समस्या देखिने।
- आफ्नो इच्छाको काममा समेत ध्यान कम जाने।
- कहिलेकाहीं आत्महत्याको विचारसमेत आउने।
- आफ्नो जिन्दगीलाई बेकाम महसुस गर्नु वा जन्मिएकोमा पश्चाताप लाग्ने।

■ समाधान

- यसबाट बच्न सकारात्मक समूहमा आफ्नो कुरालाई खुलेर व्यक्त गर्न सक्ने बानीको विकास गर्नुपर्छ।
- परिवारमा विशेष गरी श्रीमान्ले राम्रोसँग हेरचाह गर्न आवश्यक हुन्छ।
- मानसिक तथा आर्थिक रूपमा तयार भएर मात्र गर्भधारण गर्नुपर्छ।
- यस्तो समस्या आएमा मनोचिकित्सकसँग परामर्श लिने र आवश्यक परेमा औषधिकै सेवन गर्नुपर्छ। विभिन्न थेरापी गरेर पनि यस्तो समस्याबाट टाढा रहन सकिन्छ।
- प्रशस्त मात्रामा पानीको सेवन गर्न जरुरी हुन्छ।
- सन्तुलित भोजनमा पनि ख्याल गर्नुपर्छ। र, दैनिक योग ध्यान गर्ने, शारीरिक अवस्थाअनुसार व्यायाम गर्नेजस्ता गतिविधिलाई निरन्तरता दिनुपर्छ।
- गर्भावस्थामा आमाले गर्ने हरेक व्यवहारको प्रत्यक्ष प्रभाव पेटमा हुर्कंदै गरेको शिशुमा पर्ने गर्छ। यतिसम्म कि आमाले कस्तो सोच राखेको हुन्छ, त्यसको समेत प्रभाव शिशुमा परिरहेको हुन्छ। त्यसैले यस्तो अवस्थामा आमा शारीरिक, मानसिक र भावनात्मक रूपमा समेत स्वस्थ रहन आवश्यक हुन्छ। यसको वातावरण परिवारले पनि मिलाउनुपर्छ। सकेसम्म गर्भावस्थाका महिलालाई कुनै प्रकारको तनाव दिनुहुँदैन।
- यस्तो अवस्थामा संगीत सुन्ने, उत्प्रेरणामूलक र आध्यात्मिक पुस्तक पढ्ने बानी गर्नुपर्छ।

साहसिक पदयात्रा
कजिनसरा ताल





● शान्ता कमली

पाँच हजार दुई मिटर उचाइमा रहेको ‘कजिनसरा ताल’ पछिल्लो समय पदयात्रा रुचाउनेहरूको रोजाइको गन्तव्य बन्न पुगेको छ। मनाङको चामे गाउँपालिका-४ सिंगरखर्कमा रहेको यो ताल डेढ किलोमिटर लामो र ६ सय मिटर चौडा छ। ‘कजिनसराको गहिराइ भने अनुमान गर्न सकिएको छैन,’ चामे गाउँपालिका अध्यक्ष लोकेन्द्र घलेले भने। स्थानीय बासिन्दा भने यसलाई ‘सिंगर ताल’ भन्छन्। यो क्षेत्रलाई नै ‘सिंगर’ भनिने भएकाले तालको नाम पनि ‘सिंगर’ रहन गएको अध्यक्ष घलेको भनाइ छ। सिंगरखर्कमा स्थानीय बासिन्दले याक, चौंरी, भेडा चराउने गर्छन्।

रोमाञ्चक हिमाली यात्रा

हिमालपारिको जिल्ला मनाङकै यात्रा कम्ता रोमाञ्चकारी हुँदैन। लमजुङको बेंसीसहरबाट खुदी, भुलभुले, डादी, स्याँगे, जगत हुँदै मनाङ पुगिन्छ। त्यहाँबाट कजिनसराको यात्रा झन् रोमाञ्चकारी हुन्छ। अग्ला भिराला पहाड, उच्च हिमशृंखलाले लोभ्याइराख्छ। पूर्वमा मनास्लु, पश्चिममा दामोदर, दक्षिणमा अन्नपूर्ण र लमजुङ हिमाल स्वागतमा उभिएझैं लाग्छन्। उत्तरमा तिब्बतको पेरीलगायतका हिमालले मनै लोभ्याउँछ। प्राकृतिक दृश्यावलोकनसँगै माथिल्लो मनाङका गंगापूर्ण ताल, हिमताल, गुम्बाले झन् आकर्षण थपेका छन्। अन्नपूर्ण, गंगापूर्ण र तिलिचो ताल हिमालछेउछाउमै उभिएजस्तै लाग्छन्।

कसरी पुग्ने ?

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बेंसीसहरबाट चामेसम्म ६५ किलोमिटर र त्यहाँबाट झन्डै ३० किलोमिटर यात्रापछि मनाङ पुगिन्छ। मनाङ सदरमुकाम चामेबाट २४ किलोमिटरको दूरीमा पर्छ, कजिनसरा। लमजुङ हिमालको आधारशिविर हुँदै पूर्वी भेगबाट १८ घन्टा पैदल हिँडेपछि यो नयाँ गन्तव्यमा पुगिन्छ। कजिनसरा पुग्ने उपयुक्त मौसम साउनदेखि कात्तिकसम्म हो। मनाङसम्म गाडीमा जान सकिन्छ। त्यसपछि पैदल यात्रा गरेर तालछेउ पुगिन्छ। यहाँ पुग्न एकजनालाई १२ हजारदेखि १५ हजार रुपैयाँसम्म लाग्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जावलाखेल, ललितपुर

प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

मितिः २०८०/०६/१४

उपरोक्त विषयमा मिति २०८०/०३/२१ गतेको नया पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम यस जलस्रोत तथा सिंचाइ विभाग अन्तर्गत संचालनमा रहेका तपसिलका आयोजनाहरुको नयाँ भवन निर्माण कार्यका लागि EGP System मा पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्याङ्कनमा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारहरुमा सफल भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (४) र (५) बमोजिम तपसिलको मिति र समयमा जलस्रोत तथा सिंचाई विभागको कोठा नं. ३३९ मा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि.नं.	ठेक्का नं. र आयोजनाको नाम	सारभुत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारहरुमा सफल बोलपत्रदाताहरु
१	IDSC_Kanchanpur/NCB/ COB/01/2079/080, Construction of Office Building For Mahakali Irrigation Management Office, Mahendranagar, Kanchanpur	1. M.S Chandani-Saino – JV, Dadeldhura 2. Chandra Bikash-Sunrise-Masta JV, Kailali 3. Contour Infra Pvt.Ltd, Nepaljung,Banke 4. Kinara Nirman Sewa, Chainpur,Bajhang 5. Ma Gayatri Nirman Sewa, Siddhanagar-13, Rupandehi 6. National Construction Pvt.Ltd, Mahendranagar,Kanchanpur 7. Malika-J.B – JV, Mahendranagar 8. National Structure-Shreepur Builders JV, Dhanghadi,Kailali 9. Purbapaschim-Tiger-Talju JV, Kathmandu 10. Shankar-Shiva Shankar JV, Mahendranagar 11. Shristi-Uday-Shukrakamali JV, Kathmandu 12. Siddhanath-Bhageshwor-New Ugratara Joint Venture, Kanchanpur
२	IDSC_Jhapa/NCB/COB/02/2079/080, Construction of Office Building For Jhapa Ground Water Irrigation Project, Kankai, Jhapa	1. Ashishdeep-Siddhithumka JV, Suryodaya - 8, Ilam 2. Bishal & Birat Construction Pvt., Ltd, Jorpati - 2, Kathmandu 3. CM-Bhuwaneshwori JV, Samakhusi - 29, Kathmandu 4. H.R.B-All is Well JV, Changunarayan, Bhaktapur 5. Himalayan Construction, Phungling - 4, Taplejung 6. Kanchan Construction Company Pvt.,Ltd, Thasikhel-14, Lalitpur 7. Krish-R K-Sujal JV, Ilam - 9, Ilam 8. Maa Gayatri Nirman Sewa, Siddharthanagar - 13, Rupandehi 9. Mangsuwa Nirman Sewa Pvt., Ltd., Damak - 8, Jhapa 10. Nepal Singa Construction Pvt., Ltd., Pulchowk, Lalitpur 11. New Deepjyoti Nirman Sewa, Lalitpur - 8, Lalitpur 12. Prabin Nirman Sewa, Damak - 5, Jhapa 13. S & P - Chhuma Ganesh JV, Balkot - 1, Bhaktapur 14. Satasi Nirman Sewa Pvt., Ltd. Shivasatakshi - 8, Jhapa 15. Shanti Nirman Sewa, Bahundagi - 8, Jhapa 16. Shantidevi - Kanepokhari B & B JV, Kanepokhari - 5, Morang 17. U & S Construction, Chaurideurali Rural Municipality, Kavre

आर्थिक प्रस्ताव खोल्ने मिति : २०८०/०६/२१ गते, समय : १३:०० बजे।

आयोजना प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँगा गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय रुपन्देहीमा प्रा.फ.र.नं. ४४०७७/०७५/०७६, स्थानीय व्यापार अन्तर्गत मिति २०७६/०१/१३ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३ स्थित **रमेश सब्जी तथा किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता: रमेश मिश्र**	१) सरजुको नाती, मारकण्डे मिश्रको छोरा, रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २ बस्ने रमेश मिश्रको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३/ग (हाल रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ६५२ को क्षेत्रफल ०-०-९.७५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिजलगापात समेत । २) रमेश सब्जी तथा किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) रमेश मिश्र ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २ बाबु : मारकण्डे मिश्र बाजे : सरजु	**२) सोनु मिश्र** स्थायी ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३ बाबु : रमेश मिश्र बाजे : मारकण्डे मिश्र	**३) फुल कुमारी मिश्र** ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २ बाबु : चुनमुन चौवे ससुरा : मारकण्डे मिश्र पति : रमेश मिश्र

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

भारतको नेतृत्व दाबी र वास्तविकता

विश्वगुरुका रूपमा आफूले विश्वलाई के सिकाउने हो, यस विषयमा भारतसँग न कुनै 'ब्लुप्रिन्ट' छ, न कुनै समझ र सहमति



● पामिर गौतम

अग्रलेख

संयुक्त राष्ट्र संघको महासभामा बोल्दै भारतीय विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले चीनतर्फ संकेत गर्दै उदीयमान बहुध्रुवीय विश्व प्रणालीमा विकासशील राष्ट्रहरूको प्रतिनिधित्व गर्न अन्य क्षेत्रीय शक्तिभन्दा पनि भारत सबैभन्दा बढी उपयुक्त रहेको बताएका छन्। महासभालाई सम्बोधन गर्दै उनले श्रीलंकाले गम्भीर आर्थिक संकटको सामना गरिरहेको वेला उसलाई सहयोग गर्न सबैभन्दा पहिले भारत अगाडि बढेको बताए। प्यासिफिक टापु राष्ट्रहरू र अन्य टाढाका क्षेत्रका साझेदारले पनि उनीहरूको स्वास्थ्य, प्रविधि र जलवायु कार्यमा भारतको योगदानको कदर गरेका छन्, जयशंकरले भनेका छन्। आफूले पेस गरेको दाबी आत्ममहिमाका लागि नभई थप ठूलो जिम्मेवारी लिने र थप योगदान गर्ने आफ्नो चाहनाबाट प्रेरित रहेको बताएका जयशंकरले भारत यसअघि उदय भएका शक्तिराष्ट्रभन्दा भिन्न रहेको दाबी गरेका छन्। भारतको परिपक्व कूटनीतिको दाबी गर्दै उनले भने, 'तीव्र पूर्व-पश्चिम ध्रुवीकरण र गहिरिँदो उत्तर-दक्षिण विभाजनको समयमा नयाँदिल्लीमा भर्खरै सम्पन्न जी-२० सम्मेलनमा भारतले मुठीभरका राष्ट्रको स्वार्थलाई नभई व्यापक अन्तर्राष्ट्रिय समुदायका सरोकार सम्बोधन गर्न सफल भएको छ।'

आफ्ना भाषणमा प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको बढ्दो आर्थिक र राजनीतिक प्रभावलाई ध्यानमा राख्दै 'विश्वगुरु' का रूपमा विश्वव्यापी मामिलामा नेतृत्वदायी भूमिका खेल्ने दाबी गर्दै आएका छन्। अमेरिका र चीनबीचको तनाव बढ्दै गएका वेला विश्वव्यापी रूपमा आफ्नो कूटनीतिक र आर्थिक प्रभाव बढ्दै गएको र आउने समयमा यो झन् बढ्ने गणना गरेको भारतले आफूलाई ग्लोबल साउथको नेता दाबी गर्न वर्तमान समयलाई सबैभन्दा उपयुक्त ठानेको छ। गत जनवरीमा मोदीले १२५ विकासशील देशका लागि 'भर्चुअल भ्वाइस अफ ग्लोबल साउथ' शिखर सम्मेलन आयोजना गरेका थिए। तर, सम्मेलनमा चीन, ब्राजिल र दक्षिण अफ्रिकालाई निमन्त्रणा गरेनन्। एकजना विश्लेषक लेख्छन्- यी राष्ट्रको उपस्थितिमा भारतले आफूलाई ग्लोबल साउथको आवाजका रूपमा वर्णन गर्न असहज महसुस गरेको हुन सक्छ। हालसालै दिल्लीमा आयोजित जी-२० शिखर सम्मेलनलाई भारतीय प्रमुख समाचार पत्रहरू, टेलिभिजन र सडकभर टाँगिएका बोर्डले भारतलाई 'विश्वगुरु' वा विश्वको शिक्षकका रूपमा घोषणै गरे।

निश्चय पनि विश्व राजनीतिमा भारतको महत्त्व बढ्दै गएको छ। विश्व भूराजनीतिमा भारत एक महान् शक्ति बन्ने सम्भावना वास्तविक हो। तर, यो कत्तिको महत्त्वपूर्ण साबित हुनेछ र विश्वगुरुका रूपमा भारतले विश्वलाई के सिकाउने हो, यस विषयमा भारतसँग न कुनै 'ब्लुप्रिन्ट' छ, न कुनै समझ र सहमति नै छ। केही छ त चीनविरोधी भावना र त्यसलाई ओभरटेक गर्ने बयानबाजी। आर्थिक, सैन्य, विज्ञान र प्रविधि तथा कूटनीतिक क्षमतामा लगानी नगरी कुनै पनि राष्ट्र ठूलो शक्तिका रूपमा उदय हुन सक्दैन। जबसम्म भारत एक बलियो वैश्विक शक्ति बन्दैन, ऊ विश्वगुरु बन्न सक्दैन। शक्तिविना कुनै प्रभाव हुँदैन र प्रभावविना सम्मान पाइँदैन। यदि कुनै देश केही परिवर्तन ल्याउन चाहन्छ भने शक्तिको खोजी आवश्यक छ, अनि मात्र विश्वले उसलाई हेर्न र सुन्न तयार हुनेछ। जयशंकरले विकासशील राष्ट्रहरूको नेतृत्व गर्न चीनभन्दा भारत बढ्दो उपयुक्त रहेको त बताए, तर तथ्य र तथ्यांकले उनको भनाइलाई समर्थन गर्दैनन्। सन् १९५० मा चीन र भारत दुवै अर्थतन्त्र जिडिपीका हिसाबले लगभग समान आकारका थिए। आज चीन अर्थतन्त्र, सैन्यशक्ति, प्राविधिक प्रगति र अन्य हरेक सूचकांकमा भारतभन्दा धेरै अगाडि छ। चीनले विश्वमा ठूलो शक्ति बन्न चौतर्फी प्रगति गरेको छ। भारत भने अझै उदीयमान शक्ति मात्र मानिन्छ।

भारतको उदयको सम्भावनाका बाबजुद पनि उसको आर्थिक र वित्तीय क्षमता चीनको भन्दा निकै कमजोर छ। चीनको जिडिपी भारतको भन्दा पाँचगुणा बढी छ। यसबाहेक, चीनको सैन्य खर्च भारतको भन्दा तीन-चार गुणा बढी छ र यसको विदेशी मुद्रा भण्डारण भारतको भन्दा ६ गुणा ठूलो छ। विश्वव्यापी विकास सहायतामा यसको हिस्सा ठूलो छ। सन् २०२२ मा चीनको प्रत्यक्ष वैदेशिक लगानीको बहिर्गमन १६३ अर्ब अमेरिकी डलर थियो भने भारतको १५ अर्ब डलर मात्र।

पश्चिमा मुलुकले चीनसँगको आर्थिक सम्बन्धमा 'डिकपलिंग' र 'डिरिस्किङ'को नीति लिने बताएसँगै भारतीय विश्लेषकमा भारत नयाँ चीन बन्न सक्ने आशा बढेको छ। तर, अर्थतन्त्रका विभिन्न आयामको विश्लेषण गर्दा भारतले चीनलाई निकट भविष्यमा उछिन्न गाह्रो देखिन्छ। चीनको उत्पादन उद्योगको आकार भारतको भन्दा १० गुणा ठूलो छ। सन् २०२२ को अन्त्यसम्ममा चीनको उत्पादन पाँच ट्रिलियन अमेरिकी डलरभन्दा बढी थियो भने भारतको मात्र ४५ करोड अमेरिकी डलर थियो। चीनले आफ्नो उत्पादन क्षेत्रलाई बलियो बनाउन जोड दिँदै गर्दा भारतले



सफ्टवेयर र आइटी उद्योगमा ध्यान केन्द्रित गरेको थियो। सन् २०१४ मा मोदीले 'मेक इन इन्डिया'को नारा लगाए पनि भारतको कुल गार्हस्थ उत्पादनमा उत्पादन क्षेत्रको हिस्सा बढेको छैन, बरु स्थिर छ।

सन् २०२२ मा भारत र चीनबीचको व्यापार १३५.९८ बिलियन डलर पुगेको थियो। तर, भारतको व्यापार घाटा १०० अर्ब डलर नाघेको छ। यसको कारण भारत कच्चा पदार्थका लागि चीनमा निर्भर हुनु हो। औषधि उद्योग भारतको उत्पादन क्षेत्रका प्रमुख घटक हुन्। तर, यी उद्योगका लागि ७५ प्रतिशत कच्चा पदार्थ चीनबाटै आउँछन्। भारतको उत्पादन क्षेत्रलाई बढावा दिन उसले विदेशी कम्पनीलाई अनुदान दिन थालेको छ। अमेरिकी चिप बनाउने कम्पनी माइक्रोनलाई केन्द्र सरकारबाट कुल परियोजना लागतका लागि ५० प्रतिशत वित्तीय सहायता र गुजरात सरकारबाट कुल परियोजना लागतको २० प्रतिशत वित्तीय सहायता प्रदान गर्ने बताइएको छ। भारत सरकारले यति ठूला अनुदान कहिलेसम्म दिन सक्छ?

प्रधानमन्त्री र अर्थमन्त्री निर्मला सीतारमणले बारम्बार अमेरिकी र युरोपेली व्यापार र उद्योगलाई भारतमा लगानी गर्न आग्रह गरिरहेका छन्, तर त्यसले अहिलेसम्म कुनै उल्लेखनीय नतिजा ल्याउन सकेको छैन। चीनको अभूतपूर्व आर्थिक वृद्धिको प्रमुख चालक भएको उत्पादन 'इकोसिस्टम' भारतसँग छैन। अर्थात् चीनमा उत्पादन हुने लगभग सबै उत्पादन सीधै चीनमै उपलब्ध स्रोतबाट बन्छन्। तर, भारतीय उत्पादकले प्रायः देशबाहिरबाट पार्टपुर्जा आयात गर्छन्, जसले उत्पादनको लागत बढाउँछ। भारतले पूर्वाधार निर्माणमा त्यति खर्च नगरेको हुनाले चीनले झैं 'म्यानुफ्याक्चरिङ' सुविधाको वेब निर्माण गर्न सकेको छैन। एक अनुमानअनुसार स्वतन्त्रतापछिका पहिलो ५० वर्षमा भारतले पूर्वाधार विकासमा औसत कुल गार्हस्थ उत्पादनको तीन प्रतिशत लगानी गरेको थियो भने चीनले सोही अवधिमा करिब नौ प्रतिशत लगानी गरेको थियो।

> जबसम्म भारत एक बलियो वैश्विक शक्ति बन्दैन, ऊ विश्वगुरु बन्न सक्दैन। शक्तिविना प्रभाव हुँदैन र प्रभावविना सम्मान पाइँदैन। अमेरिका र यसका सहयोगीले शक्ति राजनीतिमा भारतलाई 'स्विङ' राष्ट्रका रूपमा हेर्छन् र उसलाई आफ्नो स्वार्थअनुरूप प्रयोग गर्न चाहन्छन्।

पश्चिमा राष्ट्रले चीनप्रति कठोर नीति लिए पनि चीन अहिले विदेशी लगानी प्राप्त गर्ने प्रमुख देश हो। २०२३ को विश्व लगानी प्रतिवेदनअनुसार २०२२ मा भारतमा कुल प्रत्यक्ष विदेशी लगानी ४९.३ बिलियन अमेरिकी डलर रहेको थियो भने चीनमा १८९.१३ बिलियन अमेरिकी डलर।

चन्द्रयान-३ मिसनको सफलतामा बोल्दै प्रधानमन्त्री मोदीले २१औं शताब्दीमा भारतले विश्वको सबैभन्दा ठूलो समस्या समाधान गर्ने बताएका थिए। उनले भनेका थिए- एक समय थियो, जब भारतसँग न आवश्यक प्रविधि थियो, न त कतैबाट कुनै सहयोग। आज, व्यापारदेखि प्रविधिसम्म, भारत पहिलो पंक्तिमा उभिएको छ। निश्चय पनि वर्तमान समयमा देशको सर्वोच्चता र क्षमता त्यस देशको वैज्ञानिक र प्राविधिक आविष्कारमा निर्भर हुन्छ। यस क्षेत्रमा पनि भारत र चीनबीच ठूलो खाडल छ। विश्वको 'फाइभ जी' पूर्वाधारको आधाभन्दा बढी उत्पादन चीनले गर्छ, भारतले मात्र एक प्रतिशत। 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) उत्पादनमा चीन संयुक्त राज्य अमेरिकाको एक मात्र विश्वव्यापी प्रतिद्वन्द्वी हो। वैज्ञानिक अनुसन्धान उत्पादन र 'उच्च प्रभाव' अध्ययन दुवैमा चीन सबैभन्दा अघि छ। २२ मा चीनले अनुसन्धान र विकासमा ४५० बिलियन अमेरिकी डलर खर्च गरेको थियो। अर्कातर्फ भारतीय सरकारी थिंक-ट्यांक नीति आयोगले गरेको अध्ययनअनुसार अनुसन्धान र विकासमा भारतको खर्च विश्वमा सबैभन्दा कममध्ये छ। 'पेटेन्ट' आवेदन र अनुदान दुवैमा भारत चीनभन्दा धेरै पछाडि छ। चीनले भारतको तुलनामा ३५ गुणा बढी पेटेन्ट आवेदन फाइल गर्छ र भारतको तुलनामा ३५ गुणा बढी पेटेन्ट प्राप्त गरेको छ।

२३ को अविश्वास प्रस्ताव बहसमा मोदीले भनेका थिए, आजको भारत न त दबाबमा आउँछ, न त दबाब स्वीकार गर्छ। आजको भारत कसैसामु झुक्दैन। निश्चय पनि भारतीयहरू विश्व मामिलामा एक उच्च र अधिक स्वतन्त्र भूमिकाका लागि इच्छुक छन्। तर, अमेरिका र यसका सहयोगीले विश्व महान् शक्ति राजनीतिमा भारतलाई 'स्विङ' राष्ट्रका रूपमा हेर्छन् र आफ्नो स्वार्थअनुरूप प्रयोग गर्न चाहन्छन्। अहिले भारतको वास्तविक फाइदा यही हो कि, एक मध्यम शक्तिका रूपमा यसले ठूला शक्तिबीचको प्रतिस्पर्धालाई पुँजीकरण गरिरहेको छ। युक्रेन युद्धमा भारतको तटस्थतामा अमेरिकी मौनता, भारतमा खस्कँदो लोकतन्त्र र बढ्दो असहिष्णुतालाई लिएर बाइडेन प्रशासनको अनदेखा र युक्रेनमा रुसी आक्रमणलाई नरम रूपमा जी-२० को घोषणापत्रमा सहमति निर्माण गर्न भारत अवश्य सफल भएको छ। तर, यीमध्ये कुनै पनि मुद्दाले अमेरिकालाई प्रत्यक्ष रूपमा असर गरेको छैन। अमेरिकाले भारतसँग तबसम्म खेल्नेछ, जबसम्म यसले चीनविरुद्ध 'ब्यालेन्सर' (सन्तुलनकारी) का रूपमा काम गर्नेछ। यदि भारतले अमेरिकी हितलाई प्रत्यक्ष असर पर्ने गरी आफ्नो नीतिमा परिवर्तन गरेको खण्डमा अमेरिकाले अवश्य प्रतिकार गर्नेछ। केही रिपोर्टअनुसार क्यानडाली नागरिक निज्जरको हत्यामा भारतीय संलग्नतासम्बन्धी जानकारी क्यानडाले अमेरिकाबाट प्राप्त गरेको थियो। सायद यो अमेरिकाबाट भारतका लागि एक चेतावनी हुन सक्छ। अहिलेको समयमा भारतसँग विकासोन्मुख देशलाई विश्व मञ्चमा नेतृत्व गर्न सक्ने न क्षमता छ, न त स्रोतसाधन। आफ्नो रणनीतिक स्वार्थ पूर्ति गर्न भारतलाई प्रलोभनमा पार्ने अमेरिकी रणनीतिलाई जयशंकरले भारतको बढ्दो प्रभावका रूपमा हेरेका छन् र यसैलाई भारतको प्रभावको स्रोत मानेका छन्। मोदी प्रशासनले चाँडै बुझ्नेछ, सबैका लागि सबै कुरा बन्ने विदेश नीति धेरै समय टिक्न सक्दैन र सबैसँग राम्रो बन्ने प्रयासले भारतलाई विश्वगुरु बनाउनेछैन।

---

३ प्रश्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त **गणेशराज जोशी**लाई



अख्तियारमा पुगेका अधिकांश आर्थिक अनियमिततासम्बन्धी उजुरी स्थानीय तहसँग सम्बन्धित देखिनुले के संकेत गर्छ?

स्थानीय तहमा धेरै स्वार्थ समूह हुन्छन्। तिनका फरक फरक स्वार्थबीच द्वन्द्व हुँदा पनि उजुरीहरू परेका हुन सक्छन्। ठेक्का आफूले नपाउँदा वा उपभोक्ता समितिमा आफू नपर्दा पनि उजुरी गरिदिन सक्छन्। सबै उजुरीमा अनियमितता भएका हुँदैनन्। कहिलेकाहीं क्षमता नभएर पनि समस्या आएको हुन सक्छ। कहिलेकाहीं सम्बन्धित कर्मचारीको अभावले पनि त्यस्तो हुन सक्छ। नागरिक स्तरमा चेतनाको कमीले पनि समस्या निम्त्याउन सक्छ। बलियो निगरानी समूह नहुँदा पनि समस्या बढेको हुन सक्छ।

स्थानीय सरकारमा पुगेका जनप्रतिनिधि नै भ्रष्टाचारी ठहर हुने क्रम बढ्नुको अर्थ के हो?

त्यस्तो उल्लेख्य संख्याका 'केस' त देखिएका छैनन्। केही केस हेर्दा प्राकृतिक स्रोत साधन, विशेषगरी ढुंगा, गिट्टी, बालुवाको उपयोगमा समस्या देखिएका छन्। ऐन, नियम र कार्यविधि नबनाई हामीले गरेपछि जे पनि हुन्छ भन्ने मनस्थितिले अघि बढ्दा समस्या आएको हुन सक्छ। यसले समग्र सुशासनमै प्रभाव पार्न सक्छ।

संघ र प्रदेशमा हुने अनियमितताको प्रभाव स्थानीय तहमा पनि परेको त होइन नि?

यसरी ट्याक्कै 'रिलेट' गर्न त मिल्दैन। माथिकाले जे गर्छन्, त्यसको प्रभाव तल पनि पर्न त सक्छ नै। तर, यसो भन्दैमा हाम्रा स्थानीय जनप्रतिनिधिले माथिबाट सिकेर आर्थिक अनियमितता गरे भनिहाल्न सकिन्न। कसैबाट बुझेरै त कसैबाट नबुझेरै पनि आफूले पाएको अथाह अधिकारको 'मिसयुज' भएको चाहिँ पक्कै हो।

प्रेरक प्रसंग

ढुंगा हान्नेलाई फलफूल

एकपटक महाराज रणजित सिंह हात्तीमा बसेर घुम्नका लागि निस्किए। उनी रमाइलो दृश्यावलोक गरी बाटामा जाँदै थिए। उनी जाँदै गरेको बाटोको एक ठाउँमा केही केटाले ढुंगा हानेर पाकेको बेल झारिरहेका थिए। उनीहरू जोडजोडले ढुंगाले हिर्काएर बेल झार्ने प्रयत्न गरिरहेका थिए। संयोगले उनीहरूले हानेको एउटा ससानो ढुंगाले महाराजा रणजित सिंहलाई लाग्यो। ढुंगा धेरै ठूलो नभएकाले उनलाई चोट भने लागेन। महाराजलाई ढुंगाले लाग्नासाथ उनको सुरक्षामा खटिएका सिपाहीले ती केटाहरूलाई समातेर महाराज रणजित सिंहका अगाडि पेस गरे।

महाराज रणजित सिंहले यस विषयमा आफ्ना मन्त्रीको राय जान्न चाहे। मन्त्रीले भने, 'महाराज, यसरी बाटामा बसेर जथाभावी ढुंगा प्रहार गर्ने दुष्ट केटाहरूलाई कठोर दण्ड दिनुपर्छ। यिनले यसरी रुखमा ढुंगा प्रहार गर्दा अरूलाई नै लाग्न पनि सक्थ्यो, उनीहरू घाइते पनि हुन सक्थे। अहिले महाराज स्वयं पनि झनै घाइते हुनुभएको थियो।



मन्त्रीसँग सल्लाह लिइसकेपछि महाराजले सोधे, 'यी केटाहरू के गरिरहेका थिए?' 'सरकार, यिनीहरू रुखमा ढुंगा हानिरहेका थिए,' सिपाहीले जवाफ दिए। महाराजले फेरि सोधे, 'रुखमा ढुंगा हानिरहेका थिए रे! किन? केका लागि?'

सिपाहीले फेरि जवाफ दिए, 'सरकार, यिनीहरू पाकेको बेल झार्न त्यसरी ढुंगा प्रहार गरिरहेका थिए।' सिपाहीको कुरा सुनिसकेपछि केही क्षण चुप लागेर महाराज रणजित सिंहले भने, 'रुखले ढुंगाको चोट खाएर पनि मिठो फल दिन्छ भने म यी कलिला केटाहरूलाई कसरी दण्ड दिऊँ। म मानिस भएर पनि त्यो रुखजति उदार हुन सक्दिन र? यी सीधासाधा बच्चालाई छोडिदेऊ र यिनीहरूलाई पेटभरि फलफूल खुवाऊ। किनकि, यी विचरा त्यही फल खानका लागि ढुंगा हानिरहेका थिए।'

महाराज रणजित सिंहको आज्ञाको पालना तुरुन्तै गरियो। पेटभरि फल खान पाएपछि केटाहरू दंग पर्दै आआफ्ना घरतिर गए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्थानीय सरकारको भ्रष्टाचार

'शम्भुनाथ नगरका मेयर गुप्ता भ्रष्टाचारी ठहर' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। पछिल्लो समयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेका गुनासामध्ये अधिकांश स्थानीय सरकारसित सम्बन्धित भएको सुनिन्छ। स्थानीय सरकार भनेको जनतासित प्रत्यक्ष र दुःखसुखमा जहिल्यै नजिक हुने सरकार हो। त्यही सरकार भ्रष्ट भयो भने यो देशको उद्धार असम्भव छ। त्यसैले, स्थानीय तहलाई स्वच्छ, मर्यादित र पारदर्शी बनाउन दल, तिनका नेता, कार्यकर्ता र निर्वाचित जनप्रतिनिधि सचेत हुनुपर्ने देखिन्छ। यसका लागि सबै सचेत बनौं। साथै, अख्तियारले पनि यस विषयमा समयमै सबैलाई सेचत गराओस्।

● **वन्दना परियार**, कलंकी, काठमाडौं

मानसिक समस्यामा खेलाँची नगरौं

पछिल्लो समय हाम्रो समाजमा मानसिक समस्या भएको बिरामीको संख्या निकै बढ्दै गएको देखिन्छ। घर, परिवार र समाजले उचित ध्यान दिन नसक्दा या समस्या देखिएपछि बदनामीको डरले लुकाउन खोज्दा कैयौंको अकालमै ज्यानसमेत गएका घटना निकै सुनिन्छन्। देशमा आत्महत्याको दरमा निकै वृद्धि भइरहेको छ। र, यस्ता आत्महत्यामध्ये अधिकांशको कारण मानसिक समस्या नै हुने गरेको छ। त्यसैले, कसैले पनि मानसिक समस्यामा खेलाँची गर्दै नगरौं।

● **अपूर्व महतरा**
बुटवल-६, रुपन्देही

नयाँलाई मौका नदिने हो?

सरकारले केहीअघि शिक्षक महासंघसित आन्तरिक प्रतिस्पर्धाबाट ७५ प्रतिशतलाई स्थायी गर्ने सहमति गऱ्यो। अहिले पुनः सरकारले राहत शिक्षकसित ४० हजार राहत शिक्षकलाई पनि आन्तरिक प्रतिस्पर्धाबाटै स्थायी गराउने सहमति गरेको छ। के यो सरकार नयाँ-नयाँ प्रतिस्पर्धीलाई चाहिँ मौका दिनै चाहन्न हो? के विद्यालय तहको शिक्षालाई ध्वस्त पार्ने तिनै बुढाखाडा शिक्षकलाई नै स्थायी गराएर नयाँको प्रवेशमा 'बन्ध्याकरण' नै गर्ने हो त सरकार?

● **सुमिना विक**
गोठाटार, काठमाडौं

काम गर्नेलाई सहयोग गरौं

हाम्रो जस्तो सानो देश लोकतन्त्र आएको यति लामो समयसम्म पनि किन गरिबीको चपेटामा छ? यसबारे कहीं कतैबाट आवाज उठेको छैन। गणतन्त्र, संघीयता या प्रजातन्त्र भनेकै भरमा देश चल्छ त? कुनै पनि तन्त्र आफैंमा खराब हुँदैन, यसलाई परिचालन गर्ने व्यक्ति सही नभइदिएकाले मात्र आज देशको अवस्था यस्तो भएको हो। मिडियाले पनि यस्ता विषयमा खासै खोजतलास गरेर नेतालाई खबरदारी गर्नुपर्ने हो, तर गर्नुपर्नेजति गरेको देखिन्न। जिम्मेवार व्यक्तिले नै जिम्मेवारी नलिएपछि कसको के लाग्छ?

अहिले हाम्रो काँधमा वैदेशिक ऋणभार २३ खर्ब छ, प्रतिव्यक्ति ७९ हजार ऋणभार छ। त्यो ऋण केका लागि लिइयो भन्ने प्रश्न कहीं कतैबाट उठेको सुनिन्न। देश ऋणमा डुब्दै जाने, नेताहरूचाहिँ मोटाउँदै जाने हो भने राष्ट्र असफल बन्न धेरै लाग्दैन। हामीले ऋण लिँदै नेता पाल्ने कहिलेसम्म हो? भिजन भएका नेता कोही छैनन्। सबका सबले विदेशीसामु हात फैलाउन मात्र जानेका छन्। देशमा उत्पादकत्व बढाउन के गर्न सकिएला भनेर कोही सोच्दैनन्।

स्वतन्त्रबाट निर्वाचित काठमाडौं महानगरका मेयर बालेन्द्र शाहको निकै प्रशंसा भइरहेको छ। उनलाई असफल पार्न राजनीतिक दलका नेतादेखि सामाजिक अभियन्तासम्म लागेको देख्दा अचम्म लाग्छ। उनी असफल हुनु भनेको हामी स्वयं असफल हुनु हो भन्ने चेत कसैमा छैन। मान्छे भएपछि उनीबाट पनि गल्ती कमजोरी हुन सक्छन्। उनले गरेका राम्रा काम हेरौं र कामलाई समर्थन र सहयोग गरौं।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

विश्व जल-संकटको जड कहिले सम्बोधन गर्ने?

संसारका हरेक देशले पानीसम्बद्ध चुनौतीको सामना गरिरहेका भए पनि नीति-निर्माता सामान्य सुधारमै अल्झिरहेका छन्



देश/विदेश

● जोसुआ कास्टेलिनो

मार्च १९७७ मा अर्जेन्टिनाको 'मार डेल प्लाटा'मा संयुक्त राष्ट्रसंघको पहिलो जल सम्मेलनका लागि ११६ देशका प्रतिनिधि भेला भएका थिए। सम्मेलनले त्यतिखेर धेरैको ध्यान तान्न सकेन। विश्व राजनीतिमा मुठीभर शक्तिशाली देशको प्रभुत्व थियो। तीमध्ये अधिकांश समशीतोष्ण क्षेत्रका थिए, जहाँ पानीको खासै अभाव थिएन। ती देशमा प्रदूषण र बाढीलाई प्रमुख मुद्दा मानिँदैनथ्यो। जसले गर्दा विश्वव्यापी जल-संकटको विषयले महत्त्व पाएन।

गत मार्चमा न्युयोर्कमा सम्पन्न यस वर्षको संयुक्त राष्ट्रसंघीय जल सम्मेलनको माहोल यसभन्दा निकै फरक थियो। उपेक्षाको सट्टा यसपटकको सम्मेलनमा पानी-संकट विश्वव्यापी समस्या हो भन्ने स्पष्ट धारणा थियो। केही दशकको अन्तरमा आज संसारका हरेक देश पानीसम्बन्धी चुनौतीको सामना गर्ने स्थितिमा आइपुगेका छन्। यस ग्रहको सबैभन्दा अनमोल प्राकृतिक स्रोत 'पानी'माथि खतरा हाम्रो सामूहिक चुनौती बनेको छ। वैज्ञानिक समुदाय र नागरिक समाजको बलियो संलग्नताले पनि यस संकटका दूरगामी परिणाममा प्रकाश पार्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

सन् १९७७ मा जुन देश जलस्रोतमा बढी जोखिममा थिए, आज ती देश अझ बढी जोखिममा छन्। पानीका स्रोत घट्दै जाँदा मरुभूमिको क्षेत्र खतरनाक दरमा विस्तार भइरहेको छ। भूमिगत पानीका स्रोत समाप्त हुँदै गएका छन्। औद्योगिक गतिविधिबाट उत्सर्जित फोहोरले हाम्रा नदी, ताल र महासागर दूषित भइरहेका छन्। अतिशय उपभोगको अतृप्त प्यासले यी प्रवृत्तिलाई अझ बढाएको छ। जलवायु संकटविरुद्धको प्रतिक्रिया, जस्तै- पानी-संकट सम्बोधन गर्न अपनाउनुपर्ने प्रतिक्रिया पनि विश्वव्यापी समन्वयको अभाव र महत्त्वपूर्ण सुधार रोक्न चाहने स्वार्थ समूहको प्रतिरोधबाट ग्रसित छ।

भारतीय पर्यावरणकर्मी वन्दना शिवाले भनेझैं 'जब समाजका धनी, शक्तिशाली र प्रभुत्वशाली आर्थिक शक्ति'ले पृथ्वीको स्रोत-सम्पदाको न्यायोचित हिस्साभन्दा बढी लिन्छन् 'आदिवासी समुदाय र अल्पसंख्यक समूह' जीविकोपार्जनका लागि चाहिने तिनको हिस्साको पानीबाट समेत वञ्चित हुन्छन्। उनी लेख्छिन्- यसले सम्पूर्ण समुदायलाई 'जल-गरिबी'को बोझ बोक्न बाध्य पार्छ। प्रख्यात जल-अधिकार अभियन्ता राजेन्द्र सिंहले हालै अघि सारेको प्रस्तावले जल समस्या समाधानका लागि अपनाउन सकिने भावी मार्ग देखाउँछ। खडेरी र बाढीसम्बन्धी पिपुल्स वर्ल्ड कमिसनका अध्यक्ष सिंहले पानीमा सद्भाव कायम गर्न आवश्यक १० महत्त्वपूर्ण परिवर्तनको खाका प्रस्तुत गरेका छन्। उनको प्रस्तावित प्रतिबद्धताले मानव केन्द्रित प्रवृत्तिभन्दा पर गएर विश्वको जलचक्रलाई पुनर्जीवित गर्ने र समस्त जीव एवं वनस्पती जगत्को कल्याणको प्रवर्द्धनमा जलशक्तिको उपयोग गर्ने उद्देश्य राखेको छ। सिंहको प्रस्ताव जलवायुमुखी सोचका आधारभूत सिद्धान्त 'प्रणालीको सम्पूर्ण मर्मत'मा निहित छ। यस दृष्टिकोणले मानवतालाई समस्त प्रजातिको व्यापक सम्पूर्णताको हिस्साका रूपमा हेर्छ। नाफा र अनवरत उपभोगका लागि प्राकृतिक स्रोतसाधनको कमोडिफिकेसन (उपभोक्ताकरण) गर्नुको साटो यसले मानिसलाई उनीहरूको कार्यको सम्भावित परिणामप्रति सचेत रहन र आफूले निम्त्याउने कुनै पनि क्षतिको पुनर्निर्माण गर्न प्रोत्साहित गर्छ।

उनको प्रस्तावले तीनवटा आधारभूत प्रश्न खडा गर्छ। पहिलो, विश्वव्यापी जल-संकटलाई सम्बोधन गर्न कस्ता कदम चाल्नु आवश्यक छन्? दोस्रो, ती कदम कसले चाल्नुपर्छ? तेस्रो, सरोकारवालाले महत्त्वपूर्ण प्रणालीगत परिवर्तन लागू गरेको कसरी सुनिश्चित गर्न सकिन्छ? लामो समयदेखि, नीति-निर्माताले घरायसी उपभोगको प्रवृत्तिका ससाना परिवर्तनमा जोड दिएका छन्। यस



तरिकाले पानीको संकटमा नगण्य योगदान भएका समुदाय र परिवारमाथि अनुचित बोझ थोपरेको छ। जल-संकटको मूल कारण ठूलो परिमाणको औद्योगिक उत्पादन, तिनको उत्पादनमा गुणस्तरप्रति बेवास्ता गर्दा हुने व्यापक प्रदूषणलाई सम्बोधन गर्न नसक्नु हो। घरायसी खपत पनि कम गरिनुपर्छ। तर, त्योभन्दा ठूलो कर्पोरेसनलाई दिगो अभ्यास अपनाउन बाध्य पार्नुपर्छ। तर, राजनीति र ठूला व्यापारिक स्वार्थबीच बढ्दो घनिष्टताले यो कामलाई थप जटिल बनाएको छ। प्रणालीगत परिवर्तन पछ्याउनुको सट्टा विश्वका शक्तिशाली सरकार सामान्य सुधारमै अड्किएका छन्। हालै सम्पन्न संयुक्त राष्ट्रसंघीय जल सम्मेलनले आजको संकटको तात्कालिकतामा जोड दिएको छ। यदि सरकारहरू आवश्यक संरचनागत सुधारमा अनिच्छुक वा असमर्थ भए भने त्यहाँ पृथ्वीमा जलस्रोतलाई खतरामा पार्ने प्रणालीलाई सुधार गर्ने दृष्टिकोण र दृढसंकल्प भएका नयाँ नेता पुऱ्याउनुपर्छ।

भारतमा हुकिँदै गर्दा मैले विकसित अर्थतन्त्र बन्ने अभिलाषाले प्रेरित आर्थिक वृद्धिको अथक अभियानलाई नियालेको छु। उच्च शिक्षामा लगानी गरेर, सडक र अस्पताल निर्माण गरेर, उपभोग तथा उत्पादन वृद्धिको माध्यमबाट आर्थिक वृद्धिलाई बढावा दिएर भारत धनी बन्न सक्छ र गरिबी हटाउन सक्छ भन्ने सोचियो। मूलधारको शिक्षा प्रणालीले प्रकृतिको 'उपभोक्ताकरण', एन्थ्रोपोसेन्ट्रिक (मानव केन्द्रमा हुनुपर्छ भन्ने दृष्टिकोण) प्रभुत्व र आपूर्तिलाई मलजल गरिरहेको छ। यसले हाम्रो त्रुटिपूर्ण आर्थिक प्रणालीका आर्किटेक्टलाई सम्मान गऱ्यो र उनीहरूका शब्दलाई पवित्र मान्यो।

आदिवासी समुदायले लामो समयदेखि यस्तो 'प्रगति' भ्रामक भएको चेतावनी दिँदै आएका छन्। तर, उनीहरूको चेतावनीलाई अव्यावहारिक र पिछडिएको भनेर बेवास्ता गरियो। जलवायु परिवर्तनले संसारभर जल तथा खाद्य प्रणालीमा खलल पुऱ्याइरहेका वेला अहिले थुप्रैले आदिवासी ज्ञानतर्फ मोडिनुपर्ने महसुस गरेका छन्। जल-संकटको सबैभन्दा खराब प्रभावलाई कम गर्न सक्ने हामी अन्तिम पुस्ता हुन सक्छौं। व्यक्तिगत लाभका लागि पृथ्वीको दोहन गर्नेहरूलाई जवाफदेही बनाउनु हाम्रो जिम्मेवारी हो।

(माइनोरिटी राइट्स ग्रुप इन्टरनेसनलका कार्यकारी सह-निर्देशक कास्टेलिनो डर्बी विश्वविद्यालयमा अन्तर्राष्ट्रिय र तुलनात्मक कानुनका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

■ माल्दिभ्समा राष्ट्रपति निर्वाचन

परीक्षणमा भारत र चीनसँगको सम्बन्ध

चुनावी मतपरिणामले माल्दिभ्सको विदेश नीतिमा उल्लेख्य प्रभाव पार्नेछ

माल्दिभ्समा राजनीतिक दलले खुलेर भारत वा चीनमध्ये एकको पक्ष लिने गरेका छन् । सन् २०१८ मा निर्वाचन जितेपछि वर्तमान राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले भारतसँग नजिकिने नीति लिए । त्यसअघि पिपिएम नेतृत्वको गठबन्धनले चीनतर्फ झुकाव राखेको थियो ।



राजधानी मालेमा आयोजित चुनावी ऱ्यालीमा राष्ट्रपति इब्राहिम मोहम्मद सोलिह । तस्बिर : एपी

माल्दिभ्सका मतदाताले शनिबारको राष्ट्रपतीय निर्वाचनबाट राष्ट्राध्यक्ष मात्र छान्ने छैनन्, चीन र भारतमध्ये कोसँग नजिक हुने विकल्प पनि छनोट गर्नेछन् । पहिलो चरणमा सबैभन्दा धेरै मत ल्याएका वर्तमान राष्ट्रपति इब्राहिम मोहम्मद सोलिह र राजधानी मालेका मेयर मोहम्मद मुइज्जुबीच दोस्रो चरणमा प्रतिस्पर्धा हुँदै छ । सोलिहको मुद्दामा 'भारत-पहिलो' नीति छ । उता मुइज्जुको दल प्रोग्रेसिभ पार्टी अफ माल्दिभ्स (पिपिएम) चीनसँग नजिक मानिन्छ । पिपिएममा सत्तामा हुँदा माल्दिभ्स र चीनबीच घनिष्ठ सम्बन्ध थियो । त्यस्तै पिपिएमले सन् २०१३ देखि २०१८ सम्म सत्तामा रहँदा विपक्षीविरुद्ध व्यापक धरपकड गरेको आरोप छ ।

सेप्टेम्बर ८ मा भएको पहिलो चरणको मतदानमा मुइज्जुले झन्डै ४६ प्रतिशत मतसहित अग्रस्थान हासिल गरेका थिए । न्यून मतदान दर र 'माल्दिभियन डेमोक्र्याटिक पार्टी (एमडिपी)' गठबन्धनभित्रको कलहका कारण प्रभावित सोलिहले ३९ प्रतिशत मतसहित दोस्रो स्थान हासिल गरे । कुनै दलले पचास प्रतिशत मत हासिल नगरेकाले शनिबार दोस्रो चरणको मतदान भएको हो । सोलिहले दोस्रो चरणमा थप मतदाता आकर्षित गर्न आवास तथा पारिश्रमिक वृद्धिलगायत वाचामा जोड दिएका छन् । पर्यवेक्षकले शनिबारको मतदानको विजेता निकै झिनो अन्तरले मात्र अघि हुने प्रक्षेपण गरेका छन् । र, यस चुनावमा छिमेकी भारतसँगको सम्बन्ध एक प्रमुख मुद्दाको रूपमा रहेको छ ।

■ चीन-भारत प्रतिद्वन्द्विता

चुनावी मतपरिणामले माल्दिभ्सको विदेश नीतिमा उलेख्य प्रभाव हुनेछ । यसले माल्दिभ्समा प्रभाव जमाउने प्रतिस्पर्धामा रहेका चीन र भारतबीचमध्येबाट विजयी तय गर्नेछ । सन् २०१८ मा चुनाव जितेयता सोलिहले नयाँदिल्लीबाट एक अर्ब डलरभन्दा बढी ऋण लिएका छन् । भारतबाट लिइएको ऋणमा देशको राजधानी मालेमा महत्त्वपूर्ण आवास र यातायात परियोजनाका लागि लिइएका रकम पनि समावेश छ । माल्दिभ्सले चीनबाट पनि उत्तिनै ऋण लिएको छ । सोलिहका पूर्ववर्ती यामिनको शासनमा बेइजिङले मालेलाई देशका अन्य टापुसँग जोड्ने पुलदेखि देशको मुख्य अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतिका लागि ऋण प्रदान गरेको थियो । माल्दिभ्सको एक थिंक ट्यांक 'बानी सेन्टर फर इन्टरनेसनल पोलिसी'का अनुसार सन् २०२१ को अन्त्यसम्ममा देशको कुल गार्हस्थ उत्पादनमा चीन र भारत ऋणको अनुपात २६ प्रतिशत थियो ।

माल्दिभ्समा दलले खुलेर भारत वा चीनमध्ये एकको पक्षधरता लिने गरेका छन् । सन् २०१८ मा निर्वाचन जितेपछि वर्तमान राष्ट्रपति सोलिहले भारतसँग नजिकिने नीति लिए । त्यसअघि पिपिएम नेतृत्वको गठबन्धनले चीनलाई नजिक राख्ने नीति लिएको थियो । विपक्षी दलका रूपमा पिपिएमले देशभित्र नयाँदिल्लीको प्रभाव बढेको आरोप लगाउँदै 'भारत देशबाट निस्क' भन्ने अभियान नै चलाएको थियो । 'दोस्रो चरणको मतदानमा भारत आफैंमा एक मुद्दा बनेको छ । सामाजिक सञ्जालमा पहिलो चरणमा भन्दा बढी अहिले भारतविरोधी पोस्ट देखिएका छन्,' भारतीय विश्लेषक एन. साथिया मुर्थीले भने ।

■ लोकतन्त्रमाथिको जोखिम

सरकार परिवर्तनले देशको विदेश नीति मात्र होइन, यसको शिशु प्रजातन्त्रको समेत परीक्षण गर्नेछ । यामिनको सरकारमा मन्त्रिपरिषद् सदस्य रहेका मुइज्जु चुनाव जिते देशलाई यामिन कालकै अधिनायकवादमा फर्काउन सक्ने डर व्यक्त गरिँदै छ । यामिनले उनको कार्यकालमा उनीसँग असहमत हुने लगभग सबै विपक्षी नेतालाई जेलमा हालेका थिए । पत्रकारमाथि विभिन्न अभियोग लागेको थियो । यामिनको सरकारमाथि सार्वजनिक कोषबाट करोडौं डलर चोरी गरेर ती रकम न्यायाधीश, विधायक र नियामक निकायका सदस्यको समर्थन किन्न प्रयोग गरिएको आरोप लागेको थियो । उनले एक युवा पत्रकार र एक ब्लगरको हत्यापछि पनि अल-कायदा र आइएसको बढ्दो उपस्थितिप्रति आँखा चिम्लिएका थिए । 'लोकतान्त्रिक राजनीतिसँगको माल्दिभ्सको प्रयोग अझै पनि कजमोर देखिन्छ । पिपिएम सत्तामा हुँदा यो प्रयोग गम्भीर खतरामा थियो । मुइज्जु त्यो सरकारको क्याबिनेट मन्त्री रहेको तथ्यले उनको जितको सम्भावनामा मलाई लोकतन्त्रको भविष्यप्रति साँच्चै चिन्ता आएको छ,' पर्थस्थित वेस्टर्न अस्ट्रेलिया विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिमा अध्यापक र अनुसन्धान फेलो अजिम जाहिरले भने ।

आशंका बीचमा मुइज्जुले बारम्बार आफ्ना राजनीतिकविरोधीको प्रतिशोध नसाध्ने वाचा गरेका छन् । 'म क्रूरतालाई समर्थन गर्दिनँ । मसँग असहमत भएका मेरा विपक्षीविरुद्ध कारबाहीमा उत्रिन्नँ, सबैलाई राजनीतिक गतिविधि गर्ने अवसर हुनेछ,' ४५ वर्षीय मेयरले गत हप्ता धौरु अखबारलाई भने । सोलिहले भने मुइज्जुको यस प्रतिबद्धतालाई खारेज गरेका छन् । सोलिहले शनिबारको मतदानलाई लोकतन्त्र र निरंकुशताबीचको प्रतिस्पर्धाको रूपमा चित्रण गरेका छन् । 'यो चुनाव माल्दिभ्समा शान्ति र स्थिरता वा क्रूरता, डर र अराजकताबीचको मतदान हो । यदि तपाईंले मलाई मत हाल्नुभएन भने सम्पूर्ण माल्दिभ्सले शोक र आँसु बगाउनुपर्ने हुन सक्छ,' ६१ वर्षीय सत्तारूढ राष्ट्रपति सोलिहले चुनावको पूर्वसन्ध्यामा समर्थकलाई भने ।

राष्ट्रपति सोलिहले दोस्रो चरणको चुनावका लागि पहिलो चरणको चुनावमा तेस्रो, चौथो र पाँचौं बनेका उम्मेदवारको समर्थन जित्न खोजेका थिए । तर, त्यस प्रयासले कुनै प्रतिफल दिलाएन । पहिलो चरणको मतदानमा राजनीतिज्ञ इलियास लबिब तेस्रो भएका थिए । सात प्रतिशत मत पाएका लबिब डेमोक्र्याट पार्टीका उम्मेदवार थिए । सो पार्टी संसद्का सभामुख तथा पूर्वराष्ट्रपति मोहम्मद नासिदले स्थापना गरेको दल हो । यस वर्षको सुरुमा गठबन्धनभित्रबाट उठ्ने उम्मेदवारका लागि नासिद र सोलिहबीच कडा प्रतिस्पर्धा थियो । सो चुनाव हारेपछि नासिद सोलिहसँग आक्रोशित देखिन्छन् ।


नासिद र डेमोक्र्याट सोलिहलाई सन् २०१८ को अभियानका वाचाअनुरूप देशका भ्रष्टाचार काण्ड र अल-कायदा सम्बन्धित हत्याका पीडितलाई न्याय दिन असफल भएको आरोप लगाउँछन् । तिनले सोलिहको सरकारले राजनीतिक संरक्षणको बृहत् सञ्जाल बनाइएको, मिडियालाई किन्न सरकारी संस्थानको प्रयोग गरिएको र राजनीतिक वफादारी सुनिश्चितका लागि हजारौं रोजगारी सुनिश्चितताको आरोप लगाएका छन् । तथापि सरकारले यी आरोपलाई अस्वीकार गरेको छ ।

डेमोक्र्याटको समर्थनविना सोलिह दोस्रो चरणमा पुगेका थिए, तथापि ठूलो प्रतिकूलतासहित । माल्दिभ्सका पूर्वविदेशमन्त्री र युनाइटेड किंगडमको एसेक्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका प्राध्यापक अहमद साहिदका अनुसार सोलिहले बलियो गठबन्धन बनाउन नसक्नु सबैभन्दा ठूलो कमजोरी रह्यो । 'नासिदको खुला समर्थनविना, डेमोक्र्याट समर्थकले सोलिहलाई भोट दिने सम्भावना छैन । यो एकदम कडा प्रतिस्पर्धा हुन गइरहेको छ । कुनै पनि उम्मेदवार आफूले सहजै जित्ने घोषणा गर्ने अवस्थामा छैनन्,' साहिदले भने ।

- अलजजिराबाट

इतिहासमा आज

अक्टोबर १



सन् १९४९ : जनगणतन्त्र चीन स्थापना । आजकै दिन माओ जेदोङले जनगणतन्त्र चीनको घोषणा गरे ।

सन् १९५७ : वाक-वाक नहुने तथा मर्निङ सिकनेसका लागि थालिडोमाइड औषधि सार्वजनिक । सुरुका पाँच वर्ष यो औषधि गर्भवती महिलाको मर्निङ सिकनेस उपचारका लागि प्रयोग गरिएको थियो । तर, औषधिले जन्मजात दोष निम्त्याएपछि अन्ततः बजारबाट बजारबाट फिर्ता गरिएको थियो ।

सन् १९६१ : मा संघीय गणतन्त्र क्यामरुन गठन भयो । संघीय गणतन्त्र क्यामरुन गठनका लागि ब्रिटिस क्यामरुन र दक्षिण क्यामरुन गणतन्त्र क्यामरुनमा सामेल भए ।

सन् १९९१ : क्रोएसियाको स्वतन्त्रताको युद्धमा दक्षिण पश्चिम क्रोएसियाको दुबरोभनिकमा सेनाको घेराबन्दी । आजकै दिन युगोस्लाभ जनसेनाले दुब्रोभनिकमा आफ्नो आक्रमण सुरु गऱ्यो ।

सन् १९९४ : गणतन्त्र पालाउ आधिकारिक रूपमा सार्वभौमसत्तासम्पन्न राज्य घोषित ।

विश्व संक्षेप

दिल्लीस्थित अफगानी दूतावास बन्द

नयाँदिल्ली / नयाँदिल्लीमा रहेको अफगान दूतावास बन्द भएको छ । भारत सरकारको असहयोगका कारण दूतावास बन्द गर्नुपरेको दूतावासका एक सञ्चार अधिकृतले बताएका छन् । सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि अफगान सरकारको प्रतिनिधित्व गरेका अधिकांश कूटनीतिक कर्मचारी स्वदेश फर्किएको महिनौं भएको छ भने रिक्त पदमा नयाँ नियुक्ति गरिएको छैन ।

भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँदिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोली मात्र परिचालन गरेको छ ।

यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा यही सेप्टम्बर ३० देखि दूतावास बन्द हुने जानकारी दिइएको छ । गत जुनमा भारतका लागि अफगान राजदूत फरिद मामुन्दजाई नयाँ सत्तासँग आफ्नो कुनै राजनीतिक सम्बन्ध नभएको बताउँदै भारतबाट बेलायततर्फ प्रस्थान गरेका थिए ।

अफगान दूतावासले शिक्षा, कन्सुलर सेवा, मानवीय सहायता र अफगान व्यापारीलाई व्यापार- वाणिज्यका मुद्दामा मद्दत गर्न नसकेको, भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनको प्रतीक्षा गरिरहेका अफगान विद्यार्थीलाई सहयोग गर्न नपाएकोलगायत भारत सरकारका सम्बन्धित निकायको प्रशासनिक एवं कूटनीतिक असहयोगका कारण दूतावास बन्द गर्न बाध्य भएको भारतीय विदेश मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ ।

अमेरिका-भारत सैन्य अभ्यास सुरु

न्युयोर्क / अमेरिकी र भारतीय सेनाको संयुक्त युद्ध अभ्यास अमेरिकामा सुरु भएको छ । दुई देशबीच जारी युद्धाभ्यासअन्तर्गत यो संयुक्त रणनीतिक अभ्यास हो । दुवै देशका सेनाले शुक्रबार अलास्कामा अभ्यास गरेका भारतीय सेनाका अधिकारीले बताएका छन् । अभ्यासमा सहभागी हुन भारतीय सेनाको टुकडी हालै अलास्का पुगेको हो । सैन्य अधिकारीले यसबाट उत्कृष्ट अभ्यास र अनुभवको आदानप्रदान, एक-अर्काबाट सिक्न सहज हुने, अन्तरसञ्चालन क्षमता अभिवृद्धि र दुई देशका सेनाबीचको सम्बन्धलाई सुदृढ बनाउने बताएका छन् । संयुक्त युद्ध अभ्यास यही असोज २१ गतेसम्म जारी हुनेछ । अभ्यासको अलास्का संस्करणमा भारतीय सेनाका तीन सय ५० जवान सम्मिलित छन् ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: नारायणगढ, चितवन
फोन: ०५६- ५२६२०१

शाखा कार्यालय: खाँदबारी, संखुवासभा
फोन: ०२९- ५६२८६०

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/१४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: नारायणगढ, चितवन

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, भरतपुर, चितवनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६९/०४/२८ मा प्रा.फ.द.नं. १५१/२०६९/०७० कायम भई दर्ता भएको चितवन जिल्ला, मंगलपुर गा.वि.स/न.पा. वडा नं. ९ स्थित **गिताञ्जली सिसा एण्ड प्लाइ प्रोप्राइटर: तिर्थराज खड्का**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पहलमान खड्काको नाति, कमल बहादुर खड्का क्षेत्रीको छोरा, चितवन जिल्ला, मंगलपुर गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **तिर्थराज खड्का (ना.प्र.प.नं. १७४/०४४, चितवन)**

२. काली बहादुर खड्काको नाति, पहलमान खड्काको छोरा, चितवन जिल्ला, देवौली गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **कमल बहादुर खड्का क्षेत्री (ना.प्र.प.नं. ४१५, चितवन)**

३. पहलमान खड्काको बुहारी, कमल बहादुर खड्का क्षेत्रीको पत्नी, चितवन जिल्ला, देवौली गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **पुर्ण माया खडका (ना.प्र.प.नं. ४१६, चितवन)**

४. कमल बहादुर खड्का क्षेत्रीको बुहारी, तिर्थराज खड्काको पत्नी, चितवन जिल्ला, मंगलपुर गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **इन्द्र खड्का (ना.प्र.प.नं. ३५१०२६/२०७, चितवन)**

धितोमा रहेको सम्पतिको विवरण

तिर्थराज खड्काको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ७०६ को क्षेत्रफल ०-०-१० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय: खाँदबारी, संखुवासभा

१. ऋणी तथा व्यक्तिगत जमानतकर्ताको विवरण

लाक्पा शेर्पाको नाति, दातेन्जी शेर्पाको छोरा, संखुवासभा जिल्ला, सिद्धकाली गा.वि.स/न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **पासाङ दार्षी शेर्पा (ना.प्र.प.नं. १०३०२६/२४१, संखुवासभा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **पासाङ दोर्षी शेर्पाको** नाममा मालपोत कार्यालय संखुवासभा, चैनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला, चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ स्थित कित्ता नं. १६५८ र १७०६ को क्रमशः क्षेत्रफल १०५.०० र ५४.०० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

२. **साविक विराट लक्ष्मी विकास बैंक लिमिटेड हाल प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय कोशीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

मोडल	च्यासीस नं.	इन्जिन नं.	दर्ता नं.
Mahindra Scorpio S4 2WD-2016	MA1TA2SJXG2J28252	SJG4J18556	Ko. 2 Cha. 57

२. ऋणीको विवरण

चन्द्र बहादुर तामाङको नाति, सेर बहादुर तामाङको छोरा, संखुवासभा जिल्ला, वाना गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी गा.वि.स./न.पा. वडा नं. ९, बस्ने **रामकाजी तामाङ (ना.प्र.प.नं.: १०१०२२/९, संखुवासभा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सेर बहादुर तामाङको बुहारी, रामकाजी तामाङको पत्नी, संखुवासभा जिल्ला, वाना गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी गा.वि.स./न.पा. वडा नं. ९, बस्ने **विष्णु कुमारी तामाङ (ना.प्र.प.नं.: १०१०२२/५१, संखुवासभा)**

२. ओडेल तामाङको नाति, चन्द्र बहादुर तामाङको छोरा, संखुवासभा जिल्ला, लिङलिङफापुङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी गा.वि.स./न.पा. वडा नं. ९, बस्ने **सेर बहादुर तामाङ (ना.प्र.प.नं.: १६९२-१८७८१, संखुवासभा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **सेर बहादुर तामाङको** नाममा मालपोत कार्यालय चैनपुर, संखुवासभाको लगतमा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला, वाना गा.वि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. ४३८, ४३७ र ६२६ को क्रमशः क्षेत्रफल ३७५.००, ७६३०.०० र ३१००.०० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

२. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय कोशीमा दर्ता रहेसको तपसिल बमोजिमको सवारीसाधन :**

मोडल	च्यासीस नं.	इन्जिन नं.	दर्ता नं.
John Deere Tractor 5310- 2017	1PY5310ETHA023593	PY3029D434800	Ko. 2 Ta. 7680

३. ऋणीको विवरण

धन बहादुर राईको नाति, गंगा बहादुर राईको छोरा, संखुवासभा जिल्ला, सभापोस्खरी गा.वि.स./न.पा. वडा नं.१ स्थित स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, सभापोस्खरी गा.वि.स./न.पा. वडा नं. ६ बस्ने **गोबिन्द राई (ना.प्र.प.नं.२१८९, संखुवासभा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

गंगा बहादुर राईको बुहारी, गोबिन्द राईको पत्नी, संखुवासभा जिल्ला, खाँदबारी गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, सभापोस्खरी गा.वि.स./न.पा. वडा नं. ६ बस्ने **आईतमाया लिम्बु (ना.प्र.प.नं.१४५८/१६६, संखुवासभा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **गोबिन्द राईको** नाममा मालपोत कार्यालय खाँदबारी, संखुवासभाको लगतमा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला, सभापोस्खरी गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. १६९ र ३६३ को क्रमशः क्षेत्रफल ५४००.०० र २४९०.०० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय कोशीमा दर्ता रहेसको तपसिल बमोजिमको सवारीसाधन :**

मोडल	च्यासीस नं.	इन्जिन नं.	दर्ता नं.
John Deere Tractor 5310- 2016	1PY5310EKGA014328	PY3029D406489	Ko. 2 Ta. 5655

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०६/१४ गते आइतबारदेखि यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोस्खरी काठमाण्डौ तथा शाखा कार्यालयहरु नारायणगढ, चितवन र खाँदबारी, संखुवासभाबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/२८ गते आइतबार सार्वजनिक विदा परेकोले मिति २०८०/०६/२९ गते सोमबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/३० गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोस्खरी काठमाण्डौ तथा शाखा कार्यालयहरु नारायणगढ, चितवन र खाँदबारी, संखुवासभामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

कसरी चल्छ अर्थतन्त्र ?

अर्थतन्त्र चक्रीय प्रवाहमा रहन्छ, जसमा वित्तीय क्षेत्र, सरकारी निकाय र बाह्य लगानी, उत्पादन, आपूर्ति, उपभोग, आयात र निर्यात गरिरहन्छन्



अर्थ संवाद

● गोपीनाथ मैनाली

अल्पविकसित मुलुकका सरकार उच्च आर्थिक वृद्धिदर कसरी प्राप्त गर्ने भन्नेमा चिन्तित छन् भने आर्थिक वृद्धि निश्चित गर्न विकसित मुलुक चिन्तित छन् । लोकतन्त्रको सबल आधार नै आर्थिक वृद्धि हो । उत्पादन, रोजगारी र आपूर्तिलगायतका क्रियाकलापले लोकतन्त्रलाई रक्षाकवच दिन नसके यो अवधारणा मात्र हुन्छ, क्रियात्मक हुन सक्दैन । लोकतन्त्र कार्यमूलक हुनु भनेको जनताको दैनिकीलाई प्रत्यक्ष सम्बोधन गर्ने अवसरको निर्माण तथा वितरण हो । आर्थिक अवसरविनाको स्वतन्त्रता अपूर्ण हुन्छ ।

अर्थतन्त्र भनेको सीमित (दुर्लभ) साधनको आदर्श अभ्यासबाट वस्तुसेवा उत्पादनदेखि उपभोगसम्मको प्रणाली हो । परम्परागत अर्थमा उत्पादनका साधनमा भूमि, श्रम, पुँजी तथा कच्चा पदार्थलाई लिने गरिन्थ्यो । आजभोलि ज्ञान तथा प्रविधिलाई पनि उत्पादनका साधनका रूपमा लिने गरिन्छ । आकांक्षा/आवश्यकताका सापेक्षमा साधन न्यून हुने र यसलाई तत्काल बढाउन पनि नसकिने भएकाले साधनलाई सीमित वा दुर्लभ भनिन्छ र यसलाई बढीभन्दा बढी उपयोगिता सिर्जना हुने क्षेत्रमा उपयोग गरिन्छ । उत्पादनका साधनको अभ्यास जति कार्यकुशल हुन्छ, त्यसैको सापेक्षमा आर्थिक वृद्धि र विकास प्राप्त हुन्छ ।

हामी अर्थतन्त्र चलायमान होस् भन्ने चाहन्छौं । तर, कसरी यसले काम गर्छ भन्नेतर्फ विचार गर्दैनौं । आर्थिक विकास भएन भनेर चिन्ता लिन्छौं । तर, त्यसका प्रक्रिया र चरणका विषयमा ध्यान दिँदैनौं । अर्थतन्त्र सञ्चालन भनेको वस्तुसेवा उत्पादनदेखि उपभोगसम्मको सम्बन्ध हो । उत्पादन माग तथा पूर्ति (बजार प्रणाली)ले निर्धारण गर्दछ । पहिला बजार वा कारोबारको क्षेत्र स्थानीय थियो, अहिले यो विस्तार भएर वैश्विक भएको छ । अर्थतन्त्र सञ्चालनको सम्बन्धमा कुनै पनि अर्थतन्त्रको स्रोत आधार (प्राकृतिक साधन, मानवीय संसाधन, पुँजी र प्रविधि) कस्तो छ ? कति उत्पादन गरिन्छ ? मानिसहरू कसरी मौद्रिक व्यवहार (बचत-ऋण) गर्दछन् ? बजारमा वस्तुको मूल्यले मानिसको व्यवहारलाई कसरी प्रभावित गरिरहेको छ ? सरकारले के-कति कर लगाउँछ ? भन्ने विषयले प्रभाव पार्दछ । यसर्थ, यी पाँच कुरा नै अर्थतन्त्र चलायमान बनाउने आधार हुन् ।

जसरी अर्थतन्त्रले व्यक्तिको कार्यव्यवहारलाई प्रभाव पार्छ, त्यसरी नै व्यक्तिको कार्यव्यवहारबाट पनि अर्थतन्त्र प्रभावित हुन्छ । व्यक्तिले गर्ने बचत, लगानी, उपभोगजस्ता व्यवहार अर्थतन्त्रमा प्रभाव पार्ने विषय हुन् । विस्तृत रूपमा भन्दा अर्थतन्त्र सञ्चालनमा पाँच क्षेत्रको भूमिका रहन्छ, घरपरिवार, फर्म वा व्यवसाय, वित्तीय क्षेत्र, सरकार र बाह्य क्षेत्र । घरपरिवार क्षेत्रले उपभोग गर्छ, श्रम बेचेर ज्याला लिन्छ, बचत गर्छ, ऋण लिन्छ र कर तिर्छ । फर्म/व्यवसाय क्षेत्रले व्यवसाय सञ्चालन गर्दछ, वस्तुसेवा उत्पादन गर्छ, आपूर्ति गर्छ, वित्तीय साधन ऋण लिन्छन्, बचत गर्छ र सरकारलाई कर तिर्छ । वित्तीय क्षेत्रले व्यक्ति वा फर्मबाट बचत लिन्छ, व्यक्ति वा फर्मलाई ऋण दिन्छ र कर तिर्छ । सरकारी क्षेत्रले व्यक्ति वा फर्मबाट कर लिन्छ र सार्वजनिक सेवाकार्यमा खर्च गर्छ । बाह्य क्षेत्रले वस्तुसेवा आयात वा निर्यात गर्छ ।

यस अर्थमा अर्थतन्त्र एउटा चक्रीय प्रवाहमा रहन्छ । जुन चक्रमा घर परिवार, फर्म व्यवसाय, बैंक वित्तीय क्षेत्र, सरकारी निकाय र बाह्य क्षेत्र लगानी, उत्पादन, आपूर्ति, उपभोग, खर्च, लगानी, आयात र निर्यात गरिरहन्छन् । यो चक्रीय ढाँचालाई अर्थशास्त्रीहरू आगमन आयाम (इन्जेक्सन) र निर्गमन आयाम (लिकेज) भन्ने गर्दछन् । इन्जेक्सनअन्तर्गत लगानी, सरकारी खर्च र निर्यात रहन्छ । लिकेजअन्तर्गत बचत, कर र आयात पर्दछ । जब लगानी, सरकारी खर्च, निर्यात (इन्जेक्सन)को कुल योग बचत, कर र आयात (लिकेज)को कुल योगभन्दा बढी हुन्छ, आर्थिक वृद्धि भएको मानिन्छ । आर्थिक वृद्धिले अर्थतन्त्रको आकार बढाउँछ ।

अर्थतन्त्रको आकार बढ्नु भनेको लगानी, उत्पादन र रोजगारीको आकार बढ्नु हो । यसको मापन कुल गार्हस्थ्य उत्पादन सूचक (जिडिपी)बाट गरिन्छ । अर्थतन्त्रको साइज सात-आठ वर्षमा दोब्बर हुन्छ भने त्यस अर्थतन्त्रमा आर्थिक गतिविधि विस्तार भएको मानिन्छ । उदाहरणका लागि चिनियाँ अर्थतन्त्रमा सात-आठ वर्षमा नै 'इकोनोमिक डबल टायम' प्राप्त भएको छ । त्यसैले चीनलाई बाघ अर्थतन्त्रतर्फ अग्रसर भएको मुलुक भनिन्छ । भारत पनि त्यस्तै अभीष्टमा क्रियाशील छ ।

अर्थतन्त्रलाई चलायमान बनाउने उल्लिखित पाँच क्षेत्र एक-अर्कालाई प्रभाव पारिरहेका हुन्छन् । जस्तो कि, सरकारले लगाउने कर, विनियोजन तथा खर्चले घर परिवार, फर्म व्यवसाय, बैंक वित्तीय संस्था र बाह्य व्यापारलाई प्रभाव पार्दछ । घर परिवारको खर्च वा बचत व्यवहारले प्रभावकारी माग सिर्जना गरी फर्म व्यवसाय, सरकारी कोष, बैंक तथा वित्तीय क्षेत्र र आयात तथा निर्यातलाई प्रभाव पार्दछ । त्यस्तै, फर्मले उत्पादन गर्ने वस्तुको परिमाण, स्तर, मूल्य र आपूर्ति एवं मूल्यशृंखलाबाट घर परिवार, बाह्य व्यापार, वित्तीय संस्था, बाह्य व्यापार र राजस्व असुली प्रभावित हुन्छ । वित्तीय क्षेत्रले प्रवाह गर्ने सस्तो वा महँगो पुँजीले उत्पादन, उपभोग, बजार र राजस्व संरचनालाई प्रभाव पार्दछ । बाह्य वस्तु तथा सेवा प्रवाहले अन्य चार पक्षलाई प्रभाव पारिरहेको हुन्छ ।

आजभोलि राष्ट्रिय अर्थतन्त्र विश्वअर्थतन्त्रको भाग बनी अन्तरनिर्भरता (परनिर्भरता ?) विस्तार गरिरहेकाले बाह्य क्षेत्र पनि धेरै प्रभावशाली देखिएको छ ।

वास्तवमा पुँजी प्रविधिको निरन्तर प्रवाह गर्ने काम कर्पोरेट गुरिल्लाले गर्न थालेका अदृश्य हातहरू फैलिएका छन् । श्रम तथा पुँजी निरन्तर गतिशील भएकाले बाह्य क्षेत्रको महत्व अरू बढेको छ ।

अर्थतन्त्र चलायमान गराउन पूर्तिपक्षीय र मागपक्षीय नीतिहरूबीच सन्तुलन खोजिन्छ । निजी क्षेत्रबाट करदरको कटौती, सार्वजनिक खर्च विस्तार, ब्याजदरको कटौती,



> लोकतन्त्रको सबल आधार नै आर्थिक वृद्धि हो । उत्पादन, रोजगारी र आपूर्तिलगायत क्रियाकलापले लोकतन्त्रलाई रक्षाकवच दिन नसके यो अवधारणा मात्र हुन्छ, क्रियात्मक हुन सक्दैन ।

व्यवसायमैत्री वातावरण निर्माण, सामाजिक सुरक्षा र अनुदानको व्यवस्थीकरणको माग भइरहेको छ । त्यस्तै, सरकार (पूर्तिपक्ष)बाट करदरको कटौती र दायरा विस्तार, अनुदान र सामाजिक सुरक्षा कटौती, शिक्षा तथा सीप विकास, अनुसन्धान र अन्वेषण, प्रोत्साहन/सहुलियत र प्रतिस्पर्धात्मक वातावरणको प्रतिबद्धता हुँदै आएका छन् । तर पनि आर्थिक गतिविधि अपेक्षित रूपमा विस्तारित छैनन् । पर्याप्त सम्भावनाका बाबजुद पनि आर्थिक गतिशीलता विस्तार हुन सकेको छैन ।

यसर्थ, अर्थतन्त्र चलायमान बनाउनु भनेको आर्थिक गतिशीलता (बचतदेखि उपभोगसम्म) बढाउनु हो । अर्थतन्त्रका पाँच क्षेत्रहरू समान क्रियाशीलतामा रहे पनि अन्य चार क्षेत्रको सहजकर्ता र नियामक भने सरकार हो । सबै पक्ष उच्च विश्वासका साथ चलायमान भएपछि मात्र अर्थतन्त्र विस्तार हुन्छ । आर्थिक नीतिको मियो सरकार हो, पार्टपुर्जा व्यवसायी, वित्तीय क्षेत्र र सर्वसाधारण हुन् । आर्थिक नीतिका चार स्तम्भ वित्त नीति, मौद्रिक नीति, संरचनात्मक सुधार र बाह्य क्षेत्र नीतिबीच हार्मोनी हुनुपर्छ । सरकारले उच्च, फराकिलो, समावेशी र दिगो आर्थिक वृद्धिको नेतृत्व लिनुपर्दछ ।

नेपालमा अर्थतन्त्र चलायमान भएन, निजी क्षेत्रको क्रियाकलाप मन्दी (ब्यालेन्स सिट रिसेसन) र उपभोक्तामा खस्कँदो उपभोग (कन्जम्पसन डाउनग्रेड) भई सघन आर्थिक संकटतर्फ मुलुक जाला कि भन्ने चिन्ता उद्योगी व्यवसायीबाट भइरहेको छ, यसले सबल आर्थिक नीति व्यवहारको माग गर्दछ । जसले अर्थतन्त्रको गति र प्रवृत्तिको निरन्तर अन्वेषण एवँ आकलन गरी सहजकारी आर्थिक नीति चाहिन्छ भन्ने देखाएको छ । आर्थिक नीतिशिल्पीहरूको व्यावसायिक अग्रसरतामा नै आर्थिक क्षेत्रका क्रियाकलाप स्वचालित रूपमा क्रियाशील हुन्छन् ।

आर्थिक गतिविधि विस्तारका लागि स्थानीय स्तर र घरपरिवार तहदेखि आर्थिक गतिविधि विस्तार गर्ने अभियान चाहिन्छ । स्थानीय आर्थिक गतिविधिलाई ठूला उद्यमी व्यवसायसँग सहकार्य गर्ने विधि र विश्वासको वातावरण चाहिन्छ । पूर्वचेतावनीका संकेतहरू समयमै पहिचान गर्ने, एक नीति उद्देश्यका अर्कोतिर पर्ने साइड इफेक्टप्रति सावधान हुने, संकट आउन नदिन सरकार, केन्द्रीय मौद्रिक पदाधिकारी समयमै सक्रिय हुने, नियमनकारी निकायले बैंक तथा वित्तीय संरचनामा सबल जोखिम प्रणाली लागू भएको सुनिश्चित गर्ने, बैंकहरूको जोखिम प्रणाली बलियो बनाउने, जोखिम सम्पत्ति आक्रामक रूपमा होइन, सन्तुलित रूपमा लैजाने, बजार उच्छृङ्खलता नियन्त्रणका लागि नियामकीय सक्रियता कठोर बनाउने, आर्थिक नीतिका नीतिशिल्पीहरूको समन्वयात्मक कार्यसम्बन्ध बसाउने र समष्टिगत तहको आर्थिक अनुशासन कायम गर्ने, नियमन र प्रवर्द्धनको सन्तुलन चाहिन्छ । यी कार्य भएपछि मात्र नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

बिजनेस @

डा. बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री



भनिन्छ- रोम जल्दै थियो, बादशाह बाँसुरी बजाउँदै थिए ! देश गम्भीर आर्थिक संकट/मन्दीबाट गुज्रँदै छ । बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा गएका नागरिकले पठाएको रेमिट्यान्सबाहेक अर्थतन्त्रका कुनै सूचक सकारात्मक छैनन् । बरू गम्भीर ढंगले नकारात्मक र विपरीत दिशातर्फ उन्मुख छन् । समस्या तात्कालिक र सामान्य प्रकृतिका हैनन्, दीर्घकालिक र संरचनात्मक प्रकृतिका छन् । जस्तै-गत साठी वर्षयता वार्षिक आर्थिक वृद्धिदरले कहिल्यै दुई अंक छोएको छैन । वर्तमान नेपाल राज्य बनेयता अर्थात् सुगौली सन्धियता वैदेशिक व्यापार घाटा बढेकोबढ्यै छ । वैदेशिक ऋण बढेकोबढ्यै छ ! महँगी निरन्तर उकालो छ । भ्रष्टाचार चुलिएकोचुलियै छ ! औद्योगिक उत्पादनले दुई अंक नाघ्न सधैं कनिकुथी गरिरहेकै छ । जनशक्ति पलायन त निरन्तर भइरहेकै थियो, केही समययता पुँजीसमेत पलायन भइरहेको बताइन्छ ।

सुगतरत्न कंसाकार, पूर्वमहाप्रबन्धक, नेपाल वायुसेवा निगम



सबैले राजनीतिदेखि राजनीतिसम्मको बाँसुरी बजाउनु सट्टा अर्थतन्त्र र अर्थनीतिबारे नि चासो लिने कि ? हिजो एक नेताले शासकीय मानसिकतामा परिवर्तन आवश्यक भन्नुभएको समाचार आयो । यसमा दुईमत त हुने सक्तैन । तर, बढी महत्वपूर्ण कुरा भनेको मानसिकता परिवर्तन गर्न नचाहने वा गर्न नजान्नेलाई फकाएर वा शिक्षित गराएर वा जबरजस्ती परिवर्तन कसरी, कसले, कुन माध्यमबाट गर्ने भन्ने हो ।

अर्थ मन्तव्य



विभिन्न कारणले समस्याग्रस्त देशको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा छ । भूकम्प, कोरोना महामारी र अन्तर्राष्ट्रिय रूपमा भइरहेको आर्थिक द्वन्द्वको असर नेपालले भोग्यो । अर्थतन्त्र दबाबमा परेको भए पनि पछिल्लो समय सुधारोन्मुख छ । विप्रेषण आप्रवाह, पर्यटकीय गतिविधिमा बढोत्तरी, बजेट अनुशासन कायम गरी अगाडि बढ्ने सरकारको नीति छ । त्यसकारण उद्योगी-व्यवासीहरू निराश हुनुपर्दैन । आत्मविश्वासका साथ लगानी बढाउँदा हुन्छ ।

■ **डा. प्रकाशशरण महत**, अर्थमन्त्री
जनकपुरधाम उद्योग वाणिज्य संघको ५६औं साधारणसभालाई सम्बोधन गर्दै



प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमण आर्थिक दृष्टिले फलदायी भएको छ । प्रधानमन्त्रीको भ्रमणका क्रममा नेपालमा चिनियाँ लगानी बढाउनुका साथै अन्य आर्थिक सम्भावनाको खोजी गरिएको छ । उद्योग वाणिज्य महासंघको आयोजनामा भएको 'बिजनेस समिट'मा नेपाल र चीनका प्रतिष्ठित व्यवसायीको सहभागिता हुनु र चीनसँग संयुक्त लगानीका लागि केही सम्झौता भएका छन् । यो नेपालमा चिनियाँ लगानी भित्र्याउन गरिएको एउटा प्रयास हो । लामो समयदेखि हामी नेपाल र चीनका उद्योगी-व्यवसायी एकै ठाउँमा बसेर द्विपक्षीय व्यापार र लगानीका विषयमा कुराकानी गर्न पाएका थिएनौं । यसपटक त्यो सम्भव भएको छ । समिटमार्फत चिनियाँ व्यवसायीलाई नेपालमा लगानीका सम्भावना देखाएका छौं ।

■ **चन्द्र ढकाल**, अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ
(चीनको छेन्दु सहरमा सञ्चारकर्मीसँगको कुराकानीमा)

अर्थ इतिहास

मोबाइल बैंकिङको सुरुवात कहिले भएको थियो ?

विश्वमा पहिलोपटक सन् १९९९ मा युरोपियन बैंकले मोबाइल बैंकिङको सुरुवात गरेका थिए । त्यसको पाँच वर्षमै अर्थात् सन् २००४ मा नेपालमा पनि मोबाइल बैंकिङ सेवाको सुरुवात भएको छ । तत्कालीन लक्ष्मी बैंक (हाल लक्ष्मी सनराइज)ले पहिलोपटक यस्तो सेवा सुरु गरेको थियो । तत्कालीन समयमा यसमा भुक्तानीको सुविधा भने थिएन । मोबाइल एसएमएसमार्फत जानकारी पाउने, बैंकिङ स्टेटमेन्ट हेर्न पाउनेजस्ता सीमित सुविधा थिए । तत्कालीन समयमा मोबाइल फोन फिचर्समा भएका सीमितताले पनि यसको विस्तार हुन सकेको थिएन । २०१२ सम्म आउँदा नेपाली बैंकहरूले कारोबार नै गर्न मिल्ने गरी मोबाइल बैंकिङ सेवाको विस्तार गरेका थिए । अहिले नेपालमा सबैजसो बैंक तथा वित्तीय संस्थाले एप्समै आधारित मोबाइल बैंकिङ सेवा सञ्चालन गरेका छन् ।

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

विश्व बैंकमा सुधार आवश्यक

विकाससँग जोडिएका कैयौं चुनौतीमध्ये महिला श्रम, घट्दो संलग्नता, निर्माण क्षेत्रमा आएको सुस्ततालगायत महत्त्वपूर्ण मुद्दामा विश्व बैंक कति देखिँदैन



● पुनम गुप्ता

भारतले यतिबेला जी-२० देशको अध्यक्षता गरेको छ । यसैअन्तर्गत अन्तर्राष्ट्रिय वित्तीय संस्थाका रूपमा चिनिने बहुपक्षीय विकास बैंक (एमडिबी)मा सुधार वास्तवमा विश्वव्यापी सुधार एजेन्डाको महत्वपूर्ण कदम हो । बहुपक्षीय विकास बैंकका रूपमा विश्व बैंक समूह (डब्लुबिजी) यस्ता सुधारका लागि प्रमुख समूह मानिन्छ । स्वयंमा सुधार ल्याउने अग्रणी भूमिका निभाउँदै यसले अन्य एमडिबीका लागि गतिलो उदाहरण बन्न सक्छ ।

डब्लुबिजीले वित्त प्रदाता, सूचना संग्रहण र विश्वसनीय सल्लाहकारजस्ता तीन मुख्य भूमिका निभाउँछ । वित्त प्रदाताका रूपमा यसलाई कम आय भएका सदस्य देश (एलआइसी) र मध्य आय भएका देश (एमआइसीलाई दिने कर्जाको मात्रालाई जोखिम कम गर्नुपर्ने देखिन्छ । साथसाथै, यसको दायरा पनि बढाउनुपर्ने आवश्यकता छ ।

कम आय हुने देशको बजारसम्म पहुँच पनि कम नै छ । ती देशको अर्थतन्त्रको आकार सानो छ भने अस्थिरता पनि उत्तिकै छ । यस्ता देशले प्राकृतिक विपत्ति, वैश्विक जोखिमबाट बच्ने उपाय, वैश्विक मागमा अस्थिर, अनिश्चित व्यापारको अवस्था, व्यापारका सर्त र विनिमय दरमा उतारचढाव हुँदा उत्पन्न हुने कैयौं चुनौती सामना गर्नुपर्ने हुन्छ । यी कारक उनीहरूको कर्जा लिने क्षमतामा तगारो बनेका छन् । विश्व बैंक समूहले अधिक लचकता अपनाउनुका साथै कम आय भएका देशको क्षमता बढाउनेतिर ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ ।

कम आय भएका देशको बाह्य कर्जामा आधा हिस्सा एमडिबीको छ । तथापि, यिनीहरू कर्जा संकटबाट गुज्रिनुपर्छ । यसले एमडिबीद्वारा कर्जा प्रदान गर्ने क्षमता अध्ययनको मूल्यांकन शुद्धतामा प्रश्न उठाउँछ । विश्व बैंक समूहसहित जति पनि एमडिबी छन्, उनीहरू कर्जा पाउनका लागि पुरस्कृत नै गर्न तयार हुन्छन् । तर, जुनसुकै देशको पनि निरन्तर कर्जा लिने क्षमता छ भने मात्रै त्यस्ता देशको कर्जा स्वीकृत हुन्छ । यसबाट अनुकूल ऋण दिगोपनका मूल्यांकनलाई प्रोत्साहन गर्ने अपेक्षा गरिन्छ ।

अब यसका लागि विश्व बैंक समूहले विनिमय दर अवमूल्यन, जलवायु जोखिम र व्यापारसम्बन्धी प्रतिस्पर्धालाई ध्यानमा राख्दै कम आय भएका देशका लागि थप विश्वसनीय कर्जा स्थिरता मूल्यांकन गर्नुपर्छ । यस्ता देशको समग्र कर्जा समीक्षा, कर्जा पारदर्शितामा वृद्धि र तिनीहरूको मुद्रा जोखिमलाई पनि कम गर्नुपर्छ ।

यसैगरी, कम आय भएका देशको पहुँच द्विपक्षीय अनुदानको निजी या सन्दिग्ध स्रोतसम्म कम बनाउनुपर्छ । साथसाथै, सुलभ दरमा बहुपक्षीय अनुदानको हिस्सा पनि बढाउनुपर्ने हुन्छ । यसबाहेक विश्व बैंक समूहले चुनौतीको सामना गर्न, क्षमता बढाउन र कम आय भएका देशको स्थिरता तथा समृद्धिको दिशामा अगाडि बढ्न प्रेरितसमेत गर्नुपर्छ ।

कम आय भएका देशहरूको विपरीत मध्यम आय भएका



> विश्व बैंकसँग दिनलाई धेरै छ, तर एकाधिकारको भावसहित काम गर्नु उपयुक्त छैन । बरु आफ्नो आत्मनिरीक्षणमा जोड दिनुपर्छ । बैंकले पूर्ण रूपमा निजी ढंगले काम गर्दा मात्रै सुधार सम्भव छ ।

देशको बजारसम्म पहुँच हुन्छ । उनीहरू निजी पुँजी प्रवाह आकर्षित गर्न पनि सक्षम हुन्छन् । तर, पुँजी आउने गतिमा स्थिरता भने हुँदैन । वैश्विक धारणामा कुनै पनि प्रकारको परिवर्तनले निजी पुँजी प्रवाहमा तात्कालिक रूपले विपरीत प्रभाव पर्छ । विश्व बैंक समूहले निजी पुँजी प्रवाहको जोखिम कम गर्न मध्यम आय भएका देशको अनुदान दायरा बढाउन सक्छ । यसलाई ग्यारेन्टी, अस्थायी विनियम या आकस्मिक ऋणमार्फत पूरा गर्न सक्छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले हाल आकस्मिक ऋण प्रस्ताव ल्याएको छ । तर, यस्तो कर्जा लिने देश भने सीमित छन् । कारण, आइएमएफसँग सहयोग माग्दा नकारात्मक छवि बन्छ भन्ने भय हो । विश्व बैंक समूहले दिने सहयोगले कुनै पनि नकारात्मक छवि या धारणा बनाउँदैन । आइएमएफले आर्थिक संकटका वेला कर्जा दिन्छ भने विश्व बैंक समूहले विकाससँग जोडिएका आवश्यक कामका लागि कर्जा दिन्छ । कर्जा परिचालनका रूपमा हेर्दा यसले जोखिम बिमा र ग्यारेन्टी एकाइ, बहुपक्षीय लगानी ग्यारेन्टी एजेन्सी (एमआईजिए) का माध्यमबाट नवप्रवर्तनलाई सहभागी बनाउँछ ।

यस्तै, जलवायु परिवर्तनजस्ता प्राथमिकताका लागि मध्यम आय भएका देशलाई उपलब्ध गराउने आर्थिक सहयोग विश्व बैंक समूहले वृद्धि गर्नुपर्ने देखिन्छ । भारतको जी-२० अध्यक्षतामा गठित स्वतन्त्र विशेषज्ञ समूहले यसलाई लिएर महत्वपूर्ण सिफारिस गरेका छन् ।

'नलेज बैंक'का रूपमा विश्व बैंक समूहको प्रदर्शनमा सुधारको गुन्जाइस देखिन्छ । यस नलेज बैंकको परिकल्पना विश्व बैंक कर्जाको गुणवत्ता बढाउन र विकासोन्मुख देशका लागि सेवाको नयाँ धारा विकसित गर्ने अवसरका रूपमा भएको थियो । यसको सञ्चालन बजेटको महत्वपूर्ण हिस्सा हो, जुन ज्ञान उत्पादन र प्रसारका लागि वितरण गरिन्छ । तर, यसको प्रासंगिकता र प्रभाव सीमित छ । तसर्थ, आन्तरिक संगठन र प्रोत्साहन, बाह्य सम्बन्ध, सहयोग र प्रभाव मूल्यांकनलाई हेर्न छुट्टै स्वतन्त्र समूह सुरु गर्नुपर्छ ।

डब्लुबिजीसँग जोडिएको काम प्रायः विभिन्न देशको सूचकांकसँग सम्बन्धित सूचनासँग हुन्छ । उदाहरणका लागि, 'कारोबार सुविधा' सूचकांक कैयौंपटक अविश्वसनीयताका कारण आलोचित हुन्छ । यसमा विश्व बैंक समूहले योसँग जोडिएका तर्क, यसको प्रणाली र प्रासंगिकतामाथि कडा निगरानी राख्नुपर्छ । र, परिवर्तन पनि त्यसैमा ल्याउनु उचित हुन्छ, जुन बढी प्रासंगिक छ । यति मात्रै होइन, विश्व बैंकले आफ्नो शोधमा आधारित प्रतिवेदनलाई देशको सान्दर्भिकताअनुरूप बनाउँदै यसको पहुँचको दायरा पनि आकलन गर्नुपर्छ । भारतमा विकाससँग जोडिएका कैयौं चुनौतीमध्ये महिला श्रम, घट्दो संलग्नता, निर्माण क्षेत्रमा आएको सुस्ततालगायत छन् । तर, विश्व बैंक यी महत्वपूर्ण मुद्दामा कति देखिँदैन । यस्तै, आर्थिक वृद्धिको अनुमान पनि त्रुटिपूर्ण भेटिन्छ ।

विश्व बैंकले नीतिगत मुद्दामाथि विभिन्न देशलाई सल्लाह सुझाव दिन र स्थानीय साझेदारसँग जोडिन केन्द्रमा धेरैभन्दा धेरै अन्तर्राष्ट्रिय विशेषज्ञ राख्नु जरुरी छ । स्थानीय संस्थान, विश्व बैंकको खर्चको एउटा हिस्सामा मात्रै काम गर्छन् । अतः यसको सान्दर्भिकता र वैधता कायम राख्दै यसका संसाधनको उपयोग बुद्धिमत्तापूर्ण ढंगले गर्नु नै फाइदाजनक छ ।

त्यसो त विश्व बैंक समूह यस्तो संस्था हो, जोसँग दिनलाई धेरै छ, तर यसले एकाधिकारको भावसहित काम गर्नु उपयुक्त छैन, आफ्नो आत्मनिरीक्षणमा जोड दिनुपर्छ । जबसम्म विश्व बैंकले पूर्ण रूपमा निजी ढंगले काम गर्छ, तब मात्रै सुधार सम्भव छ ।

विकासोन्मुख देश महामारीबाट जुर्मुराएर आफ्नो काम पुनः सुरु गरेका छन् । तर, विश्व बैंक समूहले पछिल्लो तीन वर्षयता भर्चुअल तरिकाले काम गर्दै आइरहेको छ । अब जी-२० मा एमडिबी र विश्व बैंक समूहसँग जोडिएका सुधार ऐतिहासिक परिणाम साबित हुन सक्छन् ।

(विश्व बैंक र आइएमएफमा दुई दशक काम गरेकी पुनम गुप्ताको लेख बिजनेस स्ट्यान्डर्डबाट अनुवाद गरिएको हो ।)

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १४ असोज ०८०

सुदृढ बन्दै भारतमा बिजुली निर्यात

दुई आयोजनाको ४४ मेगावाट बिजुली भारतको रियल टाइम मार्केटमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारततर्फ हुने बिजुली निर्यात दिगो र सुदृढ बन्दै गएको छ। दुई वर्षअघिबाट भारतको बिजुली खरिद-बिक्री हुने प्लेटफर्म इनर्जी एक्सचेन्ज (आइएक्स)बाट सुरु भएको निर्यातले अहिले वास्तविक बजार समय (रियल टाइम मार्केट) मा समेत प्रवेश पाएको छ।

नेपाल विद्युत् प्राधिकरणको विद्युत् व्यापार विभाग निर्देशक प्रबल अधिकारीका अनुसार भारतले पहिलो चरणमा ४४ मेगावाट विद्युत् रियल टाइममा बिक्री गर्ने अनुमति दिएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले पहिलो चरणमा शनिबार रातिबाट १९.४ मेगावाटको तल्लो मोदी र २४.२५ मेगावाटको काबेली 'बी'-१ जलविद्युत् आयोजनाबाट उत्पादित करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीको अनुमति दिएको अधिकारीले जानकारी दिए।

रियल टाइम मार्केटमा प्रवेश गरेपछि प्राधिकरणले सवा घन्टाअघि प्रतिस्पर्धा गरेर भारतीय बजारमा विद्युत् बिक्री गर्छ। दुई वर्षदेखि एक दिनअघि (डे अहेड)को प्रतिस्पर्धी मूल्य र परिमाणमा बिजुली बेच्दै आएको छ। यद्यपि, अहिले पनि ठूलो परिमाणको बिजुली डे अहेड प्रणालीबाटै बिक्री गर्नुपर्ने अवस्था छ।

भारतीय बजारमा बिजुली बिक्री गर्ने दुवै आयोजनाको प्राप्त अनुमतिको समयावधि शनिबार सकिँदै थियो। त्यसैले प्राधिकरणले नवीकरणका लागि डे अहेड र रियल टाइम मार्केट दुवै बजारमा अनुमति माग्दै पत्राचार गरेको थियो। त्यसपछि भारतको केन्द्रीय विद्युत् प्राधिकरणले दुवै बजारमा बिजुली बिक्रीका लागि अनुमति दिएको विद्युत् व्यापार विभागका निर्देशक अधिकारीले जानकारी दिए। अब दुई आयोजनाको विद्युत् डे अहेड र आवश्यकताअनुसार रियल टाइम मार्केटमा बिक्री गर्न सकिने उनको भनाइ छ। 'रियल टाइम मार्केटमा प्रवेशसँगै सवा घन्टाअघि प्रतिस्पर्धा गरेर बिजुली बिक्री गर्न पाउने भएका छौं, यसले अचानक विद्युत् उत्पादन बन्द भएमा वा उत्पादन बढेमा विद्युत् खरिद-बिक्री गर्न सजिलो हुनेछ,' उनले भने, 'यसबाट विद्युत् व्यवस्थापनमा सहजता आउनुका साथै दुई देशबीचको विद्युत् व्यापारमा नयाँ इँटा थपिएको छ।'

नेपालको बिजुलीलाई रियल टाइम मार्केटमा प्रवेश दिन भारतले गत १५ साउनमा नै विद्युत् आयात-निर्यात (क्रस बोर्डर) स्वीकृति तथा सहजीकरणका लागि तोकिएको निकायको कार्यविधि संशोधन गरेको थियो। सो कार्यविधि संशोधन गरेको दुई महिनापछि नेपालले अनुमति पाएको हो।

रियल टायम मार्केटमा आफूसँग विद्युत् भएको अवस्थामा तत्काल बिक्री गर्न सकिने सुविधा हुन्छ। प्राधिकरणका अनुसार रियल टाइम मार्केटमा सवा एक घन्टापहिले विद्युत् खरिद-बिक्री गर्न बिडिङ गरिनेछ। यसमा पनि १५-१५ मिनेटको ब्लकमा विद्युत् बिक्री गर्न सकिने प्राधिकरणको भनाइ छ। यसरी एक घन्टाअघि नै बिड गर्दा विद्युत् खेर जाने तथा पेनाल्टी तिर्नुपर्ने अवस्था नआउने प्राधिकरणको भनाइ छ।

रियल टायम मार्केटका कारण हिउँदमा नेपालले आयात गर्नुपर्ने बिजुलीसमेत खरिद गर्न सजिलो हुने भएको छ। नेपालको वास्तविक समयको मागअनुसार विद्युत् आयात गरिने र यसबाट खेर जान नपाउने प्राधिकरणको भनाइ छ।

■ खेर जाने बिजुली समयमै बेच्न पाउने ग्यारेन्टी भएको छ

● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण



अहिलेसम्म एक दिनअघि मौसम र बजारको मागसम्बन्धी प्रक्षेपणलाई आधार मानेर बिजुली खरिद-बिक्रीको प्रक्रिया अघि बढाइन्थ्यो। तर, अब प्रक्षेपणको प्रतिकूल अवस्थामा पनि बिजुली खेर नजाने गरी खरिद-बिक्री गर्न पाइन्छ। जस्तै, कुनै उद्योगले सोचेअनुसार बिजुली खपत नगर्ने अवस्था आयो वा मौसम पूर्वानुमानअनुसार प्रतिकूल मौसम भएर बिजुली खेर जाने भएमा तत्कालै बिड गरेर बिजुली बिक्री गर्न सकिने भयो। त्यस्तै, आवश्यक परिहालेमा रियल टाइममा खरिदसमेत गर्न पाइने भयो। यो नेपालमा पहिलोपटक हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्राधिकरणले कात्तिक ०७८ देखि भारतीय बजारमा व्यावसायिक रूपमा विद्युत् निर्यात गर्दै आएको छ। यो वर्ष १३ जेठदेखि भारततर्फ बिजुली निर्यात भइरहेको छ। हाल भारतमा प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनमार्फत हरियाणा राज्यलाई एक सय १० मेगावाट गरी कुल ६ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ।

यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फरपुर चार सय केभी अन्तरदेशीय प्रसारणलाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ। प्राधिकरणले चालू आर्थिक वर्ष (आव) ०८०/८१ को साउन र भदौमा पाँच अर्ब ४३ करोड ३१ लाख रुपैयाँको विद्युत् भारततर्फ निर्यात गरेको छ। प्राधिकरणले साउनमा ८.१३ रुपैयाँ र भदौमा १२.२७ रुपैयाँ प्रतियुनिटका दरले विद्युत् निर्यात गरेको थियो।

यो वर्ष भारतमा १५ अर्ब रुपैयाँसम्मको विद्युत् निर्यात गर्ने लक्ष्य लिएकोमा रियल टाइम मार्केटको प्रवेशले थप सजिलो बनाएको छ। किनभने, यो बजारमा बिजुली बिक्री गर्न थप सहज छ। प्राधिकरणले हालसम्म (साउन र भदौमा) पाँच अर्ब ४२ करोड ३१ लाख रुपैयाँको बिजुली निर्यात गरिसकेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८०' मा तयार गर्दै सन् २०३५ (आव ०९१/९२) भित्र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य निर्धारण गरेको छ। यस्तो लक्ष्य पूरा गर्न भारतले नयाँ बजारमा दिएको प्रवेशले सघाउ पुग्नेछ।

ताप्लेजुङमा निर्माणाधीन २२० केभिए विद्युत् सबस्टेसन ९० प्रतिशत सम्पन्न

ताप्लेजुङमा/**केशवप्रसाद भट्टराई**



ताप्लेजुङको मैवाखोला गाउँपालिका वडा नं १ हुंगेसाँघुमा निर्माण भइरहेको दुई सय २० केभिएको कोशी करिडोर विद्युत् सबस्टेसन ९० प्रतिशतभन्दा बढी सकिएको छ। निर्माण कार्य सुरु भएको पाँच वर्षमा निर्माण अन्तिम चरणमा पुगेको कोशी करिडोर विद्युत् सबस्टेसन आयोजना प्रमुख राभगेन्द्रकुमार झाले बताए। निर्माण कम्पनी केइसी इन्टरनेसनलले सन् २०१८ मा करिब दुई अर्ब ७८ करोड ९१ लाखमा ठेक्का लिएर काम गरिरहेको छ। २०१८ जनवरीमा निर्माण थालेको काम कम्पनीले २०२० डिसेम्बरमा सक्नुपर्ने थियो। तर, कोरोना तथा अन्य प्राविधिक कारणले तीन वर्ष लम्बिएको छ। आगामी २०२३ डिसेम्बरमा कम्पनीले काम सकेर विद्युत् प्राधिकरणलाई जिम्मा लगाउनुपर्नेछ। अहिले विभिन्न ट्रान्सफर्मरहरूमा परीक्षणको काम चलिरहेको छ। वान सर्किटको काम भएको बताउँदै बाँकी केही स्ट्रक्चरका कामहरू भइरहेको बताइएको छ।

जिल्लाका विभिन्न ठाउँबाट उत्पादन भएका बिजुलीलाई एकीकृत गरी राष्ट्रिय प्रसारणलाइनमा जोड्नका लागि कोशी करिडोर विद्युत् सबस्टेसनको निर्माण भइरहेको झाले बताए। कोशी करिडोरको भवन निर्माण, अर्थ कटिङ, फिलिङ, ट्रान्सफर्मर राख्ने केन्द्रको व्यवस्थापनजस्ता काम भइरहेको छ। ठेक्का सम्झौताअनुसार तेह्रथुमको वसन्तपुरदेखि अहिले निर्माण भइरहेको कोशी करिडोर सबस्टेसनसम्म लाइन जोडिएको छ। त्यसका लागि अहिले बिजुली विस्तारका लागि एक सय २६ वटा टावर निर्माण सकिएको बताइएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा सूचना विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशालय, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.नं ३९३८/२३० अर्न्तगत मिति २०७०/०३/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिस्टर्ड भएको रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ८ (हाल गौर न.पा. वडा नं. ५) स्थित, **माँ शान्ति वकसा उद्योग** **प्रोप्राईटर तथा जमानतकर्ता: इन्द्र नारायण कुशवाहा** स्थायी ठेगाना : रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : तिलधारी महतो कोईरी बाजे : भैरो महतो कोईरी	१) दुर्बल महतोको नाति, भैरो महतो कोइरीको छोरा, रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बस्ने सत्यनारायण महतोको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पुरेनवा गा.वि.स. वडा नं. ४ (हाल गौर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२२७ को क्षेत्रफल ०-०-९ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) माँ शान्ति वकसा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) तिलधारी महतो कोईरी स्थायी ठेगाना : रौतहट जिल्ला, पुरेन्वा गाउँ पञ्चायत वडा नं. ६ हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : भैरो महतो कोईरी बाजे : दुर्वल महतो	**२) सत्यनारायण महतो** ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : भैरो महतो कोइरी बाजे : दुर्वल महतो
	३) शम्भु महतो स्थायी ठेगाना :रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ९ हालको ठेगाना :रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : सत्यनारायण महतो बाजे : भैरो महतो कोइरी	**४) शान्ती देवी कोइरीन** स्थायी ठेगाना :रौतहट जिल्ला, पुरेनवा गाउँ पञ्चायत वडा नं. ६ हालको ठेगाना :प्रदेश रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : बैनाथ महतो ससुरा : भैरो महतो कोइरी पती : तिलधारी महतो कोईरी
	५) घुनी देवी स्थायी ठेगाना :रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५ बाबु : परिछन महतो कोइरी ससुरा: भैरो महतो कोइरी पति : सत्यनारायण महतो	
	ऋणीको विवरण	**धितोको विवरण**
२)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४२५०/२०७१/०७२, स्थानीय व्यापार अन्तर्गत मिति २०७१/१०/०४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम दर्ता भएको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५) स्थित **सगरमाथा ट्रेड लिंक** **प्रोप्राईटर तथा जमानीकता: अमिता कुमारी सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : प्रेमकुमार सिंह ससुरा : राम प्रसाद सिंह दनुवार पति : देब कुमार सिंह	१) बौजन सिंह दनुवारको नाती, नन्दी सिंह दनुवारको छोरा, सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने राम प्रसाद सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महेशपूर हरिनगर गा.वि.स. वडा नं. ९ (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-६-७ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) बौजन सिंहको नाती, नन्दी सिंह दनुवारको छोरा, सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने राम प्रसाद सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, लक्ष्मीपूर प्र.घ. गा.वि.स. वडा नं. ६/क (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४३ को क्षेत्रफल ०-२-० (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । ३) सगरमाथा ठेड़ लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) राम प्रसाद सिंह दनुवार स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : नन्दी सिंह दनुवार बाजे : बौजन सिंह	**२) देब कुमार सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : राम प्रसाद सिंह बाजे : नन्दी सिंह दनुवार	**३) कल्पना सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर पतारी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : मैना सिंह दनुवार ससुरा : राम प्रसाद सिंह दनुवार पति : व्रज किशोर सिंह
	४) व्रज किशोर सिंह स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर पतारी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : राम प्रसाद सिंह बाजे : नन्दी सिंह दनुवार	**५) राम रति दनुवारनी** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : करन राय दनुवार ससुरा : नन्दी सिंह दनुवार पति : राम प्रसाद सिंह दनुवार

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

मधेशको आर्थिक केन्द्र बन्दै जनकपुर : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले मधेश प्रदेशको राजधानी जनकपुर आर्थिक रूपले पुनर्उदय हुँदै गएको बताएका छन्।

शनिबार जनकपुरधाम उद्योग वाणिज्य संघको ५६औं वार्षिक साधारणसभामालाई सम्बोधन गर्दै मन्त्री डा. महतले भने, 'धार्मिक र सांस्कृतिक केन्द्रका रूपमा परिचित जनकपुर अब आर्थिक केन्द्रका रूपमा विकसित हुँदै गएको आधार देखिन थालेको छ।'

जनकपुरमा धार्मिक पर्यटनको प्रशस्त सम्भावना रहेको औंल्याउँदै मन्त्री डा. महतले भने, 'धार्मिक पर्यटनमार्फत नै यो क्षेत्रको उत्थान हुन्छ। केन्द्र, प्रदेश र स्थानीय सरकार मिलेर यो कामलाई अगाडि बढाउन प्रतिबद्ध छ।'

मधेश प्रदेशमा विकासको ठूलो सम्भावना रहेको मन्त्री डा. महतले औंल्याए। उनले भने, 'यो सम्भावना पूरिपूर्ति गर्न सरकार सक्रिय रहन्छ। मधेशमा भौतिक पूर्वाधारमा सरकारले ठूलै लगानी गरेको छ। सरकारले आउँदा दिनमा अझ बढी लगानी गर्नेछ। पूर्व-पश्चिम राजमार्ग ६ लेन हुँदैन, त्यसले पनि आर्थिक गतिविधिलाई मद्दत गर्छ। हुलाकी राजमार्ग छिट्टै सम्पन्न गर्ने योजनामा सरकार छ।'

जनकपुरधाम उद्योग वाणिज्य संघको नेतृत्व युवा शक्तिले नेतृत्व लिएकोमा मन्त्री डा. महतले खुसी व्यक्त गरे। उनले भने, 'अहिलेको नेतृत्व केही गरौं भन्ने भावनाले ओतप्रोत हुनुहुन्छ। साथीहरूले थोरै सहज अवस्था भयो भने यहाँ उद्योग-व्यवसाय फस्टाउँछ भन्नुभयो, यसले मलाई उत्साहित बनाएको छ।'

खाँदबारी र तुम्लिङटारको हाटबजार व्यवस्थित बन्दै

संखुवासभामा/**नवीन गुरुङ**

संखुवासभाको खाँदबारी र तुम्लिङटारमा लाग्दै आएको साप्ताहिक हाटबजार खाँदबारी नगरपालिकाको सक्रियतामा व्यवस्थित गरिएको छ। सदरमुकामस्थित खाँदबारीको टुँडिखेलमा शनिबार र बुधबार लाग्दै आएको हाजबजार अव्यवस्थित भएको गुनासो व्यापक भएपछि नगरपालिकाले सक्रियता देखाएको हो। बजारका केही बिचौलियाहरूले साताभरि नै खुला टुँडिखेलमा दोकानको त्रिपाल नहटाउने, सार्वजनिक गाडीहरू पार्किङ गर्ने र फोहोर पनि फ्याँक्ने गरिएकाले विरूप बन्दै गएको थियो। पटक-पटक ताकेता गर्दा पनि अटेरी गरेपछि फिल्डमा नै पुगेर नगरपालिकाका मेयर महेश थपलिया र उपमेयर महेश्वरा बज्राचार्य श्रेष्ठले बजार व्यवस्थित गर्न लागिपरेका हुन्।


बजारलाई तीन भागमा वर्गीकरण गरी व्यवसायीहरूलाई सजिलो बनाएको खाँदबारी नगरपालिकाका मेयर थपलियाले बताए। उनले ठूला व्यवसायी बढी राजस्व र साना व्यवसायीलाई कम कर लगाइनेसमेत बताए। 'बजारमा ठूलो त्रिपाल हालेर एकैजनाले ५-६ मिटर ओगटेर बस्ने गरेको पाइयो, अब २,३,४ र ५ मिटर गरी वर्गीकरण गरेर छुट्याइएको छ, व्यवसायीहरू बस्न पाउनुहुन्छ, तर त्योअनुसार कर तिर्नुपर्छ। कृषिजन्यउपज तरकारीको कर संकलन गर्दैनौं,' मेयर थपलियाले भने।बजारलाई व्यवस्थित गर्दा बुधबार र शनिबार लागेको हाटबजार निकै व्यवस्थित देखिएको छ। खाँदबारीमा बुधबार र शनिबार हाटबजार लाग्छ भने तुम्लिङटारमा शुक्रबार लाग्छ। बजार व्यवस्थित भएपछि बजार आउने अधिकांश र व्यवसायीहरूले खाँदबारी नगरपालिकाको प्रशंसासमेत गरेका छन्।

भारतीय सहयोगमा बन्ने पेट्रोलियम पूर्वाधार परियोजना तीन महिनादेखि छलफलमै

नयाँ पत्रिका

भारतीय सहयोगमा बनाउन लागिएको पेट्रोलियम पूर्वाधार परियोजनाले अपेक्षित गति लिन सकेको छैन। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा एकै दिन भएको प्रारम्भिक समझदारीमध्ये नेपालबाट १० हजार मेगावट बिजुली किन्ने प्रस्ताव दुवै देशको सक्रियतामा टुंगो लागिसकेको छ। तर, दुईवटा पाइपलाइन र दुईवटा ठूला इन्धन भण्डारणगृह निर्माण हुने विषय भने छलफलमै अड्किएको छ।

दुवै देशको प्रधानमन्त्रीस्तरमा भएको समझदारी कार्यान्वयन गर्न नेपाल-भारतका सरकारी तेल कम्पनीका प्रतिनिधिबीच छलफल गर्न संयुक्त कार्यदल बनेको छ। दुवै कार्यदलले हालसम्म तीनपटक बैठकसमेत गरिसकेका छन्। सझदारीअनुसार बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म र भारतको सिलगुढीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन बन्नेछ। त्यस्तै, झापाको चारआलीमा पेट्रोलियम भण्डारणगृहसमेत बन्नेछ। यी तीनवटै परियोजना भारतको लगानीमा निर्माण हुनेछन्। त्यस्तै चितवनको लोथरमा एक लाख किलोलिटरभन्दा बढी क्षमताको भण्डारणगृह बन्ने र त्यसमा नेपालको लगानी रहनेछ।



पेट्रोलियम भण्डारणगृहका लागि झापाको चारआलीमा खरिद गरिएको जग्गा।

हाल यी चारवटै परियोजनाको लागत अनुमानको काम भइरहेको आयल निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए। 'परियोजनालाई समयमै सुरु गर्न आइओसी र हाम्रोतर्फको संयुक्त कार्यदलले गृहकार्य गरिरहेका छौं,' साहले भने, 'अहिले लागत अनुमान तयार गर्ने, पाइपलाइनको बिछ्याउने बाटो खोज्ने र भण्डारणगृहका लागि भएको जग्गालाई तयारी गर्ने काम भइरहेको छ,' उनले भने।

समिति सदस्य तथा निगमको बजार विभाग हेर्ने नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइतका अनुसार अमलेखगन्ज-चितवन रुटमा बिछ्याइने पाइपलाइनको बाटोमा केही समस्या देखिएको बताए। 'अमलेखगन्जदेखि चितवनसम्मको राजमार्ग हुँदै पाइपलाइन बिछ्याउने कुरा छ। तर, अमलेखगन्जको तीन नम्बर पुलदेखि चुरिया पहाड क्षेत्रसम्मको करिब १२ किलोमिटर खण्डमा पाइपलाइन बिछ्याउनका लागि बाटोको अवस्था ठीक छैन,' गोइतले भने, 'सडक विभागलाई बाटोका बारेमा स्पष्ट धारणा दिनुस् भनेका छौं। त्यहाँबाट प्रस्ट भएपछि अरू काम चाँडै सक्नेछौं।'

गत जेठ १८ मा प्रधानमन्त्री प्रचण्ड र मोदीबीच भएको समझदारीअनुसार ६ महिनाभित्र परियोजनाको सबै अध्ययन सकिएर निर्माण सुरु हुनुपर्ने सर्त छ। यो सर्तअनुसार अब तीन महिनाभित्र अध्ययन र लागत अनुमानसमेत तयार गर्नुपर्नेछ। 'हामी समयमै परियोजना सुरु गर्छौं, ढिला हुँदैन,' गोइतले भने। परियोजना सुरु भएको ५४ महिनामा निर्माण सम्पन्न गर्नुपर्नेसमेत सर्त छ। दुई स्थानमा भण्डारणगृह बनेपछि मुलुकलाई इन्धन मौज्दातका लागि धेरै सहजता हुनेछ। हाल देशभरक करिब ५८ हजार किलोलिटरको इन्धन भण्डारणगृह छ।

रिलायन्स फाइनान्स र चिरायुबीच सम्झौता

काठमाडौं/ रिलायन्स फाइनान्स र चिरायु नेसनल हस्पिटल, वसुन्धराबीचमा स्वास्थ सेवामा छुट दिने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतामा रिलायन्स फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र चिरायु नेसनल हस्पिटलका अपरेसन डाइरेक्टर चण्डेश्वर एबआर वैद्यले हस्ताक्षर गरेका छन्।

बिवाइडी ब्लेड ब्याट्रीको 'नेल पेनेट्रेसन टेस्ट' सफल

काठमाडौं/ नेपालमा बिवाइडी अटो इन्डस्ट्रीको आधिकारिक वितरक साइमेक्स इन्कले ब्याट्रीको सुरक्षा गुणस्तर प्रदर्शन गर्न नेल पेनेट्रेसन टेस्ट गरेको छ। ब्याट्रीको ताप बहन गर्ने कठिन कार्यका लागि यस्तो परीक्षण गरिन्छ।

नेल पेनेट्रेसन टेस्टको समयमा 'ब्लेड ब्याट्री'को प्रदर्द्धनले सुरक्षाका बारेमा धेरै जानकारी दिएको कम्पनीले जनाएको छ। परम्परागत लिथियम आयन एनसिएम ब्याट्री परीक्षणका वेला पाँच सय डिग्री सेल्सियसभन्दा माथिको खतरनाक उच्च तापक्रमसम्म पुगेर आगो लागेको थियो भने ब्लेड ब्याट्रीको सतहको तापक्रम भने ३० डिग्री सेल्सियसदेखि ६० डिग्री सेल्सियससम्म पुग्दा आगो वा विस्फोटको



सम्भावना देखिएन। बिवाइडीको ब्लेड ब्याट्री वर्षौंको अनुसन्धानको परिणाम हो।

पारम्परिक लिथियम आयन फोस्फेट ब्लक ब्याट्रीको तुलनामा ब्लेड ब्याट्रीको प्याक संरचनाले ५० प्रतिशतभन्दा बढी ठाउँको उपयोग गर्छ। सँगै ब्लेड ब्याट्रीजस्तै दबाउँदा-कुल्चँदा, मोड्दा र तीन सय सेल्सियससम्मका तापक्रममा र २६० प्रतिशतभन्दा माथि चार्ज गरेको अवस्थाजस्ता परीक्षणमा सफलतापूर्वक पार गरेको छ। सिमेक्स इन्कका प्रमुख कार्यकारी अधिकृत सहिल श्रेष्ठ विद्युतीय गाडी उद्योगको ब्याट्री सुरक्षा मान्यतामा बिवाइडीको ब्लेड ब्याट्रीको महत्त्व निकै रहेको बताउँछन्।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०६/१४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/०६/२९

बोलपत्र खोलिने मिति
२०८०/०६/३० दिउँसो ३ बजे

तपसिल

क्र.सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण
१.	अधिविकर्ष कर्जा	**१) ऋणी : अमृत इन्टरनेशनल** प्रा.फ.र.नं. : ६४२/०६५/०६६ ठेगाना : भरतपुर ०४, चितवन **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अमृत श्रेष्ठ** (ना.प्र.नं. ४६३८७, मिति २०५५/०४/०६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : डिल्ली कुमार श्रेष्ठ बाजे : टिका प्रसाद श्रेष्ठ **२. मालती श्रेष्ठ** (ना.प्र.नं. ८३४१९, मिति २०६२/०७/२८ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : अमृत श्रेष्ठ ससुरा : डिल्ली कुमार श्रेष्ठ **३. देव लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. ३४, मिति २०४६/०१/३० मा जि.प्र.का. पाल्पाबाट जारी भएको) पति : डिल्ली कुमार श्रेष्ठ ससुरा : टिका प्रसाद श्रेष्ठ **४. डिल्ली कुमार श्रेष्ठ** (ना.प्र.नं. १०५७ मिति २०३४/०५/२९ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) बाबु : टिका प्रसाद श्रेष्ठ बाजे : बिष्णु प्रसाद श्रेष्ठ	देव लक्ष्मी श्रेष्ठको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. ६७१० (०-२-१-१ रोपनी) क्षेत्रफल भएकोघर/जग्गातथाउक्तघर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२.	अधिविकर्ष कर्जा	**२) ऋणी : खपतडी इलेक्ट्रोनिक्स** प्रा.फ.र.नं. : २१५६६/०७२/७३ ठेगाना : धनगढी १९, कैलाली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. याम कुमार बस्नेत** (ना.प्र.नं. ५०३७२, मिति २०५९/१०/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : सन्तोष कुमार बस्नेत बाजे : लाख बहादुर बस्नेत **२. सन्तोष कुमार बस्नेत** (ना.प्र.नं. ६७-०१-७५-१०८८८, मिति २०७५/१२/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : लाख बहादुर बस्नेत बाजे : नैन बहादुर बस्नेत **३. हरिकला बस्नेत** (ना.प्र.नं. ६७-०१-७३-०२०५९, मिति २०७३/०२/१६ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : ठाकुर प्रसाद पौडेल पति : याम कुमार बस्नेत ससुरा : सन्तोष कुमार बस्नेत **४. देवी मायाँ बस्नेत** (ना.प्र.नं. १३०० ख, मिति २०४३/०९/१६ मा जि.प्र.का. ताप्लेजुङबाट जारी भएको) पति : सन्तोष कुमार बस्नेत ससुरा : लाख बहादुर बस्नेत	देवी मायाँ बस्नेतको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. २८ (१३८५०.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३.	विविध कर्जा	**३) ऋणीहरु : (क) रविन्द्र फेन्सी** प्रा.फ.र.नं. : १६७/०६३/६४ ठेगाना : पोखरा ०४, कास्की **(ख) शोभा कुमारी मल्ल** ठेगाना : पोखरा ०८, कास्की **व्यक्तिगत जमानीकर्ताहरु :** **१. शोभा कुमारी मल्ल** (ना.प्र.नं. ८९४, मिति २०४५/०५/२८ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : नर बहादुर मल्ल पति : राजन प्रसाद श्रेष्ठ ससुरा : मदन प्रसाद श्रेष्ठ **२. राजन प्रसाद श्रेष्ठ** (ना.प्र.नं. ९४९, मिति २०३७/०४/०७ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) बाबु : मदन प्रसाद श्रेष्ठ बाजे : नारायण प्रसाद श्रेष्ठ **३. खुश्बु श्रेष्ठ** (ना.प्र.नं. ६४७, मिति २०६८/१०/११ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : राजन प्रसाद श्रेष्ठ बाजे : मदन प्रसाद श्रेष्ठ **४. सरस्वती प्रधान** (ना.प्र.नं. ४२१००२/११८, मिति २०६७/०८/२७ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको) बाबु : कृस्ना मान श्रेष्ठ बाजे : तेज नारायण श्रेष्ठ पति : हिरामान प्रधान	शोभा कुमारी मल्लको नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा वडा नं. ०८ स्थित कि.नं. ८७ (१७२.८० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८०।०६।१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा मिति २०७९/१२/०६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०६।२९ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा ब्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

कर्जा शिर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१. डिमाण्ड कर्जा २. बैंक जमानत कर्जा ३. ओभरड्राफ्ट कर्जा ४. सवारी साधन कर्जा	ऋणीको नाम: ईरम फुटवयर (प्रदेश सरकार लुम्बिनी प्रदेश उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय दाङमा दर्ता रहेको) दर्ता नं.: ११६५५/५१५ दर्ता मिति: २०७५/०१/२८ स्थायी लेखा नं.: ६०७३२०२९७ ठेगाना: दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५। प्रोप्राईटर: हुसिन बक्स ना.प्र.प.नं (जारी मिति/स्थान): ५२१३१(२०५९/०२/१०/सुर्खेत) बाजेको नाम: सलार बक्स बाबुको नाम: अमिर बक्स ठेगाना: सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ५। व्यक्तिगत जमानतकर्ताहरू: १. जलाल बक्स ना.प्र.प.नं (जारी मिति/स्थान): ६५-०१-७२-०२५५२(२०७२/०५/२४/सुर्खेत) बाजेको नाम: सलार बक्स बाबुको नाम: अमिर बक्स ठेगाना: सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५। २. हसिना बानु ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०२५२०(२०७४/०४/१९/सुर्खेत) बाबुको नाम: सत्तार खो ससुराको नाम: अमिर बक्स पतिको नाम: जलाल बक्स ठेगाना. सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५। ३. अमिर बक्स ना.प्र.प.नं (जारी मिति/स्थान): २७९५(२०४४/१२/१७/सुर्खेत) बाजेको नाम: ससुल बक्स बाबुको नाम: सलार बक्स ठेगाना: सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५। ४. अमिरन विवि ना.प्र.प.नं (जारी मिति/स्थान): २७९६(२०४०/१२/१७/सुर्खेत) ससुराको नाम: सलार बक्स पतिको नाम: अमिर बक्स ठेगाना: सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५। ५. हसिना मिया ना.प्र.प.नं (जारी मिति/स्थान): ६४१०२०/९९६५६(२०३७/०७/२७/सुर्खेत) बाबुको नाम: करिम बक्स मिया ससुराको नाम: अमिर बक्स पतिको नाम: हुसिन बक्स ठेगाना: सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स.,वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५।	१. ससुल बक्सको नाति, सलार बक्सको छोरा, सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ बस्ने **अमिर बक्स** को नाममा मालपोत कार्यालय सुर्खेत को लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ३ स्थित कि.न. ३१३० र ४४०१ को क्षेत्रफल क्रमशः ०-०-८½ र ०-०-९ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. करिम बक्स मियाको छोरी, अमिर बक्सको बुहारी, हुसिन बक्सको पत्नि, सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ बस्ने **हसिना मिया** को नाममा मालपोत कार्यालय तुलसीपुर, दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचोर गा.वि.स. वडा नं. २ ग स्थित कि.न. १३०७ को क्षेत्रफल ९१ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्णलिगलगापात समेत। ३. करिम बक्स मियाको छोरी, अमीर बक्सको बुहारी, हुसिन बक्सको पत्नि, सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ५ बस्ने **हसिना मिया** को नाममा मालपोत कार्यालय तुलसीपुर, दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, तुल्सीपुर गा.वि.स. वडा नं. २ ख स्थित कि.न. १५२६ र १५२७ को क्षेत्रफल क्रमशः १०८.०० र १०७.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्णलिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४

कुमारी बैंकका पाँच नयाँ शाखा उद्घाटन

काठमाडौं/ कुमारी बैंकले बागमती प्रदेशमा पाँच नयाँ शाखा सञ्चालनमा ल्याएको छ। बैंकले काठमाडौंको कपन, सीतापाइला र डल्लु तथा ललितपुरको भैँसेपाटी र टौखेलमा १२ असोजबाट शाखाहरू सञ्चालनमा ल्याएको हो। बैंकले आगामी दिनहरूमा थप शाखाहरू विस्तार गरेर आधुनिक बैंकिङ सेवा पुऱ्याउने योजना बनाएको छ। विगत २२ वर्षदेखि निरन्तर बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका तीन सय नौ शाखा सञ्जाल, तीन सय नौ एटिएम, ४८ एक्सटेन्सन काउन्टर तथा ६४ शाखारहित बैंकिङ इकाइहरू सञ्चालन गरिरहेको छ।

सांग्रिला मोटर्सको नयाँ सोरुम पोखरामा



काठमाडौं/ नेपालका लागि सिट्रोन गाडीको आधिकारिक वितरक सांग्रिला मोटर्सले पोखरामा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। नयाँ सोरुममा सिट्रोन इसिथ्री र सिट्रोन सिथ्री मोडल उपलब्ध हुने कम्पनीले जनाएको छ। यातायात व्यवस्था कार्यालय सवारी गण्डकीका कार्यालय प्रमुख डिल्लीराज रिजाल र सिट्रोनका लागि नेपालको आधिकारिक विक्रेता सांग्रिला मोटर्सका असिस्टेन्ट जनरल म्यानेजर किरण श्रेष्ठले कार्यक्रमबीच सोरुमको उद्घाटन गरेका छन्।

मोरङमा नबिल बैंकको शाखा



काठमाडौं/ नबिल बैंक लिमिटेडको २६६औँ शाखा मोरङको सुन्दरहरैँचा नगरपालिका गोठगाउँ अवस्थित पूर्वाञ्चल विश्वविद्यालयपरिसरमा उद्घाटन गरिएको छ। गोठगाउँ शाखाको उद्घाटन प्रमुख अतिथि पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. यादवराज कोइराला, नबिल बैंकका सञ्चालक अनन्त पौड्याल तथा प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले संयुक्त रूपमा गरेका छन्।

कार्यक्रममा प्रमुख अतिथि कोइरालाले स्थानीयस्तरमा वित्तीय पहुँच र आर्थिक उपार्जनका क्रियाकलापका लागि बैंकको उपस्थिति अर्थपूर्ण रहने बताए। पूर्वाञ्चल विश्वविद्यालय केन्द्रीय कार्यालयपरिसरबाट हुने बैंकिङ सेवा विस्तारले विश्वविद्यालयका विद्यार्थी, कर्मचारी साथै स्थानीयवासीसमेत लाभान्वित हुने बताए। नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ढुंगानाले पूर्वाञ्चल विश्वविद्यालय, गोठगाउँमा बैंकको व्यवसाय विस्तार मात्रै नभई समुदायस्तरमा काम गर्ने ध्येय रहेको बताए।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०१/२९ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० भाद्र मसान्तको खूद सम्पति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	६१६,०९४,०९३	६२१,४२८,१८७
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	५,७७०,०२१	१०,१३८,५२१
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	६०,०००,०००	६०,०००,०००
	कुल लगानी (क)	**६९६,८६४,११३**	**७०६,५६६,७०८**
	चालू सम्पति		
१	बैंक मौज्दात	३६१,५१२,९६१	३६३,७६९,६९०
२	अन्य सम्पति	३,६९७,६७५	४,७९९,२२६
	जम्मा (ख)	**३६५,२१०,६३६**	**३६८,५६८,९१६**
	चालु दायित्व		
१	चालु दायित्व	१,६८८,९६५	-
२	भुक्तानी दिनुपर्ने शुल्क	४,५७३,०९१	४,६०५,०८५
	जम्मा (ग)	**६,२६२,०५६**	**४,६०५,०८५**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०५५,८१२,६९४**	**१,०७०,५३०,५३९**
१	योजना व्यवस्थापक शुल्क	१,३४५,०७६	१,४०७,८२१
२	डिपोजीटरी शुल्क	१७९,३४४	१८७,७०९
३	कोष सुपरीवेक्षक शुल्क	८९,६७२	९३,८५५
	खुद सम्पत्ति	**१,०५४,१९८,६०२**	**१,०६८,८४१,१५४**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.३४**	**१०.४८**

२०८० भाद्र मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२,३७१,६९४	१,६४८,१६२
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(६,३३९,८९७)	७,३९१,१२९
	जम्मा आम्दानी	**(३,९६८,२०३)**	**९,०३९,२९१**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	२६,०००	१३,०००
२	बैंक शुल्क	९१५	८६०
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	२,७५२,८९७	१,४०७,८२१
५	डिपोजीटरी शुल्क	३६७,०५३	१८७,७०९
६	कोष सुपरीवेक्षक शुल्क	१८३,५२६	९३,८५५
७	योजना लेखा परीक्षण शुल्क	१६,६६७	८,३३३
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
	जम्मा खर्च	**३,५६७,०५९**	**१,९३१,५७९**
	कुल नाफा/(नोक्सान)	**(७,५३५,२६१)**	**७,१०७,७१२**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० भाद्र मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.६४५,६७७,७८४.१३ रहेको छ।
२. सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	८६,३२२	१८,८००,९३२
२	कृषि विकास बैंक लिमिटेड	६८,३८४	१७,७७३,००२
३	सानिमा बैंक लिमिटेड	८०,२५९	२३,२३४,९८१
४	लक्ष्मी सनराइज बैंक लिमिटेड	६१,३२२	११,५२८,५३६
५	नेपाल बैंक लिमिटेड	७२,२२१	१७,९९०,२५१
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१७,९९८	१०,०६०,८८२
७	प्रभु बैंक लिमिटेड	८७,२७५	१३,९४६,५४५
८	एभरेष्ट बैंक लिमिटेड	३१,७७६	१८,६२३,९१४
९	प्राइम कमर्सियल बैंक लिमिटेड	८८,०४५	१५,९००,९२७
१०	माछापुच्छ्रे बैंक लिमिटेड	६३,०००	१६,८८४,०००
११	नबिल बैंक लिमिटेड	३७,६९१	२२,३५०,७६३
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	५९,७९२	२२,४३९,९३८
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६३,१९९	२४,५६५,४५१
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६६,३६४	२०,५७२,८४०
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६०,६२९	२२,७९६,५०४
	ग) जीवन विमा कम्पनी		
१	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५१,५७१	३४,७५८,८५४
२	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	४,७२३,२३२
३	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,१५९	५,०२८,७०५
४	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,१२४	६,९४१,६३६
५	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	४२,००७	२४,४९०,०८१
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	८,९५४	६,८४९,८१०
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२,९९६	२,२०२,०६०
३	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	३,५००	२,४९८,६५०
४	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१९,९५८	१५,३४९,६९८
५	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	१७,१६६	८,४९७,१७०
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६३,३७१	३०,४२४,४१७
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१८,७९२,६६१
३	मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेड	२,०००	२००,०००
४	पिपुल्स पावर लिमिटेड	२	४८०
५	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	३,८७६,४०५
६	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३०,७७१	१०,३०८,२८५
७	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	५,७२०,०००
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,०२५,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,६५५,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	११,६४०,०००
४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	३,७८०,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	१०,०००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१२,४८०,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१२,१२०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,३९०,०००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,०००,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१५,७२०,०००
	छ) लघुवित्त वित्तीय संस्था		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२७,३६३	२४,३९१,३७८
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२५,९८४	१५,१२५,२८६
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,९६६	१७,१७५,४९६
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	११,२७८,०००
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,२८०,९१६
६	बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	८०,२३०
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	३००,३१५
	ज) अन्य		
१	नागरिक लगानी कोष	५,२३४	१०,५२०,८६३
	जम्मा	**११,४६१,३०५**	**६१६,०९४,०९३**

कोष प्रवर्द्धक:
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११११७७/८८, फ्याक्सः ९७७-०१-५१११११८०
टोल फ्री नं. : १६६०-०१-७७७७७

योजना व्यवस्थापक/डिपोजिटरी:
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

जिडब्लुएमको टेस्ट ड्राइभ र एक्सचेन्ज क्याम्प

काठमाडौं/ भिजी इम्पेक्सले जिडब्लुएमका सबै सवारीसाधनका लागि 'टेस्ट ड्राइभ र एक्सचेन्ज क्याम्प' १२ असोजदेखि १८ सम्म आयोजना गरेको छ। यो क्याम्प जिडब्लुएमको काठमाडौं सोरुम थापाथली र भक्तपुर सोरुममा बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म आयोजना हुनेछ। क्याम्पले स्लिक हाभल एसयुभीदेखि ओरा ०३ इभी र पोयरजस्ता सवारीसाधन परीक्षण गर्ने मौका दिनेछ। क्याम्पमार्फत जिडब्लुएम लाइनअपको अनुभव लिँदै, दैनिक बोटको स्मार्टवाच र एकजना भाग्यशाली विजेताले एमआई टिभी जित्ने कम्पनीले जनाएको छ।

सेन्ट्रल फाइनान्सद्वारा होर्डिङ बोर्ड जडान

काठमाडौं/ सेन्ट्रल फाइनान्स चन्द्रपुर शाखाले रौतहटको राजमार्गमा सचेतनामूलक होर्डिङ बोर्डहरू लगाएको छ। रौतहट राजमार्गको धनसार पुलदेखि बागमतीसम्मका विभिन्न स्थानहरूमा होर्डिङ बोर्डहरू लगाइएको हो।

त्यस्तै, संस्थाको डकाहा शाखाले शुक्रबार रक्तदान कार्यक्रम आयोजना गरेको छ। दुधौली नगरपालिका वडा नम्बर ४ स्थित सरस्वती क्याम्पसमा आयोजित कार्यक्रममा संस्थाका कर्मचारीलगायत २४ जनाले रक्तदान गरेका छन्। नेपाल रेडक्रस सोसाइटी सिर्थौली उपशाखा, इलाका प्रहरी कार्यालय डकाहा र दुधौली नगरपालिका वडा नं ४ को समन्वयमा संस्थाले उक्त रक्तदान कार्यक्रम आयोजना गरिएको जानकारी डकाहा शाखाका शाखा प्रमुख दीपेश पाण्डेले बताए।

भान्सामा...

पृष्ठ १ बाट क्रमशः

२९ भदौमा पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँ तथा डिजेल र मट्टीतेलको तीन-तीन रुपैयाँले बढेको थियो। अब काठमाडौंमा पेट्रोल एक सय ८५ तथा डिजेल र मट्टीतेल समान एक सय ७९ रुपैयाँ प्रतिलिटर पुगेको छ। त्यस्तै, आन्तरिक हवाई इन्धन प्रतिलिटर आठ रुपैयाँले बढेर एक सय ४४ तथा बाह्य हवाई इन्धन प्रतिकिलोलिटर १.०९५ डलर पुगेको छ।

निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानी चाडका वेला ग्यासलगायत पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिलाई स्वचालित प्रणालीले दिलाएको बाध्यता भएको तर्क गर्छन्। 'अन्तर्राष्ट्रिय बजार भाउअनुसार नेपालमा मूल्य समायोजन गर्नुपर्छ भनेर उपभोक्ताको तीव्र दबाब थियो। त्यसैले आयल निगमले ३१ असारदेखि निरन्तर अन्तर्राष्ट्रिय भाउअनुसार मूल्य समायोजन गर्दै आएको छ। अहिले पनि मूल्य बढेर आएका कारण नेपाली बजारमा समायोजन गर्नुको विकल्प नभएको हो,' उनले भने, 'अहिले मूल्य बढ्दा मात्रै होइन, भोलिका दिनमा मूल्य घटेर आएको खण्डमा पनि तुरुन्तै मूल्य घटाउने प्रतिबद्धता जनाउँछु। स्वचालित मूल्य प्रणाली लागू गरेपछि सोहीअनुसार अगाडि बढ्न निगम पनि बाध्य छ।' स्वचालित मूल्य प्रणाली कायम गरेयता निगमले निरन्तर नाफा गर्दै आएको र यस्तो नाफाबाट सरकारको ऋण तिरिरहेको उनले बताए।

तर, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य तल्लो बिन्दुमा झरेर उकालो लाग्ने निश्चित भएसँगै आयल निगमले ३१ असारदेखि पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू गरेको थियो। १४ असोज ०७१ देखि नै पेट्रोल, मट्टीतेल र डिजेलमा स्वचालित प्रणाली लागू गर्ने निर्णय भए पनि कार्यान्वयन नभएकोमा नौ वर्षपछि एलपी ग्याससहित स्वचालित मूल्य प्रणालीमा फर्किएको हो। निगमले कच्चा तेल प्रतिब्यारेल ७८ डलर कायम रहेको ३१ असारदेखि हरेक १५ दिनमा मूल्य समायोजन गर्दै आएको छ। त्यसयता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य निरन्तर बढिरहेको छ। शनिबार साँझ कच्चा तेलको भाउ ९२ डलर प्रतिब्यारेल पुगेको छ। कोभिडको समयमा अन्तर्राष्ट्रिय मूल्य घटेर भएको क्षति न्यूनीकरण गर्न तेल उत्पादक तथा निर्यातकर्ता देशहरूको संगठन (ओपेक)ले एक वर्षदेखि उत्पादन कटौती गरेर मूल्यमा दबाब दिने रणनीति अख्तियार गरेको छ। जसकारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढ्दै गएको छ। निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट आएको दररेटमा आफूलाई निश्चित नाफा राखेर मूल्य समायोजन गर्दै आएको छ। उपभोक्ता चर्को महँगी खेप्न बाध्य छन्। दसैंको मुखमा बढेको ग्यासको चर्को मूल्यले नागरिकको मनमा जलन भएको छ। सरकार नागरिकको अभिभावकत्व निर्वाह गर्नबाट विचलित भएको छ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँ ग्याससहित पेट्रोलियम पदार्थमा निरन्तर भएको मूल्यवृद्धि हेर्दा सरकारमै व्यापारिक चरित्र देखिएको बताउँछन्। 'खाना पकाउने एलपी ग्याससहित अन्य पेट्रोलियमको मूल्य निरन्तर वृद्धि हुनु ज्यादती नै भयो। यति चाँडो र यति ठूलो अन्तरले ग्यासको मूल्य त बढाउनुपर्ने नै थिएन। नेपालीको मुख्य चाडपर्व भनेको दसैं, तिहार र छठ हो। यस्तो वेलामा सरकार र मातहतका निकायले राहत प्याकेज ल्याउनुपर्नेमा उल्टै उपभोक्ता प्रतिकूल हुने गरी आयल निगमले नै मूल्य बढाउनु जायज होइन,' उनले भने, 'ग्यासको मूल्य बढाउन व्यापारीहरूले पनि लबिङ गरेका छन्। अन्तर्राष्ट्रिय बजार भाउलाई देखाएर व्यापारीले जस्तो मूल्य बढाउनु ठीक होइन। अन्तर्राष्ट्रिय बजारलाई देखाएर दसैंको मुखमा मूल्य बढाउने सरकार र व्यापारीबीच भेद नै छुट्याउन सकिएन। सरकार र व्यापारीले गर्ने कारोबारको प्रकृति उस्तै देखियो।'

उपभोक्ताकर्मी माधव तिमिल्सिना पनि चाडपर्वको समयमा हरेक उपभोक्ताको चुलो सल्काउने ग्यासमा भएको उच्च मूल्यवृद्धि असह्य रहेको बताउँछन्। 'सरकार र मातहतका निकायले राहत दिनुपर्ने वेलामा सरकारी स्वामित्वकै आयल निगमले व्यापारीको जस्तो भाषा र व्यवहार देखाएर मूल्यवृद्धि गर्नु ठीक होइन,' उनले भने, 'यो मूल्यवृद्धि तुरुन्त फिर्ता गरेर दसैं, तिहार र छठसम्म पेट्रोलियमको मूल्य नबढ्ने सुनिश्चितता सरकारबाट आउनुपर्छ।'

स्वचालित गरेको तीन महिनामा १.८९ अर्ब नाफा

३१ असारदेखि स्वचालित मूल्य प्रणाली लागू गरेपछि तीन महिनामा आयल निगमले एक अर्ब ८९ करोड रुपैयाँ नाफा कमाउँदै छ। निगमले साउन र भदौमा मात्रै एक अर्ब २७ करोड नाफा कमाइसकेको छ। त्यस्तै, १ देखि १३ असोजसम्म २८ करोड रुपैयाँ नाफा निकाल्ने प्रक्षेपण गरेको निगमले १४ असोजदेखि मसान्तसम्म थप ३४ करोड नाफाको प्रक्षेपण गरेको छ।

ग्यासको मूल्य अचाक्ली बढ्नुमा करको उच्च भार पनि प्रमुख कारण

खाना पकाउने एलपी ग्यासको मूल्य इतिहासकै सबैभन्दा उच्च बिन्दुमा पुग्नुमा सरकारले लिने करको हिस्सा पनि प्रमुख कारण हो। आयल निगमले दुई हजार एक सय १० रुपैयाँ निर्धारण गरेको प्रतिसिलिन्डर ग्यास आइओसीबाट एक हजार चार सय ५८ रुपैयाँ ९४ पैसामा खरिद गरेको छ। यो ग्यास आयात गर्दा भन्सार बिन्दुमै तीन सय ३५ रुपैयाँ ७९ पैसा करबापत दाखिला गर्नुपर्छ। भन्सार तथा प्रज्ञापन शुल्कबापत ७८.४५ रुपैयाँ र पूर्वाधार करबापत दुई सय ३६ रुपैयाँ २५ पैसा प्रतिसिलिन्डर निर्धारण गरिएको छ। त्यस्तै, आयल निगमले मूल्य स्थिरीकरण कोषका लागि थप २१.१० रुपैयाँ जोड्ने गरेको छ।

अन्य पेट्रोलियम पदार्थमा पनि करको दर उच्च नै छ। आइओसीबाट १०२.७३ रुपैयाँ प्रतिलिटरमा खरिद गरेको पेट्रोलमा ६३.८६ रुपैयाँ कर लाग्ने गरेको छ। ११८.४० रुपैयाँ प्रतिलिटरमा किनेको डिजेलमा ४७.९१ रुपैयाँ तथा ११३.४६ रुपैयाँ प्रतिलिटरमा किनेको मट्टीतेलमा ३४.४१ रुपैयाँ कर लाग्ने गरेको छ। ११३.७५ रुपैयाँमा किनेको हवाई इन्धनमा भने २०.६४ रुपैयाँ कर लाग्ने गरेको छ। यो करको दर उच्च भएको र पुनरावलोकन हुनुपर्ने माग उठ्दै आए पनि सरकारले चासो दिएको छैन।

फर्किए...

पृष्ठ १ बाट क्रमशः

उनको भनाइ छ। 'चिनियाँ हवाई कम्पनीको छेन्दुबाट काठमाडौं सीधा हवाई सेवा उपलब्ध भइरहेको सन्दर्भमा छेन्दु र अन्य सहरबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि हवाई सेवा विस्तार गर्नेतर्फ सहयोग गर्न अनुरोध गरेको छु,' उनले भने। प्रधानमन्त्री प्रचण्डले नेपाल र तिब्बतका परम्परागत, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय नाका खुल्ने जानकारी दिए। कतिपय नाकामा पूर्वाधार निर्माण गर्नुपर्ने र त्यसमा पनि चीनले सघाउने आश्वासन दिएको प्रधानमन्त्रीको भनाइ थियो।

प्रधानमन्त्रीले प्रचण्डले चिनियाँ नेताहरूसँग चीनद्वारा जारी पछिल्लो नक्साका विषयमा पनि छलफल भएको बताए। 'नक्साबारेमा यसअघि पनि कुराकानी भएको थियो। चीनमा पनि सकारात्मक रूपमा कुराकानी भयो,' प्रधानमन्त्री प्रचण्डले नक्साबारे सोधिएको प्रश्नमा भने। चीनले नेपालको कालापानीदेखि लिम्पियाधुरासम्मको नक्सालाई भारततर्फ पारेर नयाँ नक्सा जारी गरेपछि नेपालमा त्यसको विरोध हुँदै आएको छ।

३० भदौमा संयुक्त राष्ट्रसंघको ७८औँ महासभामा भाग लिन न्युयोर्क गएका प्रधानमन्त्री प्रचण्ड ६ असोजदेखि न्युयोर्कबाटै चीनको औपचारिक भ्रमणमा थिए। चीनका राष्ट्रपति सीले २०१९ मा गरेको राजकीय भ्रमणपछि नेपालबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो। उनी चीन पुगेको पहिला दिनमै हाङझाउमा आयोजित १९औँ एसियाली खेलकुदको उद्घाटन समारोहमा सहभागी बनेका थिए।

प्रधानमन्त्री प्रचण्डले चीनसँग असल मित्रका रूपमा दुई देशबीच भएका समझदारी अन्तर्राष्ट्रिय मूल्य-मान्यता र सिद्धान्तमा आधारित रहेको पनि जानकारी दिएका छन्। प्रचण्डले तिब्बत भ्रमणलाई विगतमा राष्ट्रप्रमुख र प्रधानमन्त्रीहरूले गर्ने गरेको भ्रमणकै निरन्तरताका रूपमा व्याख्या गरे। नेपाल र चीनबीच सीमा जोडिएको एक मात्र प्रान्त तिब्बत हो भने नेपालको चीनसँगको व्यापारको प्रवेश बिन्दु पनि तिब्बत नै हो।

चीनले नेपाललाई गर्ने सहयोगका केही कार्यक्रम तिब्बतमार्फत कार्यान्वयन हुने गरेको र परम्परादेखि नै नेपाल र तिब्बतबीच व्यापार तथा जनस्तरको सम्बन्ध कायम रहेको प्रधानमन्त्रीको भनाइ थियो। यसपटक नेपाल-चीन सम्बन्ध सञ्चालनका सन्दर्भमा इन्चार्ज पनि तिब्बतको पार्टी सेक्रेटरीलाई चीनले जिम्मा दिएको छ।

'तिब्बतले केही समयदेखि गरिरहेको तीव्र आर्थिक विकासबाट नेपालले पनि धेरै सिक्न सक्ने र लाभ लिन सक्ने देखिएकाले तिब्बत र नेपालबीच इतिहासदेखि रहिआएको सम्बन्धलाई आगामी दिनमा घनीभूत बनाउँदै लैजाने विषयमा छलफल भएका छन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'तिब्बतका अधिकारीहरूले मेरो भ्रमणका अवसरमा संयुक्त रूपमा जारी भएको विज्ञप्तिमा उल्लेखित विषयलाई कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।'

चीनको राजधानी बेइजिङमा आयोजित नेपाल-चीन व्यापार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले नेपालमा लगानीको उपयुक्त वातावरण रहेकाले नेपालका प्राथमिकताका क्षेत्रमा लगानी गर्न चिनियाँ निजी लगानीकर्तालाई आह्वान गरेको सुनाए। भ्रमणका क्रममा नेपाल र चीनबीच विभिन्न समझदारीमा हस्ताक्षर भएको छ।

कुटपिट...

पृष्ठ १ बाट क्रमशः

पहिलेका ऐन कानुनको कार्यान्वयन र कार्यस्थललाई भरपर्दो र सुरक्षित बनाउनेबारे सहमति भएको छ।

पछिल्लो समय मणिपाल-पोखरा, माडी-चितवन, हेटौंडा, कञ्चनपुर, बेलौरी, लमजुङ, पाटनलगायतका अस्पतालमा भएका घटनाका दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र चिकित्सक सुरक्षाको निश्चितता गर्नुपर्नेलगायतका माग संघर्ष समितिले राखेको थियो। प्रहरीले केहीलाई पक्राउ गरी कारबाही चलाइसकेको छ। तर, पनि चिकित्सकहरूले भावी दिनमा हुने असुरक्षा र कुटपिटमा संलग्नलाई कारबाही हुनुपर्ने माग राख्दै आन्दोलनका कार्यक्रम जारी राखेका थिए।

गृह मन्त्रालयमा भएको शनिबारको छलफलमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको मनोबलमा ह्रास आएको हुँदा उनीहरूको मनोबल बढाउन कुटपिट गर्ने व्यक्तिलाई तीन वर्षभन्दा बढी सजाय हुनुपर्नेमा गरिएको छ। यसबारे सरकार र आन्दोलनरत पक्षबीच सहमति पनि भएको छ। चिकित्सकहरूका मागका सम्बन्धमा कानुन संशोधन गर्न स्वास्थ्य मन्त्रालयले एक साताभित्रै प्रक्रिया अघि बढाउने निर्णयसमेत भएको छ।

यस्तो छ ६ बुँदे सहमति

- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी पोखराको मणिपाललगायत स्वास्थ्य संस्थामा चिकित्सक तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षालाई थप भरपर्दो बनाउने। त्यसका लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समितिलाई समेत क्रियाशील बनाउने।
- चिकित्सक तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा आक्रमण तथा कुटपिट गर्नेलाई ऐनअनुसार बमोजिम कारबाही चलाउने।
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको मनोबलमा ह्रास आएको हुँदा उनीहरूको मनोबल बढाउन कुटपिट गर्ने व्यक्तिलाई तीन वर्षभन्दा बढी सजाय हुनुपर्ने। त्यसका लागि कानुन संशोधन गर्न स्वास्थ्य मन्त्रालयले एक साताभित्र प्रक्रिया अघि बढाउने।
- चिकित्सक, आवासिय चिकित्सक, मेडिकल अधिकृत, इन्टर्न डाक्टर तथा स्वास्थ्यकर्मीहरूको सेवा-सुविधामा न्यूनतम सरकारीसरह एक रूपता कायम गर्ने। साथै, तत्काल सुधार गर्नुपर्ने विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिवको संयोजकत्वमा गृह मन्त्रालय, कानुन मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि, चिकित्सा शिक्षा आयोग, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ र स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिका प्रतिनिधि रहेको समिति १५ दिनभित्र गठन गरी जिम्मेवारी दिने। उक्त प्रतिवेदन अध्ययन गरी त्यसमा उल्लेख भएको मूल मर्म कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक कारबाही गर्ने।
- स्वास्थ्यकर्मीमाथि भइरहेका कुटपिट र दुर्व्यवहारका घटनाको कारक तत्त्व पहिचान एवं निराकरण गर्न आवश्यक पर्ने नीतिगत कानुनी सुधारका विषय समेटी प्रतिवेदन पेस गर्न २० दिनभित्र उच्चस्तरीय कार्यदल गठन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी जिम्मेवारी दिने। उक्त प्रतिवेदन अध्ययन गरी त्यसमा उल्लेख भएको मूल मर्म कार्यान्वयनका लागि स्वास्थ्य मन्त्रालयले आवश्यक कारबाही गर्ने
- स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिको तर्फबाट सञ्चालन गरेका आन्दोलनका कार्यक्रम आजैका मितिबाट अन्त्य गरी नियमित काममा फर्कने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/१४

यस केन्द्रको मिति २०८०/०५/१० मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम रितपूर्वक दर्ता भएका बोलपत्र मध्ये देहायका बोलपत्र सारभुत रुपमा प्रभावग्राही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	योजनाको नाम	छनोट भएको बोलपत्रदाता	कबोल अंक (VAT) सहित
(GPKNCRD/GOODS/NCB/02/2080-081)	Purchase of Chemical and Reagents for Laboratory	MEDIGOLD INTERNATIONAL PVT. LTD (Midthimi-01)	9833606.63

अस्पताल प्रमुख

हम्सेदुम्से...

पृष्ठ १ बाट क्रमशः

सकिएको छैन। दूध पनि घटेर दैनिक सय लिटरमा झरेको छ,' उनले भने। उनी विगतमा खर्च कटाएर मासिक एक लाख आम्दानी गर्दै आएका थिए।

'पराल, दाना, चापट र घाँस ल्याएको ठाउँबाट पैसा दैनिक फोन आउँछ, त्यही भएर गाई बेच्ने सोच बनाएको छु,' उनले भने, 'एक लाख ६० हजारमा किनेको गाई बेच्न खोज्दा ९० हजार दिन पनि मान्दैनन्। खाना नपाएर गाई दुब्लाएका छन्। त्यही भएर भाउ आएन।'



दमक- ३ स्थित चेतन विष्टसँग गोठ बनाउने पैसा नभएपछि हिलोमा डुबेका गाई

सहकारीले दूधको नौ लाख भुक्तानी नदिँदा यस्तै विखलबन्दमा परेका छन्, दमक-३ का टंकबहादुर कार्की। तीन वर्षअघि ६२ लाखमा शान्ति कृषि फार्म खोलेका कार्की सहकारीले दूधको पैसा नदिँदा न त गाई पाल्न सक्ने अवस्थामा छन्, न त गाई फार्म बन्द गर्ने अवस्थामा। पहिले सहकारीले दूधको पैसा नियमित भुक्तानी गर्दा उनको आम्दानी राम्रै थियो। गाईको स्याहार गरेर, बैंकको किस्ता तिरेर पनि परिवार राम्रैसँग पाल्दै आएका थिए। तर, गत जेठयता हम्सेदुम्से दुग्ध उत्पादन तथा संकलन सहकारी संस्थाले पैसा नदिएपछि उनी अप्ठ्यारोमा परेका हुन्।

पर्याप्त दाना, घाँस खुवाउन नसक्दा गाई बिरामी पर्न थालेको कार्की बताउँछन्। 'गाईको स्याहार गर्ने पैसा छैन। बैंकको किस्ता कसरी तिर्ने ? केही हुन्छ भनेर गाईपालन सुरु गरेको सहकारीले पैसा नदिँदा समस्यामा परियो,' उनले भने।

दमक- ३ गोलाटारका नन्दकुमार थापाले गत फागुनमा ऋण लिएर दुईवटा गाई किनेका थिए। दूध बेचेर ऋणको किस्ता तिर्दै आएका थापाले गत जेठयता पैसा नपाएपछि ब्याजबाहेकको रकम तिर्न सकेका छैनन्। 'नियमित पैसा दिँदा त घर चलाउन पुगेको थियो। पैसा दिन छाडेपछि गाईको चाकर गर्न सकिएन,' उनी भन्छन्, 'अहिले घाँस-दाना किन्ने पसलको पैसा तिर्न सकेको छैन।'

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८०/०६/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत वेबास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि सम्पूर्ण प्रक्रिया पुरा गरी कर्जा चुक्ता भुक्तान गर्ने बारेको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पूर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि यस संस्थाको सेवाकेन्द्र कार्यालय नारायणगढ चितवनमा आइपुग्ने गरी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित ऋण असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : ललित बस्नेत
बाबु : बिन बहादुर बस्नेत
बाजे : हर्क बहादुर बस्नेत
ना.प्र.नं. : ७८
जारी मिति : २०३३/०७/२७ (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : हरीमाया बस्नेत
पति : ललित बहादुर बस्नेत
ससुरा : बिन बहादुर बस्नेत
ना.प्र.नं. : ३२७१
जारी मिति : २०४४/०९/३० (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : सुदिप बस्नेत
बाबु : ललित बस्नेत
बाजे : बिन बहादुर बस्नेत
ना.प्र.नं. : ३९९३९
जारी मिति : २०५८/११/०९ (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : प्रदिप बस्नेत
बाबु : ललित बस्नेत
बाजे : बिन बहादुर बस्नेत
ना.प्र.नं. : १३०७८/०५५
जारी मिति : २०५५/०३/३१ (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



धितोको विवरण

❖ ललित बस्नेतको नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक भरतपुर उ.म.न.पा. वडा नं. ६ सिट नं. ६क स्थित कित्ता नं. ६४०, ६६६, ७०३ र ५७६ को क्षेत्रफल कमश ०-०-१०-० बिगाह, ०-१-०-० बिगाह, ०-१-०-० बिगाह र ०-१-०-० बिगाहको पुरा जग्गा र उक्त जग्गामा बनेको घरसहित सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : सुदिप बस्नेत
बाबु : ललित बस्नेत
बाजे : बिन बहादुर बस्नेत
ना.प्र.नं. : ३९९३९
जारी मिति : २०५८/११/०९ (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : ललित बस्नेत
बाबु : बिन बहादुर बस्नेत
बाजे : हर्क बहादुर बस्नेत
ना.प्र.नं. : ७८
जारी मिति : २०३३/०७/२७ (लमजुङ्ग)
ठेगाना : लमजुङ्ग जिल्ला बेशिसहर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : लविना अधिकारी बस्नेत
पति : सुदिप बस्नेत
ससुरा : ललित बस्नेत
ना.प्र.नं. : ३५१०२५/३९१४
जारी मिति : २०६८/०६/२९ (चितवन)
ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा वडा नं. १२ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर १२ कालिका बस्ने।



धितोको विवरण

❖ ललित बस्नेतको नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक साविक भरतपुर उ.म.न.पा. वडा नं. ६ सिट नं. ६क स्थित कित्ता नं. ६५० र ६४२ को क्षेत्रफल कमश ०-१-०-० बिगाह र ०-०-५-० बिगाहको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

❖ लविना अधिकारी बस्नेतको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक भरतपुर उ.म.न.पा. वडा नं. ६ सिट नं. ६क स्थित कित्ता नं ६४३ को जम्मा क्षेत्रफल ०-०-७.५-० बिगाहको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : विर बहादुर विश्वकर्मा
बाबु : शंकर विश्वकर्मा
बाजे : कालु विश्वकर्मा
ना.प्र.नं. : १०१३
जारी मिति : २०२९/०३/१५ (चितवन)
ठेगाना : चितवन जिल्ला पटिहानि वडा नं. ५ को परिवर्तित ठेगाना ऐ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर २२ पटिहानि बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : धन माया विश्वकर्मा
पती : विर बहादुर विश्वकर्मा
ससुरा : शंकर विश्वकर्मा
ना.प्र.नं. : ३५८७६
जारी मिति : २०३६/०३/११ (चितवन)
ठेगाना : चितवन जिल्ला पटिहानि गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर २२ पटिहानि बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : सजिव सिंह विश्वकर्मा
बाबु : विर बहादुर विश्वकर्मा
बाजे : शंकर विश्वकर्मा
ना.प्र.नं. : ३५१७३८ /०४४
जारी मिति : २०६०/०२/१५ (चितवन)
ठेगाना : चितवन जिल्ला पटिहानि गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर २२ पटिहानि बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : रश्मि विश्वकर्मा
पति : संजिव सिंह विश्वकर्मा
ससुरा : विर बहादुर विश्वकर्मा
ना.प्र.नं. : ४११००१/९५९०६
जारी मिति : २०६८/०१/१५(गुल्मी)
ठेगाना : चितवन जिल्ला भरतपुर २२ पटिहानि बस्ने।



धितोको विवरण

❖ विर बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक पटिहानी गा.वि.स. वडा नं. ५ सिट नं. ५क स्थित कित्ता नं.६७४ को जम्मा क्षेत्रफल ०-१-१६-० बिगाहको जग्गा र उक्त जग्गामा बनेको घरसहित सो घरजग्गाले चर्चेको सम्पूण लिगलगापात समेत

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम विक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौ वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई सेवाकेन्द्र कार्यालय नारायणगढ चितवनमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र सयम
२०८०/०७/१८ गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थान
२०८०/०७/१९ गते आइतबार सेवाकेन्द्र कार्यालय नारायणगढ, चितवन दिउँसो ३ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

आइतबार १४ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

१९औँ एसियाड

पब्जीमा पनि नेपाल बाहिरियो

पब्जीमा सेमिफाइनलको समूहमा दोस्रो स्थानमा रहँदा पनि फाइनल पुग्ने प्रावधान छ, तर समूह 'ए'मा तेस्रो स्थान हात पार्दा नेपाली टोलीको पदक जित्ने सम्भावना समाप्त

हाङ्झाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

चीनको हाङ्झाउ सहरमा चलिरहेको १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा ई-स्पोर्ट्सअन्तर्गत पिस एलिटको रूपमा रहेको पब्जी मोबाइलबाट नेपाली टोली सेमिफाइनलबाटै बाहिरिएको छ । यो नतिजासँगै सन् १९८६ पछि नेपाल एसियाडबाट सम्भवतः पहिलोपटक खाली हात फर्कने अवस्थामा पुगेको छ । सन् १९५१ देखि लगातार सहभागिता जनाइरहेको नेपालले १०औँ संस्करणमा पदक जितेको थियो । सन् १९८६ को सोल एसियाडमा नेपालले खाता खोलेको थियो । त्यसयता नेपाल कहिल्यै पनि एसियाडबाट पदकविहीन हुनुपरेको थिएन ।

तर, कमजोर तयारी र आन्तरिक संघहरूको आपसी किचलोबीच एसियाडमा सहभागी नेपाल यसपटक पदकविहीन अवस्थामा पुगेको छ । प्रतियोगिता सुरु भएको एक साताभित्र नेपालले पदकको आशा गरेका सबै खेल एकपछि अर्को गरी घर फर्किएका छन् । यसपालि राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीले मार्सल आर्ट खेलमा पदकको आशा राखेका थिए । तेक्वान्दो, बक्सिङ, करँतेलाई सम्भावित पदक जित्ने लिस्टमा समावेश गरी हाई परफर्मेन्स खेलको वर्गीकरण गरी प्रशिक्षण दिइएको थियो ।

उसु र जुडोका खेलाडी पहिलो चरणबाटै बाहिरिए । तेक्वान्दो र बक्सिङमा नेपाल क्वार्टरफाइनलसम्म पुगेको थियो । अपेक्षाविपरीत नतिजा आउँदा पब्जीबाट नेपालले पदक जित्ने आशाको किरण देखेको थियो । शुक्रबार नेपाली टोली सेमिफाइनलमा पुग्दा पदक जित्न सक्ने भनी सम्बन्धित पदाधिकारी दंग परेका थिए । पदक जित्ने आशासहित ओलम्पिक कमिटीका सबै पदाधिकारी पब्जी खेल हेर्न उपस्थित भएका थिए । यो खेलले विश्व च्याम्पियनसिपमा दोस्रो स्थान हात पारेको थियो । विश्व च्याम्पियनसिपको उपविजेता नेपाली टोलीले एसियाडमा पक्कै पनि पदक भित्र्याउन सक्ने क्षमता राखेको थियो ।

तर, शनिबार बिहान चाइना हाङ्झाउ ई-स्पोर्ट्स् सेन्टरमा सेमिफाइनलको समूह 'ए'को खेलमा नेपाल तेस्रो स्थानमा रह्यो । नेपालले केवल जापानलाई हराएको थियो । फाइनलमा पुग्न कम्तीमा दोस्रो हुनुपर्ने थियो । नेपाली टोली दक्षिण कोरिया र चाइनिज ताइपेईसँग पराजित भयो । नेपाली टोलीमा सुविनकुमार प्रजापति, दीपेश गुरुङ, साहस भण्डारी र समीर गुरुङले खेलेका थिए ।

फाइनल चरणमा पुग्नका लागि सेमिफाइनल चरणको समूहमा शीर्ष दुईमा रहनुपर्ने नियम रहँदा नेपालका सुविनकुमार, दीपेश, साहस, समीर र संगीन सम्मिलित नेपाली टोलीले ५४ मिनेट ३३.३४६ सेकेन्ड टाइमिङ निकाले, जुन तेस्रो स्थानसम्म मात्र सीमित भयो । दक्षिण कोरिया ५० मिनेट ३७.१५१ सेकेन्ड टाइमिङसहित पहिलो स्थानमा रह्यो ।

चाइनिज ताइपेई ५२ मिनेट १९.३९३ सेकेन्ड टाइमिङसहित दोस्रो स्थानमा रहेर फाइनल चरण पुगेको छ । यसअघि शुक्रबार एलिमिनेसन राउन्डको समूह 'सी'मा दोस्रो हुँदै नेपाल अन्तिम चारमा पुगेको थियो । नेपालले क्वार्टरफाइनलमा हङकङ, प्यालेस्टाइन र साउदी अरेबियाविरुद्ध प्रतिस्पर्धा गरेको थियो । हङकङ शीर्ष स्थानमा रह्यो । नेपालले प्यालेस्टाइन र साउदीलाई पछि पार्दै सेमिफाइनल स्थान सुरक्षित गरेको थियो ।



बक्सिङमा पनि पदकविहीन

एसियाडमा बक्सिङ पनि पदकविहीन हुँदै घर फर्किएको छ । हाङ्झाउ जिम्नासियममा नेपालकी सरस्वती राना ७५ केजी तौलसमूहको क्वार्टरफाइनलमा भियतनामकी लु क्विइनसँगै ४-१ ले पराजित भएकी छिन् । सरस्वती बाहिरिएसँगै नेपाली बक्सिङ टोलीसमेत पदकविहीन भएको हो । सरस्वतीले खेल जित्दा कांस्य पदक निश्चित थियो । तर, उनी भियतनामकी खेलाडीसँग अंकका आधारमा पराजित भइन् । पहिलो राउन्डमा राम्रो खेले पनि उनी तेस्रो राउन्ड पुग्दा कमजोर देखिइन् । यद्यपि, उनले भियतनामकी खेलाडीलाई हराइन् । यो राउन्डमा उनले ३०-२७ को स्कोर गरेकी थिइन् ।

एसियाडको इतिहासमा नेपाललाई बक्सिङबाट ६ कांस्य प्राप्त छ । सन् १९८६ को सोल एसियाडमा बक्सिङले चार कांस्य दिलाएको थियो । सन् २०१० को ग्वाङ्झाउ एसियाडमा वर्तमान नेपाली टोलीका प्रशिक्षक दीपक महर्जनले कांस्य जितेका थिए । त्यसयता नेपाल एसियाडमा बक्सिङबाट पदकविहीन छ ।

यसपटक बक्सिङमा १३ खेलाडी सहभागी भएका थिए । सहभागी खेलाडीमध्ये रबिना थापाले एक बाउट जितेकी थिइन् । उनले इन्डोनेसियाका



खेलाडीलाई ४-१ ले हराउँदै अन्तिम १६ मा स्थान बनाएका थिए । उनी प्रिक्वार्टरफाइनलमा अन्तिम १६ बाटै पराजित भए । उनी उत्तर कोरियाका खेलाडीबाट परास्त भए ।

उनीबाहेक अन्य नेपाली बक्सरले एक खेल पनि जित्न सकेनन् । एसियाली स्तरमा रजत पदक विजेता सुष्मा तामाङले पदक दिलाउने आशा थियो । तर, उनले आफ्नो इभेन्टमा गतिलो प्रदर्शन गर्न सकिनन् । १३औँ दक्षिण एसियाली खेलकुदका स्वर्णविजेता भूपेन्द्र थापा पनि पहिलो खेलमा पराजित भए ।

एसियाडमा ६ कांस्यको त्यो इतिहास

नेपालले एसियाडमा बक्सिङबाट ६ कांस्य पदक जितेको छ । एसियाडमा बक्सिङ तेक्वान्दोपछि नेपालको सफल खेल हो । नेपालले अन्तिमपटक सन् २०१० को ग्वाङ्झाउ एसियाडमा वर्तमान टोलीका प्रशिक्षक दीपक महर्जनले नेपाललाई कांस्य पदक दिलाएका थिए । त्यसयता नेपाल एसियाडमा बक्सिङमा पदकविहीन छ । सन् २०१० को एसियाडमा नेपाललाई एक मात्र पदक जिती पदकविहीन हुनबाट दीपकले नै जोगाएका थिए ।

नेपालले १९८६ को एसियाडमा बक्सिङबाट चार कांस्य जितेको थियो । नेपालका दलबहादुर रानामगर, मनोजबहादुर श्रेष्ठ, सुशील पोखरेल र तुलबहादुर थापाले बक्सिङबाट कांस्य जितेका थिए । सन् १९९० को बेइजिङमा चित्रबहादुर गुरुङले कांस्य जिते । यसको २० वर्षपछि दीपकले कांस्य हात पारे ।

■ ट्रायथलनमा महर्जन १७औँ स्थानमा

ट्रायथलनको महिला व्यक्तिगत स्पर्धामा नेपालकी श्रेबी महर्जन १७औँ भएकी छिन् । २१ खेलाडी सहभागी स्पर्धामा कुवेत, युएई, कम्बोडिया र जोर्डनका खेलाडीले स्पर्धा पूरा गर्न सकेनन् । महर्जनले एक हजार पाँच सय मिटरको पौडी, ४० किलोमिटरको साइक्लिङ र १० किलोमिटरको दौड जम्मा दुई घन्टा २५ मिनेट र १३ सेकेन्डमा पूरा गरेकी थिइन् । ट्रायथलनमा नेपालबाट समान २-२ पुरुष/महिला गरी चार खेलाडी सहभागी छन् ।

■ ह्यान्डबल : सबै चुनौती समाप्त

महिला ह्यान्डबलमा नेपालको सबै चुनौती समाप्त भएको छ । समूह 'बी'को तेस्रो तथा अन्तिम खेलमा भारतले नेपाललाई ४४-१९ ले पराजित गऱ्यो । नेपालका लागि कप्तान वन्दना राईले ७ र उमा राईले ६ गोल गरेका थिए । कल्पना सिन्जाली र आइत लोमु शेर्पाले समान दुई गोल गरे । सम्झना कुमाल र रामकुमारी चौधरीले समान दुई गोल गरेका थिए । यसअघि नेपाल हङकङसँग २७-१८ ले पराजित भएको थियो । समूह चरणको पहिलो खेलमा नेपाल चीनसँग ५७-१० र जापानसँग ६२-१० ले हारेको थियो ।

■ भारोत्तोलनमा : टीकामाया बाहिरिइन्



एसियाडमा शनिबारदेखि भारोत्तोलन सुरु भएको छ । महिला ५५ केजीको प्रतिस्पर्धामा नेपालकी टीकामाया गुरुङ बाहिरिएकी छिन् । एक्सएससी जिम्न्यासियममा भएको समूह 'ए'को खेलमा टीकाले स्न्याचमा ६० र क्लिन एन्ड जर्कमा ८६ गरी जम्मा १४६ केजी भार वहन गरिन् । स्न्याचमा टीकाले पहिलो र दोस्रो लिफ्टमा पनि ६० केजी भार उचाल्ने प्रयास गरेकी थिइन्, तर उनी सफल भइनन् । क्लिन एन्ड जर्कमा टीकाले पहिलो लिफ्टमा ८० तथा दोस्रो लिफ्टमा ८६ केजी तौल उठाइन् । क्लिन एन्ड जर्कको आफ्नो तेस्रो लिफ्टमा उनले ९० केजी तौल उचाल्ने प्रयास गरेकी थिइन् । उनी ९० केजी तौल उचाल्नसमेत असफल भइन् ।

■ दीपकले बनाए राष्ट्रिय कीर्तिमान



एसियाडको आठौँ दिनमा नेपालका लागि एथलेटिक्सका धावक दीपक अधिकारीले राष्ट्रिय रेकर्ड राखेका छन् । हान्झाउ ओलम्पिक स्पोर्ट्स् सेन्टरमा शनिबार साँझ दीपकले १० हजार मिटर दौडमा आठौँ स्थानमा रहँदै राष्ट्रिय रेकर्ड राखेका हुन् । उनले निर्धारित दूरी २९ मिनेट ३५.०६ सेकेन्डमा पूरा गरे । १० हजार मिटर दौडमा गोपिचन्द्र पार्कीले इन्चोन एसियाडमा राष्ट्रिय रेकर्ड राखेका थिए । अब यो रेकर्ड दीपकको नाममा आएको छ ।

सन् २०१४ मा दक्षिण कोरियाको इन्चोन एसियाडमा पार्कीले ३० मिनेट ३०.९९ सेकेन्डको कीर्तिमान बनाएका थिए । ९ वर्षपछि पार्कीको रेकर्ड तोडिएको छ । दीपकले गत वर्ष पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुदमा १० हजार मिटरमा ३० मिनेट १०.३ सेकेन्डको ह्यान्ड कीर्तिमान बनाएका थिए । तर, इलेक्ट्रिक टाइमिङ नभएकाले सो कीर्तिमानलाई आधिकारिक मान्यता दिइएन ।

१९औँ एसियाडमा नयाँ राष्ट्रिय कीर्तिमान बनाउने दीपक पहिलो नेपाली खेलाडी बनेका छन् । शनिबारको स्पर्धामा दीपक सहभागी दौडमा १६ जना सहभागी थिए । नेपाली टोलीका मुख्य प्रशिक्षक चन्द्रबहादुर गुरुङले एसियाडमा राष्ट्रिय कीर्तिमान पदक जितेबराबर भएको प्रतिक्रिया दिएका छन् । 'यो एकदमै ठूलो उपलब्धि हो, हामी सबैको मिहिनेतले सफल भयौँ, एकदमै खुसी छौँ,' उनले भने ।

यसैगरी, राष्ट्रिय कीर्तिमान बनाएका दीपक अधिकारीले मिहिनेतअनुसारको नतिजा आएको बताए । 'एकदमै खुसी लागेको छ, मिहिनेत अनुसार रिजल्ट आयो,' उनले भने, 'नियमित प्रशिक्षण भए अझ राम्रो गर्न सकिन्छ ।'

■ महिला भलिबल : भियतनामसँग डेब्यु खेलमै हार

देकिङ स्पोर्ट्स् सेन्टर जिम्न्यासियममा नेपाली महिला भलिबल टोली भियतनामसँग ३-० को सोझो सेटमा पराजित भयो । तीन सेटमै भियतनामले नेपालमाथि दबाब राखेको थियो । भियतनामले २५-४, २५-१६ र २५-१३ को नतिजा निकाल्यो । नेपालविरुद्ध प्रतिस्पर्धा गरेको भियतनामका खेलाडीले हालै मात्र एसियन च्याम्पियनसिपमा तेस्रो स्थान रक्षा गरेका थिए । एसियन च्याम्पियनसिपको अनुभव बटुलेको भियतनामविरुद्ध नेपाली खेलाडीले तेस्रो सेटको सुरुवाती तीन अंक मात्र चुनौती दिए । यसबाहेक अन्य समय नेपाली खेलाडी अति नै कमजोर देखिएका थिए । नेपालले समूह 'सी'को अर्को खेलमा सोमबार दक्षिण कोरियाविरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

पहिलो सेटमा भियतनामले २२ स्कोर गरेको अवस्थामा नेपालले केवल चार स्कोर गऱ्यो । दोस्रो सेटमा नेपालले सुरुमै भियतनामलाई १-१ को स्कोर गरेको थियो । अग्ला र निकै चलाख देखिएका भियतनामी खेलाडी नेपाललाई त्यसपछि रोक्दै लगातार अंक बटुली १४-५ ले अगाडि रहे । यस सेटमा नेपालले केही सुधारिएको प्रदर्शन गरेको थियो । भियतनामले १८ स्कोर गर्दा नेपालले ११ स्कोर गऱ्यो । तेस्रो सेटमा नेपालले लगातार तीन स्कोर गरी ३-० को अग्रता लियो ।

यद्यपि, भियतनामले स्कोर गर्न थालेपछि रोकिएन । भियतनामले ३-३ को स्कोर गरी अगाडि बढ्यो । नेपालको ब्लक, डिफेन्स र प्लेसिङको कमजोरीको फाइदा लिँदै भियतनामले १६-६ को स्कोर गरेको थियो । केही सुधारिएको प्रदर्शन गरेको नेपालले २१-१० को स्कोर गऱ्यो । तर, नेपालका अनुभवी खेलाडीले पटक-पटक गल्ती गर्दा विपक्षीले त्यसको फाइदा लियो ।



नेपाललाई २५-१३ मै रोक्न सफल भयो । नेपालकी कप्तान अरुणा शाहीले सोचेको जस्तो प्रदर्शन गर्न नसकेको बताइन् । 'पहिलो सेटमा खासै खेल्न सकेनौँ । दोस्रो र तेस्रो सेट ठिकै खेलेको हो, तर यस किसिमको अन्तरले पराजित हुन्छौँ भनी सोचेका थिएनौँ । आगामी खेलमा खेल्न सहज हुनेछ,' उनले भनिन्, 'खेल कठिन हुन्छ भन्ने थाहा थियो । मैले व्यक्तिगत र टिमले नै अझ राम्रो गर्न सक्छौँ ।'

त्यसअघि नेपाल एभिसी सेन्ट्रल जोन महिला भलिबलमा दुईपटक च्याम्पियन बनेको थियो । एसियाडमा नेपालको पुरुष भलिबल टोली गत साता नै समूह चरणबाट बाहिरिएर घर फर्किसकेको छ ।

नेपालको स्तर पुगेन

एन्डी ब्रान्ट, प्रशिक्षक, नेपाल

नेपाल एसियन लेभलमा कहाँ छौँ भन्ने भियतनामसँगको खेलले प्रमाणित गरेको छ । हामी जुन स्थानमा अभ्यास गरिरहेका छौँ, हामीले जस्तो माहोल पाएका छौँ, त्यसअनुसार एसियाडजस्तो प्रतियोगितामा भाग लिँदा स्तर नै पुगेन । यो स्तरको प्रतियोगितामा सुरु राम्रो नहुँदा विपक्षीले दबाब कायम गर्छन् । सुरुमै लगातार अंक गएपछि केही नर्भस भए । पछिल्ला दुई सेट भने सुधार भयो । पहिलो खेलमा हाम्रा खेलाडी धेरै नर्भस भए । दोस्रो खेलमा १६ स्कोर गर्न सक्नु राम्रो हो । खेलाडीले बिस्तारै लय समाउँदै छन् । हामी एसियामा धेरै तल छौँ । नेपालको तुलनामा प्राविधिक रूपमा अन्य टोली माथि छन् । तर पनि खेलबाट सन्तुष्ट छौँ । दक्षिण कोरियासँग सुधारिएको खेल खेल्नेछौँ ।

१० खेलाडीलाई अधिकतम मूल्य

काठमाडौं/ नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणका लागि दोस्रोपटक अक्सन हुँदा १० खेलाडी अधिकतम मूल्यमा बिक्री भएका छन् । आयोजक नेपाल स्पोर्ट्स् एन्ड इभेन्ट म्यानेजमेन्ट कम्पनीले दोस्रो संस्करणका लागि एक सय ७९ खेलाडीको सूची तयार पारेको थियो । जसमध्ये एक सय १७ खेलाडी बिक्री भए । 'ए' श्रेणीमा २८ खेलाडी छनोट भएका थिए ।

शनिबार भएको अक्सनमा २७ मध्ये १० खेलाडी अधिकतम तीन लाख ५० हजारमा लिलामी भएका हुन् । १० खेलाडीमध्ये मिडफिल्डर लाकेन लिम्बूलाई सहभागी ९ टोली नै दाबी गरे ।

रक्षक सनिस श्रेष्ठलाई धनगढी एफसीबाहेक सबैले दाबी गरेका थिए । लाकेन झापा एफसी र सनिस ललितपुर सिटी एफसीको पोल्टामा गोलाप्रथाद्वारा स्थान बनाएका थिए । सर्वाधिक मूल्यमा ललितपुरले तीन खेलाडी खरिद गर्दा बुटवल लुम्बिनी र पोखरा थन्डर्सले कुनै खेलाडी लिएनन् । अन्य ६ टोलीले एक-एक खेलाडी भागमा पारेका छन् ।

८ मंसिरबाट हुने तय भएको खेलको उद्घाटन खेलमा साबिक विजेता काठमाडौं रेजर्स र नयाँ टोली स्पोर्टिङ इलाम एफसीले प्रतिस्पर्धा गर्नेछन् । पहिलो संस्करणका विजेता काठमाडौंसँगै उपविजेता धनगढी एफसी, ललितपुर सिटी एफसी, एफसी चितवन, बुटवल लुम्बिनी एफसी र पोखरा थन्डर्ससहित ३ नयाँ टोली झापा एफसी, वीरगन्ज युनाइटेड एफसी र इलामले दोस्रो संस्करणमा प्रतिस्पर्धा गर्नेछन् ।

सर्वाधिक मूल्यमा बिक्री हुने खेलाडी ललितपुरबाट सनिससँगै सेसेहाङ आङदेम्बे र दिनेश हेन्जन छन् । वीरगन्जबाट सिमन्त थापा र सदीप गुरुङ तथा झापाबाट लाकेन, धनगढीबाट कृतिशरत्न छुन्जू, इलामबाट आशिष गुरुङ, चितवनबाट छिरिङ गुरुङ, काठमाडौंबाट दीपेश गुरुङ छन् ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com